एक दशक
दशौँ वार्षिक उत्सवका अवसरमा प्रकाशित स्मारिका
सन् २०१७

प्रधान सम्पादक
गणेश राई

सम्पादक
मिजास तेम्बे

सहसम्पादक
देवेन्द्र खेरेस
नरेश नाति

अतिथि सम्पादक
शशी लुमुम्बू

नेपाल सम्पर्कः
मोबाइल : ९८४१३६५०२२
poetshalu@gmail.com

प्रकाशकः
नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत
www.nepalipratívapratisthan.com
email:prativa@gmail.com

नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत

सन् २००८-२०१७ सम्मको कार्य समिति
पहिलो कार्य समिति सन् २००८

अध्यक्ष	- रक्ष राई	उपाध्यक्ष	- दिपा लिम्बू राई
महासचिव	- दयाकृष्ण राई	सचिव	- नरेश काङमाङ राई
सहसचिव	- मिजास तेम्बे	कोषाध्यक्ष	- भूमिराज राई

सहकोषाध्यक्ष - नरेश नाति

सदस्यहरू

चोक गुरुङ	मुलीवीर राई	निर्मला राई	सूर्यकला नेम्वाङ
अप्जसे कान्छा	अन्जु अन्जली	देवेन्द्र खेरेस	गणेश राई
टंक वनेम	विश्वकाजी राई	मुकेश राई	विजय हितान

आजीवन सदस्य

लाल सुन्दर राई

दोस्रो कार्यसमितिः सन् २०१३- २०१७

संरक्षक	- रक्ष राई	अध्यक्ष	- दयाकृष्ण राई
उपाध्यक्ष	- दिपा लिम्बु राई	उपाध्यक्ष	- टंक वनेम
उपाध्यक्ष	- गणेश राई	महासचिव	- मिजास तेम्बे
सचिव	- नरेश नाति	सहसचिव	- अप्जसे कान्छा
कोषाध्यक्ष	- देवेन्द्र खेरेस	सहकोषाध्यक्ष	- चोक गुरुङ

सदस्यहरू

नरेश काङमाङ राई	नीर्मला राई	मुलीवीर राई	भुमिराज राई
अन्जु अन्जली	विश्वकाजी राई	मुकेश राई	विजय हितान
सुर्यकला नेम्वाङ्ग			

संरक्षक

श्री रक्ष राई

मानार्थ सदस्य

प्राज्ञ श्री शशी लुमुम्बू

आजीवन सदस्य

लाल सुन्दर राई

सम्पादकीय

प्रवास विशेष बेलायतमा (यदाकदा ब्रुनाईमा पनि) रहेका सर्जकहरूलाई यौटै छहारीमुनि सङ्गठित गरी नेपाली भाषा साहित्य, गीतसङ्गीत र कलाको उन्नयनमा उकेरा लाउने उदेश्यले स्थापना गरिएको नेपाली प्रतिभा प्रतिष्ठानले एक दशक पार गर्न लागेको छ। यस दस वर्षमा सस्थाले गरेका प्रगति विवरण भित्रिय पृष्ठहरूमा अवगत हुने नै छ यद्यपि साहित्यिक कृतिहरूको प्रकाशनका लागि प्रतिभा प्रकासनद्वारा प्रकाशित कृतिको सूची दुई दर्जन बढी नै रहेको छ। साथै गीतसङ्गीतका एल्बम र सीडीको सङ्ख्या पनि एक दर्जनमाथि नै छ। व्यस्तता र प्रतिकूलताको बाबजुद पनि यतिको सङ्ख्यामा सिर्जनाहरू सार्वनजिक हुनु निकै राम्रो उपलब्धि हो। यसका अतिरिक्त सस्थाका सदस्यहरूबाटै तीनओटा सिद्धान्तका कृति पनि आए। शताब्दीयौँबाट बेलायती सैन्यसेवामा रहेर पनि सैन्यसम्बन्धी कृतिहरू उति लेखिएको थिएन, सस्थाको गठनपश्चात् युद्धअनुभवका कृति मात्र आएनन् युद्धसाहित्य सिद्धान्त समेत सैद्धान्तिकीकरण गरिने महत्त्वपूर्ण काम भयो। डायस्पोरिक साहित्य सिद्धान्त र नवचेतनाग्रहजस्ता बैचारिक चिन्तनका कृतिहरू पनि सस्थाकै सदस्यहरूबाट सैद्धान्तिकृत हुनु ठूलो उपलब्धि हो।

बेलायतमा प्रत्येक वर्ष आयोजना गरिने अभिव्यक्ति शृङ्खलाअन्तर्गत उभ्याइने स्रस्टालाई मन्च प्रदान गरी उनको प्रतिभालाई विस्फारित गर्न मद्दत पुऱ्याउनु सस्थाको उद्देश्यमध्येको हो। नेपालमा पनि हरेक साल नेपाली भाषासाहित्य, कला गीतसङ्गीतलाई योगदान दिएका र दिइरहेका सर्जकलाई पुरस्कृत गरिन्छ भने वरिष्ठ व्यक्तित्वलाई सम्मान गर्ने परम्परा रहेको छ। यसो गरिनुको अर्थ सस्था प्रवासमा मात्र सिमित नरही स्वदेशसित पनि सम्बन्ध कायम गर्न कटिबद्ध रहेको प्रमाण हो।

सस्थाको मुखपत्र अर्थात् स्मारिकाको निम्ति हामीले विभिन्न सर्जक स्रस्टाहरूलाई सिर्जनाको लागि आग्रह गरेका थियौँ। यद्यपि थोरैले मात्र हाम्रो अनुरोधलाई सार्थक पारिदिनुभयो। 'खोला तर्ने लौरो बिर्सने' उखान हाम्रा पुर्खाले बिनाअर्थ बिनाअनुभव रचेको हैन रहेछन्। जजसले सिर्जना उपलब्ध गराई स्मारिकाको गरिमा बढाई दिनुभयो, उहाँहरू प्रति हामी आभारी छौँ। अन्त्यमा, यस स्मारिकाको लागि जजसले प्रत्यक्ष परोक्ष सल्लाह, सुझाव र सहयोग गर्नुभयो उहाँहरू सबैमा हार्दिक धन्यवाद भन्दै अर्को दशकपछिको सस्थाको मुखपत्र पनि निस्कने यात्रामा हाम्रो कलम अविरल चलिरहोस्, शुभेच्छासिहत शुभकामना।

गणेश राई
प्रधान सम्पादक

एक दशक

नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत दशौँ वार्षिक उत्सव–२०१७

ooo

१) अध्यक्षको मन्तव्य
२) नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतको संक्षिप्त परिचय
३) अभिव्यक्ति शृङखलाको परम्परा र इतिहास
४) एक दशकको यात्रा : नेपाली प्रतिभा प्रतिष्ठानको संक्षिप्त प्रतिवेदन
५) बैरागी काइँला : वेल्स भ्रमणको दैनिकी : ब्रेकनदेखि स्वान सीसम्म
६) टङ्क वनेम : नेपाली साहित्यमा लाहुरेको तस्बिर र लाहुरे स्रष्टाहरू
६) रक्ष राई र मिजास तेम्बे : डायस्पोरा सिद्धान्त र सिर्जना
७) गणेश राई/काङमाङ नरेश/अप्जसे कान्छा : युद्धसाहित्य सिद्धान्त
५) दीपा लिम्बू राई : पल्टनघरका नारी स्रष्टाहरू
६) चोक गुरुङ : बेलायतमा नेपाली सङ्गीत
७) नाति : नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतद्वारा पुरस्कृत र सम्मानित प्रतिभाहरूको सङ्क्षिप्त परिचय
८) टीका चाम्लिङ : साँघुसम्म भएँ कि (लेख)
८) चन्द्र रानाहँछा : प्रतिष्ठानको सद्भावप्रति (लेख)
९)चन्द्रकला थेबे लिम्बू : मेरी प्यारी आमालाई (कविता) :
१०) देवेन्द्र खेरेस : बिगवेन (कविता)
११) अन्जु अञ्जली : तीन गजल (गजल)
१२) लालसुन्दर राई : चन्द्रमा उदाएकी छे (कविता)
१३) नरेश नाति (माङपाहाङ) त्यो प्रेम (कथा)
१४) निर्मला परिवेश राई : छोरा वा छोरी –कविता)
१५) डा. रूपक श्रेष्ठ : म्याडम टुसाडका पुत्लाहरू (कविता)
१६) शशी थापा सुब्बा : पानीजस्तै भन्यौ (गीत)

कविताहरू राख्ने

उपेन्द्र

मोमिला

बूँद राना

दिक्पाल

श्रवण

अध्यक्षको मन्तव्य
दयाकृष्ण राई

नेपाली प्रतिभा प्रतिष्ठानले एक दशक पार गरेको बारे अहिले लेख्न खोज्दा म आफै विश्वास गर्न सकिरहेको छैन । सर्जकहरू जहिले पनि समयलाई पछाडि फर्केर हेर्न चाहन्छन तर बेलायत प्रवेश गरेका हामी अधिकांश अवकाश प्राप्त सेनाका सर्जकहरूको समय अत्यधिक रूपमा घर्किसकेको थियो । जुनबेला समयले हामीलाई पिठ्युँ फर्काएर अगाडि दौडिरहेको थियो भने अन्यौलग्रस्त अवस्थामा गन्तव्यहीन यात्री भएर टुलुटुलु हेरिरहेका थियौँ । मानिसले जहाँ गए पनि आफ्नो परम्परा संस्कृति र पहिचानलाई सँगै लिएर हिँडेको हुन्छ । जस अनुरूप हामीले आफ्नोमा भएको विधालाई सङ्गठित रूपमा विस्तार गर्दै लैजानको लागि नयाँ ठाउँ नयाँ परिवेशमा ज्यादै कठिन कुरा थियो । बेलायती भूमिमा आएर नेपाली कला, साहित्य र सङ्गीतको श्रीवृद्धि गर्नका लागि जनशक्तिको अपरिहार्यता थियो । सामान्य जनशक्ति मात्र भएर पनि जसको परिपूर्ति हुन सक्दैनथ्यो । हामीलाई यिनै विधागत समुदायको आवश्यकता थियो । हामी सेनाबाट अवकाश प्राप्त सर्जकहरू बेलायतमा निरन्तर भौतारिरहेको अवस्थामा सेनामा सेवारत सर्जकहरूले स्थापना गरेको दुई संस्था प्रवासी नेपाली साहित्य समाज र नेपाली कला, साहित्य, सङ्गीत मञ्चले बेलायत र ब्रुनाईमा रहेर साहित्यिक गतिविधिहरू गरिरहेको थियो । दुई संस्थामा रहेका सबै पदाधिकारी र बेलायतमा रहेका सबै सर्जकहरूलाई एउटै छातामा गोलबन्द गर्ने अभिप्रायले नेपाली प्रतिभा प्रतिष्ठानको परिकल्पना गरिएको हो ।

परिकल्पना गरिए अनुरूप सन् २००८ मा माथि उल्लेख गरिएको संस्थाका सबै पदाधिकारी र संस्थामा आबद्ध नभएका अन्य व्यक्तिहरू लगायत प्रतिष्ठानको स्थापना गरी नयाँ कार्यसमितिको चयन गरिएको हो । रक्ष राईको अध्यक्षतामा प्रतिष्ठानको पहिलो कार्य समितिको चयन गरिएको थियो । जसमा मैले महासचिव जस्तो महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्नुपर्ने भएकोले मेरो लागि चुनौतीपूर्ण पनि थियो । त्यसताका बेलायतमा नेपाली कला, साहित्य र सङ्गीतको माहोल अहिले जस्तो थिएन । जुन विधालाई संस्थापन गरेर अगाडि बढनका लागि फलामे चिउरा चपाउनु जस्तै थियो । बेलायतमा बसोबास गरिरहेका नेपाली जनमानसमा एक किसिमको छटपटाहट थियो । माछा बगिरहेको सङ्लो पानीबाट धमिलो अहालको पानीमा हालिदिए जस्तै । उनीहरू पनि आफ्नो नेपाली अस्तित्वको खोजीमै सल्बलाएका हुन तर उनीहरूलाई आफ्नो अस्तित्व कायम गर्ने मूलमन्त्र भनेको आफ्नो भाषा, संस्कृति, कला, साहित्य र सङ्गीत हो भन्नेबारे त्यस्तो पर्याप्त जानकारी थिएन । त्यसताका बेलायत प्रवेश गरेका नेपालीहरू बेलायती समाजमा घुलमिल हुन ज्यादै कठिन थियो । आम जनमानसमा आफ्नो परम्परा भाषा संस्कृति

गौण हो बेलायत आएपछि बेलायती भाषा संस्कृति नै प्रधान हो भन्ने थियो । नेपाली प्रतिभा प्रतिष्ठानले नै हाम्रा भावी सन्ततिहरूलाई नेपाली भाषा पठनपाठनका लागि अन्तर्क्रिया कार्यक्रम गरेर जनचेतना जगाउने कार्य गरेको हो ।

सन् २००९ जुलाई ४ तारिक तत्कालीन कार्यवाहक राजदूत झविन्द्र अर्यालको प्रमुख आतिथ्यमा बेलायतमै पहिलोपल्ट नेपाली भाषा पठनपाठनका लागि कसरी पहल गर्न सकिन्छ भन्नेबारे लण्डनको अल्पर्टन हाउसको एक सभाकक्षमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेर कार्यपत्र पेस गरिएको थियो । सन् २०१२ सेप्टेम्वर १ तारिक सेन साइमन क्याथोलिक चर्च आसफोर्डमा दोस्रो कार्यपत्र प्रस्तुत गरिएको थियो । जुन अन्तर्क्रिया कार्यक्रम पश्चात् नेपाली समाजबाट धेरै सकारात्मक प्रतिक्रियाहरू प्राप्त भयो । जो बेलायत आएर अङ्ग्रेजी भाषामा दुःख पाए उनीहरूबाट फाटफुट मात्रमा बेलायतमा नेपाली भाषा पढेर के गर्ने सबैले अङ्ग्रेजी भाषा बोल्नुपर्छ भन्ने प्रतिक्रियाहरू पनि नआएका होइनन् । उनीहरूको त्यो प्रतिकियामा स्वाभाविक रूपमा दुरदर्शिता थिएन । बेलायत आएपछि जुनसुकै व्यक्ति होस् अनिवार्य रूपमा अङ्ग्रेजी भाषा बोल्नुपर्ने हुन्छ र नजान्ने व्यक्तिले सिक्नुपर्छ तर आफ्नो भाषालाई बिर्सिएर अथवा गौण बनाएर होइन । जे होस् त्यो बेला एकदमै जटिल परिस्थितिमा गुज्रिएको नेपाली समाज अहिले नेपाली कला, संस्कृति, भाषा, साहित्य र सङ्गीतको जगेर्नामा सबै सङ्घ-संस्थाहरू लागिपरेका छन । प्रत्येक हप्ता जस्तै कार्यक्रमहरू सम्पन्न हुने गर्छ । त्यो बेला नकारात्मक सोच राख्ने व्यक्तिहरू पनि अहिले क्रियाशील देखिन्छन र यसलाई विभिन्न साकारात्मक, नकारात्मक प्रतिक्रिया तथा बाधा व्यवधानका बाबजुद हामीले चालेको कदमको ठूलो उपलब्धि ठानेका छौँ ।

बेलायतमा रहेका नेपाली कला, साहित्य र सङ्गीतका पारखीहरूलाई अभिव्यक्ति शृङ्खलामार्फत् मञ्च प्रदान गरेर नेपाली कला, साहित्य र सङ्गीतको प्रवर्द्धनका लागि निरन्तर अग्रसर भई बेलायतमा रहेका दोस्रो पिँढीलाई पथप्रदर्शकको रूपमा नेप्रप्रले अग्रणी भूमिका निर्वाह गरेको हो भन्नमा कुनै हिचकिचाउनुपर्ने अवस्था रहेन । नेप्रप्रको स्थापना लगत्तै नेपाली कला, साहित्य र सङ्गीतमा आबद्ध ५० वर्षमाथिका मुर्धन्य स्रष्टाहरूलाई सम्मान र ५० वर्षमुनिका चर्चित युवा स्रष्टाहरूलाई पुरस्कार दिन आरम्भ गरेको हो । एक लाख रूपैयाँ पुरस्कार राशि र बीस हजार रूपैयाँ सम्मान राशि राखिएको छ र जुन अद्यावधि यथावतै छ । जब एक दशक कालखण्ड बित्यो सम्मानका बारेमा विविध सल्लाह र सुझावहरू आउन थालेका छन् । सम्मान भनेको कुनै पनि व्यक्तिले आफ्नो विधामा वर्षौं-वर्षसम्म विशिष्ट योगदान दिए बापत गरिने हो । नेपालकै परिप्रेक्षमा भन्ने हो भने ताम्रपत्र र दोसल्ला मात्र ओढाएर सम्मान गर्ने प्रचलन छ । तर नेप्रप्रले सम्मानित व्यक्तिलाई ताम्रपत्र र दोसल्ला ओढाएर खाली हात सम्मान नगरी बीस हजार राशिले सम्मान गरेमा कार्यक्रममा आउने जाने यातायात खर्च लागायत सामान्य टेवा हुने विश्लेषण गरेर यो सम्मान थैलीको आरम्भ गरिएको हो । हाम्रो विश्लेषणमा सम्मानित व्यक्ति अधिकांशको पारिवारिक तथा आर्थिक रूपमा सवल हुने र उनीहरूलाई पुरस्कृत युवाहरू जति टेवा पुऱ्याउन उपयुक्त नभएको निष्कर्षमा यो कदम अघि बढाइएको हो । पुरस्कृत युवाहरू आफ्नो विधामा उत्पादनशील ऊर्जा भए पनि सम्मानित व्यक्ति जति सबै क्षेत्रमा सवल नहुने भएकोले नै पुरस्कार राशि चार गुणा बढी प्रदान गरिएको हो । जसले उसको विधामा अग्रसर हुन केही हदसम्म टेवा मिलोस् भन्नका खातिर नै नेप्रप्रले निर्णय लिएको जानकारी गराउन चाहन्छु ।

अहिले हामीमा आएका प्रतिक्रियाहरू यस प्रकार छन् । पुरस्कार राशिभन्दा सम्मान राशि बढी हुनुपर्छ र कतिले पुरस्कार र सम्मान राशि बराबरी

हुनुपर्छ । यो एकदम अनमेल देखियो भन्ने सुझावहरू आइरहेका छन् । पुरस्कार राशि जति नै ठूलो भए पनि बिनासम्मान राशि ताम्रपत्र र दोसल्लाले मात्र सम्मान गर्दा मिलेको देख्नु र सम्मान राशि थोरै र पुरस्कार राशि धेरै भएको अनमेल देख्नुमा नयाँ कुरालाई पुरानो चस्माले हेरिएको हो कि ? कि हामी नै गलत हौँ ? हामीले त नयाँ कुरा गर्न खोजेका हौँ । होइन भने जुनसुकै संस्थाले पुरस्कारको स्थापना गर्नका लागि अधिकतम् राशि यति र न्युनतम राशि यति भनेर पुरस्कार सम्बन्धी मापदण्ड तोक्ने कुनै सर्वोच्च निकायको स्थापना हुनुपर्‍यो । पुरस्कार एक रूपैयाँ राशिको पनि त प्रदान गरिएको इतिहास छ । पुरस्कार र सम्मानको आफ्नै विशिष्ट स्थान हुन्छ जसले राशिसँग कुनै सरोकार राख्दैन भन्ने नेप्रप्रको ठम्याइ हो । पुरस्कार स्थापना गर्ने संस्थाको औकातअनुसार पुरस्कार राशि तोक्ने हो र आफ्नो विधानअनुसार त्यसको प्रोटोकल निर्माण गर्ने होइन र ?

नेप्रप्रले प्रदान गरेको त्यही सम्मान राशि नेपाली सङ्गीतका हस्ती, नेपाली राष्ट्रिय गानका सङ्गीतकार स्वर्गीय अम्बर गुरुङले सहर्ष स्वीकार गर्नुभएको थियो भने अर्का नेपाली सङ्गीतका हस्ती भक्तराज आचर्यले पनि सहर्ष स्वीकार गर्नुभएको हो । डा. गाविन्दराज भट्टराई लगायत अन्य सम्मानित स्रष्टाहरूले सहर्ष स्वीकार गरिसक्नुभएको छ । अर्का सम्मानित व्यक्ति गजल विधाका अग्रज स्रष्टा बुँद रानाले सम्मान राशि सहर्ष ग्रहण गर्दै बोल्नुभएको अभिव्यक्ति झलझली सम्झिरहेको छु । तपाईंहरूले यो सम्मान राशि के गर्छ भन्ने सोच्नुभएको होला । सबभन्दा पहिला यस पैसाले डावर च्यावनप्रास किनेर खान्छु र बाँकी रकमले मेरा प्रकाशोन्मुख कृतिमा लगानी गर्छु । उहाँको शब्दलाई नै सापटी लिएर भन्नुपर्दा सम्मानित व्यक्तिलाई हामीले खाली हात सम्मान गर्नुभन्दा डावर च्यावनप्रास किन्न र यातायात खर्चसम्म टेवा पुग्ने सोचेर प्रारम्भ गरिएको हो । हामी यहाँहरूको सुझावलाई पनि शिरोपर गर्ने नै छौँ । तर नयाँ कुरालाई नयाँ वैचारिक चस्माले हेरिदिए त्यसलाई सही अर्थमा ग्रहण गर्न सकिएला कि ? नयाँ कुरालाई पुरानो वैचारिक चस्माले नियाल्दा पक्कै पनि अनमेल देखिन सक्छ । महासचिवको प्रतिवेदनमा नेप्रप्रले गरेका विस्तृत विवरणहरू आउनेछन् मेरो तर्फबाट यति नै । अन्त्यमा एक दशकसम्म निरन्तर सहकार्यमा जुट्नु हुने सहकर्मी मित्रहरू सबैमा हार्दिक आभारसहित मेरो नमन । अझै पनि हामी दशकौँ दशक अघि बढने दृढ सङ्कल्पका साथ कम्मर कसौँ, यही मेरो शुभकामना ।

अध्यक्ष, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत

अभिव्यक्ति शृङ्खलाको परम्परा र यसको इतिहास

सन् २००७ मा स्थापना भएको नेपाली कला, साहित्य, सङ्गीत मञ्च, बेलायतले प्रारम्भ गरेको स्रष्टाहरूको सम्मानमा समर्पित अभिव्यक्ति शृङखला कार्यक्रमले नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतको स्थापनापछि पनि निरन्तरता पाएको हो । हाल आएर यो कार्यक्रम प्रतिभा पुरस्कार र सम्मान जस्तै आकर्षणको केन्द्र बन्दै आएको छ । यसको मुख्य आकर्षण भन्नु नै वर्षमा एक दिन एउटा कार्यक्रम पूरै एकजना (कला, सहित्य र सङ्गीत) का सष्टा प्रति समर्पित गरी निजकै सिर्जनाहरूको प्रस्तुति गर्ने गरिन्छ । सम्बन्धित स्रष्टालाई संस्थाको आफ्नै प्रकारको विशेष विधि अनुरूप प्रस्तुत गरी ताम्रपत्रले सम्मान पनि गरिन्छ । हालसम्ममा संस्थाले बेलायत र नेपालका (कसासं समेतको गरी) दशजना स्रष्टाहरूलाई प्रस्तुत गरिसकेको छ । प्रतिष्ठानद्वारा सम्मानित गरिएका तिनै अभिव्यक्ति स्रष्टाहरूको सङ्क्षिप्त विवरण तल प्रस्तुत गरिन्छ ।

अभिव्यक्ति शृङखला भागः १

स्रष्टाः चोक गुरुङ (युवा गायक तथा सङ्गीतकार)
विधाः सङ्गीत
प्रस्तुतिः लोक, आधुनिक, पप गीत गायन
स्थानः वुलवीच हल, क्यामबर्ली, बेलायत
मितिः डिसेम्बर २८, सन् २००७

स्रष्टा परिचयः

(फोटो)

पूरा नामः चोकबहादुर गुरुङ
जन्मस्थानः इलाम, माईमझुवा - ६ सापडाँडा
जन्ममितिः २०३५
विधाः गीत, कविता, सङ्गीत र गायन

प्रकाशित कृतिहरूः

१. गीताञ्जली (गीति कवितासग्रह)
२. देशै रमाइलो (गीति एल्बम)
३. दुःखी जीवन (गीति एल्बम)
४. अनुरोध (गीति एल्बम)
५. अप्रिल फोर (गीति एल्बम)
६. प्रकट (एकल सङ्गीत)
७. इलामको कोसेली भाग एक
८. साँचो (एकल सङ्गीत)

अभिव्यक्ति शृङखला भागः २

स्रष्टाः दयाकृष्ण राई (कवि, निबन्धकार)
विधाः कविता
प्रस्तुतिः एकल कविता वाचन
स्थानः फर्लि हल, आसफर्ड, बेलायत
मितिः अगष्ट १७, सन् २००८

स्रष्टा परिचयः

(फोटो)

नामः दयाकृष्ण राई

उद्गमस्थलः ठूलो दुङ्मा- ५, भोजपुर

प्रकाशित कृतिः

कवितासङ्ग्रह

१, लाहुरेको कथा जापानको व्यथा

२, ईश्वरको मलामी

नियात्रा

३, सम्भनाको आलिङ्गनमा बाँधिएर

संस्मरणात्मक निबन्धसङ्ग्रह

४, पागल दार्शनिकका अभिव्यक्तिहरू

कथासङ्ग्रह

५, गन्तव्यहीन यात्रीको सपना

अभिव्यक्ति शृङखला भागः ३

स्रष्टाः टंक वनेम (कवि तथा कथाकार)

विधाः कविता

प्रस्तुतिः एकल कविता वाचन

स्थानः फोक्स्टन कम्युनिटी सेन्टर, केन्ट, बेलायत

मितिः मे ३०, सन् २००९

स्रष्टा परिचयः

(फोटो)

नामः टंक वनेम

जन्मः भदौ ५,२०२०

जन्मस्थानः मैवाखोला चुम्लोक (हाङ्बुङथाम),ढुङ्गेसाँघु, ८ ताप्लेजुङ

पेसाः सेवानिवृत्त ब्रिटिस गोर्खा सैनिक (सन् १९८२-१९९६)

प्रकाशित कृति-

१.साँघुरी र बूढासुब्बा (कवितासङ्ग्रह २०६३)

२.पेन्जिरि पेन्-मिक्हाः (भुल गर्ने जोडी आँखा-लिम्बू-सिरिजङ्गा लिपिमा-कवितासङ्ग्रह २०६३)

३.सङ्गीनको मूर्च्छना (कवितासङ्ग्रह २०६९)

४.सिन्धोलुङ् फागो वनेम वंशावली इतिहास र मुन्धुम् - इतिहास खोज, अनुसन्धान, सङ्कलन तथा लेखन

५.श्लेषमान्तकको साम्माङ् (कथासङ्ग्रह २०७१)

प्रकाशोन्मुख कृति-

सुदूर विस्मृतिका बिम्बहरू (संस्मरण)

लेखन विधा-कविता, कथा, संस्मरण, मुन्धुम्, इतिहास तथा खोज अनुसन्धान सम्बनैध लेखहरू।

अभिव्यक्ति शृङखला भागः ४

स्रष्टाः किशोर गुरुङ (सङ्गीतज्ञ)

विधाः सङ्गीत

प्रस्तुतिः सङ्गीत विषयक प्रवचन

स्थानः फोक्स्टन कम्युनिटी सेन्टर, केन्ट, बेलायत

मितिः अफ्रिल १६, सन् २०११

स्रष्टा परिचयः

(फोटो)

अभिव्यक्ति शृङ्खला भागः ५

स्रष्टाः अन्जु अञ्जली (कवि तथा गजलकार)
विधाः कविता र गजल
प्रस्तुतिः एकल कविता र गजल वाचन
स्थानः बि.जि.डब्लु. एस भवन, फान्ब्रो, बेलायत
मितिः जुन १६, सन् २०१२

स्रष्टा परिचयः

(फोटो)

नाम : अन्जु अञ्जली
जन्ममिति र जन्मस्थान : २०४१/०१/१४, भोजपुर, कुलुङ
आमाबाबुको नाम : टीकामाया राई, टेकबहादुर राई
हालको वसोवास : बेलायत
प्रकाशित कृतिहरू : फेरि किन बिछोड (उपन्यास २०५९), च्यातिएर वर्तमान (गजलसङ्ग्रह २०६१)
संस्थागत संलग्नता (साहित्यिक संस्थाहरू) नेपाली प्रतिभा प्रतिष्ठान (बेलायत), पूर्वाञ्चल गजल मञ्च (नेपाल), मोरङ गजल मञ्च (नेपाल)
पुरस्कार/सम्मानः पूर्वाञ्चल स्तरीय गजल प्रतियोगिता २०५९ (प्रथम), पूर्वाञ्चल स्तरीय कविता प्रतियोगिता २०५९ (दोस्रो), चन्द्रसूर्य सीप विकास संस्थाद्वारा सम्मान (२०६०), नेपाली प्रतिभा प्रतिष्ठानद्वारा सम्मान (२०६९)

अभिव्यक्ति शृङ्खला भागः ६

स्रष्टाः नोर्देन तेन्जिङ भुटिया (गायक तथा सङ्गीतकार)
विधाः सङ्गीत
प्रस्तुतिः एकल गायन तथा सङ्गीत प्रवचन
स्थानः ह्यारो बरो, लण्डन, बेलायत
मितिः सेप्टम्बर १५, सन् २०१३

स्रष्टा परिचयः
(फोटो)

अभिव्यक्ति शृङ्खला भागः ७

स्रष्टाः शशी थापा सुब्बा (नाट्यकर्मी तथा समाजसेवी)
विधाः नाटक
प्रस्तुतिः एकल प्रहसन
स्थानः भेटघाट गोर्खा हल, अल्डरसट, बेलायत
मितिः जुन २८, सन् २०१४

स्रष्टा परिचयः

(फोटो)

अभिव्यक्ति शृङ्खला भागः ८

स्रष्टाः रक्ष राई (कवि तथा कथाकार)
विधाः कविता
प्रस्तुतिः एकल कविता वाचन
स्थानः फेल्ताम कम्युनिटी हल, लण्डन, बेलायत
मितिः अक्टोबर ३, सन् २०१५

स्रष्टा परिचयः

(फोटो)

नामः रक्षकुमार राई

साहित्यिक नामः रक्ष राई

जन्ममितिः १४ असार, २०२०

जन्मस्थानः बुइपा - २, खोटाङ, नेपाल

विधाः कथा, कविता र दर्शनशास्त्र

प्रकाशित कृतिहरूः

१) देश दुखेको छ (कविता सङ्गृह २०५६)

२) सहिदकी आमाको लाश (कथासङग्रह २०५७)

३) बालुवामा अर्को नेपाल (कथासङ्गृह २०६१)

४) सालिक उभिएर गोर्खाली (कवितासङ्ग्रह सन् २००९)

५) नवचेतनाग्रह, २०६९ (सैद्धान्तिक चिन्तन दर्शन र सिर्जनाहरू - सह लेखन)

६) पोएट इन द किलिङ जोन, २०१४ (अङ्ग्रेजीमा अनुदित कवितासङ्ग्रह)

७) डायस्पोरा सिद्धान्त, रचना र समालोचना -२०७२ (सह लेखन)

अभिव्यक्ति शृङखला भागः ९

स्रष्टाः निर्मला परिवेश राई (कवि तथा गीतकार)

विधाः कविता

प्रस्तुतिः एकल कविता वाचन

स्थानः फोक्स्टन कम्युनिटी सेन्टर, केन्ट, बेलायत

मितिः नोभेम्बर २६, सन् २०१६

स्रष्टा परिचयः

(फोटो)

नामः निर्मला राई परिवेश

जन्मः सङदेल,खाजु ६, खोटाङ, दिक्तेल वि.सः २०३५

लेखन प्रारम्भः वि.स.२०४६

शिक्षा .प्रवीणता प्रमाणपत्र तह

प्रकाशित कृतिः

१. परिवेश (कविता गीतसङ्ग्रह २०६१)

२. रोशनी (गीति अडियो एल्बम २०६९)

३. परिवेशका पाइलाहरू (गीत, कविता र मुक्तकसङ्ग्रह २०७१)

४. रोनाशा (गीति अडियो एल्बम २०७२)

एक दशकको यात्रा : नेपाली प्रतिभा प्रतिष्ठानको संक्षिप्त साङ्गठनिक प्रतिवेदन

नरेश नाति

परिचय

विभिन्न सिलसिलामा नेपालबाट आएर अस्थायी वा स्थायी रूपमा बेलायतमा बसोबास गर्ने नेपाली नागरिकहरूको सङ्ख्या दिनानुदिन बढ्दो क्रममा छ । खासगरी बेलायत सरकारले भू.पू. ब्रिटिस गोर्खा सैनिकहरूलाई आवासीय भिसा प्रदान गरेपछि त झन् बेलायतमा नेपाली नागरिकको जनघनत्वमा वृद्धि हुन गएको छ । यसका साथै ब्रिटिस सेनामा बहालवाला ब्रिटिस गोर्खा सैनिक, तिनका जहान-परिवार र बालबच्चा पनि साथै रहने व्यवस्था गरिएपछि त स्वाभाविक रूपमा जनघनत्वमा वृद्धि हुने नै भयो ।

यसरी जनघनत्व बढ्दै जाँदा र बेलायतमा बसोबास गरिरहेका नेपाली नागरिकका सन्तानहरूले बिस्तारैबिस्तारै आफ्नो मातृदेशको भाषा, संस्कृति र परम्परालाई भुल्दै जान थाले, बदलामा बेलायतको भाषा, संस्कृति र परम्परालाई आत्मसात गर्दै जान थाले । यसो हुँदै जाँदा नेपाली भाषा, संस्कृति र परम्परामाथि खतरा उत्पन्न हुने अवस्था बढ्दै जान थाल्यो । यो वास्तवमै बेलायतमा रहेका सचेत नागरिकका लागि ठूलो चिन्ताको विषय हुन गयो । अब कसरी यस्तो खतराबाट नेपाली भाषा, संस्कृति र परम्परालाई जोगाइराख्ने ? के गऱ्यो भने हामीले यो परदेशमा आफ्नो मातृदेशको भाषा, साहित्य, कला, संस्कृति र परम्पराको जगेर्ना गर्न सक्छौँ ? यसै कुरालाई गम्भीरतापूर्वक मनन् गर्दै जाँदा जन्म भयो नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत (सन् २००८) को ।

र, नेपाली भाषा, साहित्य, कला एवं संस्कृतिको रक्षा, संवर्द्धन, जगेर्नाका साथै सवाङ्गीर्ण विकास गर्ने उद्देश्यले सन् २००८ मा बेलायतमा सम्पन्न साहित्यकार तथा कलाकारहरूको भेलाले सर्वसम्मत रूपमा श्री रक्ष राईको अध्यक्षतामा नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतको गठन गऱ्यो ।

बेलायतमा नेपालीहरूको जनघनत्व दिनानुदिन बृद्धि भइरेहेको परिप्रेक्ष्यमा प्रतिष्ठानको परिकल्पना गरी सन् २००८ सालमा प्रवासी नेपाली साहित्य समाज (प्रभात) र नेपाली कला, साहित्य तथा सङ्गीत मञ्चको सङ्युक्त बैठक बसी सर्वसम्मत रूपमा दुवै संस्थालाई गाभेर नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत नामक संस्था गठन गरियो ।

उद्देश्य

बेलायतमा वसोबास गरिरहेको नेपाली समुदायको दोस्रो पुस्ताले विस्तारै नेपाली भाषा, संस्कार तथा संस्कृति भुलिरहेको अवस्थामा बेलायतमा नेपाली भाषाको पठनपाठनका लागि पहल गर्ने,

बेलायत नेपाली डायास्पोरा सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने,

बेलायतमा नेपाली भाषा, साहित्य, संस्कार तथा संस्कृति सम्बन्धी पत्रपत्रिका, कृति प्रकाशन र अनलाइन सञ्चालन गर्ने,

श्रव्यदृश्य सामग्रीको उत्पादन गर्ने, सम्बन्धित विषयको वृत्तचित्र निर्माण गर्ने,

नेपाली जनघनत्व रहेका ठाउँहरूमा गोष्ठी, सेमिनार तथा जनचेतनामूलक अन्तर्क्रियात्मक कार्यक्रमहरूको आयोजना गर्ने,

भाषा रहेमात्र आफ्नो पहिचान रहने भएकोले प्रतिष्ठानले भाषा संरक्षणको अभियान दीर्घकालीन रूपमा सञ्चालन गर्ने,

आफू पनि बाँचौं र अरूलाई पनि बचाऊँ भन्ने भावना अनुसार नेपाली भाषा, साहित्य, सङ्गीत र कला क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउँदै आइरहेका स्रष्टाहरूलाई प्रतिभा सम्मान तथा प्रतिभा पुरस्कारद्वारा प्रत्येक सम्मानित गर्ने,

बेलायत तथा अन्य देशमा रहेका स्रष्टाका कृति प्रकाशन गर्ने तथा प्रकाशन सहकार्य गर्ने,

स्रष्टाहरूलाई प्रोत्साहित हेतु वार्षिक रूपमा एकजना स्रष्टालाई एकल प्रस्तुतिको लागि मञ्च प्रदान गर्ने,

पृष्ठभूमिः

नेपाली साहित्यको सम्बर्धन र संरक्षणका लागि पल्टन घरभित्र प्रवासी नेपाली साहित्य समाज (प्रभात) क्रियाशील थियो । पछिल्लो समयमा साहित्य मात्र नभएर कला र सङ्गीतलाई पनि समेटेर लानको लागि अर्को संस्था नेपाली कला, साहित्य, सङ्गीत मञ्च, बेलायतको पनि स्थापना भयो । समान उद्देश्यका दुई संस्थाहरूलाई एउटै छातामुनि ल्याउने ध्येयले सन् २००८ मा बेलायतको फोक्स्टोन स्थित सोन्क्लिफमा एक ऐतिहासिक बैठक बसी दुई संस्थालाई एउटै बनाउने कार्य भयो ।

प्रतिष्ठानको अवधारणमा अघि सारिएको संस्था नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतको विधिवत् प्रारम्भ भयो । प्रतिष्ठानले नेपाली कला, साहित्य र सङ्गीत तीनै विधाका साखाहरू समेतको अवधारणा अघि साऱ्यो । प्रतिष्ठानका अवधारणामा आइसकेपछि पल्टनेहरूको मात्र संस्था नभएर बेलायतमा रहेका सम्पूर्ण स्रष्टाहरूको साझा सङ्गठनको रूपमा विस्तार भयो ।

संस्था स्थापनाको दश वर्षको अवधिमा संस्थाले विभिन्न विषयहरूमा बैठक बसी महत्त्वपूर्ण र ऐतिहासिक निर्णयहरू गरेको छ । संस्थाका निर्णयहरूलाई सङ्क्षिप्तमा प्रकाश पार्ने जमर्को गरिएको छ ।

१. सन् २००८

यस वर्ष जम्मा संस्थाको एकपटक मात्र बैठक बस्यो । प्रतिष्ठानको स्थापना पश्चात् बसेको कार्यसमितिको पहिलो बैठक २९ नोभेम्बर सन् २००८ मा अध्यक्ष श्री रक्ष राईज्यूको सभापतित्वमा क्याम्बर्लीको स्यान्ड्हस्टमा सम्पन भयो । उक्त बैठकले छलफल गरी पारित गरेका केही महत्त्वपूर्ण निर्णयहरू यस प्रकार छन् ।

●प्रतिभा सम्मान र प्रतिभा पुरस्कारको लागि अक्षय कोष स्थापनाको कार्य प्रारम्भ ।

●विधान निर्माणको लागि विधान मस्यौदा समिति गठन ।

●पुरस्कार तथा सम्मान कला, साहित्य र सङ्गीतका तीनै विधाहरूलाई सन्तुलित रूपमा प्रदान गरिने निर्णय ।

●सम्बन्धित निकायहरूसँग समन्वय गरी बेलायतमा नेपाली भाषा पठनपाठनको लागि पहल गर्ने ।

●नेपालमा दयनीय अवस्थामा रहेका स्रस्टाहरूलाई आपत विपतमा सहयोग गर्ने ।

●प्रतिभा पुरस्कार २००८ युवा पत्रकार तथा लेखक नवीन विभाषलाई प्रदान गरिने ।

●प्रतिभा सम्मान २००८ वरिष्ठ साहित्यकार ईश्वर मानन्धरलाई समर्पण गरिने ।

●अभिव्यक्ति शृङ्खला २००८ कवि तथा साहित्यकार दयाकृष्ण राईलाई प्रस्तुत गरिने ।

२. सन् २००९

०५ सेप्टेम्बर सन् २००९, २५ अक्टोबर २००९ र ११ डिसेम्बर २००९ गरी यस वर्ष जम्मा संस्थाले तीनपटक बैठक बस्यो ।। यी विभिन्न बैठकहरूले छलफल गरी पारित गरेका केही महत्त्वपूर्ण निर्णयहरू यस प्रकार छन् ।

●प्रतिभा प्रकाशनको कार्य प्रारम्भ ।

●हरेक महिनाको अन्तिम शुक्रबार स्रस्टा भेला गर्ने ।

●अङ्ग्रेजी नयाँ वर्षलाई लक्षित गरेर भव्य साङ्गीतिक कार्यक्रम गरिने ।

●प्रतिभा पुरस्कार २००९ युवा गायक कुवेर राईलाई प्रदान गरिने ।

●प्रतिभा सम्मान २००९ वरिष्ठ सङ्गीतकार अम्बर गुरुङलाई समर्पण गरिने ।

●अभिव्यक्ति शृङ्खला २००९ कवि टंक वनेमलाई प्रस्तुत गरिने ।

३. सन् २०१०

१४ फेब्रवरी सन् २०१०, २४ जुन २०१० र ०५ सेप्टेम्बर २०१० गरी यस वर्ष जम्मा संस्थाले तीनपटक बैठक बस्यो । ब्रुनाईको टुकर लाइन्समा संस्थाका उपाध्यक्ष कवि तथा साहित्यकार दीपा लिम्बू राईको सभापतित्वमा माथि उल्लिखित सम्पूर्ण बैठकहरू सम्पन्न भए । यी विभिन्न बैठकहरूले छलफल गरी पारित गरेका केही महत्त्वपूर्ण निर्णयहरू यस प्रकार छन् ।

●संस्थाले आयोजना गर्ने औपचारिक कार्यक्रमहरूमा एकरूपता हुनुपर्ने ।

●वर्षमा कम्तिमा दुईपटक पुस्तक प्रदर्शनी गरिने ।

●प्रतिभा पुरस्कार २०१० युवा कवि उपेन्द्र सुब्बालाई प्रदान गरिने ।

●प्रतिभा सम्मान २०१० वरिष्ठ साहित्यकार जी.बी. लुगुनलाई समर्पण गरिने ।

४. सन् २०११

१६ अप्रिल २०११ र ०४ सेप्टेम्बर २०११ गरी जम्मा यस वर्ष संस्थाले दुईपटक बैठक बस्यो । संस्थाका अध्यक्ष साहित्यकार रक्ष राईको अध्यक्षतामा सम्पन्न बैठकहरूमा निम्न निर्णयहरू भए ।

●विधान मस्यौदा समितिको पुनर्गठन ।

●नेपालमा प्रतिभा प्रकाशनको शाखा स्थापना गरिने ।

●संस्थाको वेभसाईट सञ्चालन प्रारम्भ गर्ने ।

●प्रतिभा पुरस्कार २०११ कवि तथा गीतकार श्रवण मुकारुङलाई प्रदान गरिने ।

●प्रतिभा सम्मान २०११ वरिष्ठ गायक भक्तराज आचार्यलाई समर्पण गरिने ।

●अभिव्यक्ति शृङ्खला २०११ स्रस्टा सङ्गीतज्ञ किशोर गुरुङलाई प्रस्तुत गरिने ।

५. सन् २०१२

१४ जनवरी २०१२, १६ जुन २०१२ र ०६ अक्टोबर २०१२ गरी यस वर्ष संस्थाले जम्मा तीनपटक बैठक बस्यो । संस्थाका अध्यक्ष साहित्यकार रक्ष राईको अध्यक्षतामा सम्पन्न बैठकहरूमा निम्न निर्णयहरू भए ।

●प्रतिभा प्रकाशन नियामवली लागु गर्ने ।

●नेपाली डायस्पोरा अध्ययन केन्द्रको लागि नेपालमा एउटा कार्यालय राख्ने निर्णय ।

●प्रतिभा प्रतिष्ठानको प्रस्तावित विधान २००८ को आधारमा विधान समितिद्वारा निर्मित मस्यौदामाथि बृहत छलफल गरी प्रतिभा प्रतिष्ठानको संशोधित विधान २०१२ जारी ।

●संस्थाको संशोधित विधान २०१२ को धारा २५ अनुसार आचार संहिता निर्माण गरी लागु गरिने ।

●प्रतिभा पुरस्कार २०१२ कवि तथा निबन्धकार मोमिला जोशीलाई प्रदान गरिने ।

●प्रतिभा सम्मान २०१२ वरिष्ठ समालोचक तथा साहित्यकार प्रा.डा.गोविन्दराज भट्टराईलाई समर्पण गरिने ।

●अभिव्यक्ति शृङ्खला २०१२ गजलकार अन्जु अञ्जलीलाई प्रस्तुत गरिने ।

६. सन् २०१३

१५ जुन २०१३ र १६ नोभेम्बर २०१३ गरी

संस्थाले यस वर्ष दुईपटक बैठक बस्यो । यही वर्ष नयाँ कार्यसमितिको गठन गरी नयाँ कार्यसमितिको पहिलो बैठकसमेत सम्पन्न गरियो । बैठकद्वारा पारित बुँदाहरू निम्न छन् ।

●बेलायतमा नेपाली भाषा शिक्षण सम्बन्धी दुई ठाउँमा अन्तर्क्रिया सम्पन्न ।

●बेलायतमा वातावरण कविता गोष्ठी आयोजना गर्ने निर्णय ।

●प्रतिष्ठानका महासचिव दयाकृष्ण राईज्यूद्वारा प्रस्तुत साङ्गठनिक प्रतिवेदन पारित ।

●दयाकृष्ण राईको अध्यक्षतामा नयाँ कार्यसमितिको गठन ।

●प्रतिभा पुरस्कार २०१३ पत्रकार तथा साहित्यकार राजकुमार दिक्पाललाई प्रदान गरिने ।

●प्रतिभा सम्मान २०१३ वरिष्ठ गजलकार बुँद रानालाई समर्पण गरिने ।

●अभिव्यक्ति शृङ्खला २०१३ नेपाली पप गीतका प्रवर्तक गायक नोर्देन तेन्जिङ भुटियालाई प्रस्तुत गरिने ।

७. सन् २०१४

१९ अप्रिल २०१४ र ०६ सेप्टेम्बर २०१४ गरी जम्मा दुईवटा बैठक बस्यो । प्रतिष्ठानका अध्यक्ष दयाकृष्ण राईको सभापतित्वमा सम्पन्न बैठकहरूले निम्न निर्णयहरू गऱ्यो ।

●संस्था स्थापनाको दश वर्षको अवधिमा स्मारिका प्रकाशन गर्ने ।

●उपाध्यक्ष गणेश राईको अध्यक्षतामा प्रकाशन विभाग गठन ।

●प्रतिभा प्रतिष्ठान बेलायतको नेपाल शाखा स्थापना गर्ने निर्णय ।

●प्रतिभा प्रकाशनद्वारा प्रकाशन गरिने कृतिहरूमा एकरूपता कायम गरिने ।

●प्रतिभा पुरस्कार तथा सम्मान नियमावली २०१४ पारित ।

●प्रतिभा पुरस्कार २०१४ कवि तथा गीतकार भुपाल राईलाई प्रदान गरिने ।

●प्रतिभा सम्मान २०१४ वरिष्ठ कलाकार (चित्रकार) टेकवीर मुखियालाई समर्पण गरिने ।

●अभिव्यक्ति शृङ्खला २०१४ वरिष्ठ नाट्यकर्मी शशी थापा सुब्बालाई प्रस्तुत गरिने ।

८. सन् २०१५

१२ अप्रिल २०१५ र १९ डिसेम्बर २०१५ गरी संस्थाले जम्मा दुईपटक बैठक बस्यो । बैठकले विभिन्न विषयहरूमा छलफल गरी निम्न बुँदाहरू पारित गऱ्यो ।

●विशिष्ठ प्रतिभा सम्मानका लागि आयामेली कवि तथा पूर्व कुलपति सर्वश्री बैरागी काइँलालाई तथा विशेष प्रतिभा सम्मानका लागि वरिष्ठ कवि जसराज किराँती, कवि तथा प्राज्ञ शशी लुमुम्बू र आख्यानकार राजन मुकारुङलाई बेलायत आमन्त्रण गरिने निर्णय ।

●प्रतिभा पुरस्कार २०१५ युवा सङ्गीतकार बी.बी. अनुरागीलाई प्रदान गरिने ।

●प्रतिभा सम्मान २०१५ वरिष्ठ साहित्यकार प्रद्युम्न श्रेष्ठ (सिक्किम) लाई समर्पण गरिने ।

●अभिव्यक्ति शृङ्खला २०१५ कवि तथा कथाकार रक्ष राईलाई प्रस्तुत गरिने ।

९. सन् २०१६

७ अगष्ट २०१६ र २६ नोभेम्बर २०१६ गरी संस्थाले जम्मा दुईपटक बैठक बस्यो । बैठकमा पारित निर्णयहरू यस प्रकार छन् ।

●प्रतिष्ठित नेपाली साहित्यिक पुरस्कार (अस्वीकृत विचार साहित्य पुरस्कार) द्वारा पुरस्कृत स्रष्टा रक्ष राईज्यूलाई शुभकामना ।

●कवि तथा प्राज्ञ शशी लुमुम्बूज्यूलाई प्रतिष्ठानको मानार्थ सदस्यता प्रदान ।

●पुरस्कार तथा सम्मानको अक्षय कोष

निर्माणमा थप अर्थ सङ्कलन गरिने ।

●संस्था स्थापनाको दशौँ वार्षिक उत्सव भव्यताका साथ गर्ने निर्णय ।

●प्रतिभा पुरस्कार २०१६ गीतकार टीका चाम्लिङलाई प्रदान गरिने ।

●प्रतिभा सम्मान २०१६ वरिष्ठ कथाकार भगिरथी श्रेष्ठलाई समर्पण गरिने ।

●अभिव्यक्ति शृङ्खला २०१६ कवि तथा गीतकार निर्मला परिवेश राईलाई प्रस्तुत गरिने ।

१०. सन् २०१७

..... २०१७ र .... २०१७ गरी संस्थाले जम्मा .... बैठक बस्यो । बैठकमा पारित निर्णयहरू यस प्रकार छन् ।

●प्रतिभा पुरस्कार २०१७ ....लाई प्रदान गरिने ।

●प्रतिभा सम्मान २०१७...........लाई समर्पण गरिने ।

●अभिव्यक्ति शृङ्खला २०१७.......लाई प्रस्तुत गरिने ।

संस्था स्थापनाको दश वर्षलाई नियाल्दा संस्थाले महत्त्वपूर्ण निर्णयहरू पारित गरी कार्य सम्पन्न गरेको देखिन्छ । संस्थाले पुरस्कार तथा सम्मानलाई निरन्तरता दिँदै यसको राशिमा पनि वृद्धि गरेको छ । त्यसै गरी अभिव्यक्ति शृङ्खलाको पुरानो परम्परालाई संस्थाले निरन्तर कायम गरेको छ । संस्थाले नेपालबाट वरिष्ठ स्रष्टाहरूलाई बेलायत आमन्त्रण गरी सम्मानसमेत गर्न सफल भएको छ । यो दश वर्षको अवधिमा संस्थाले विभिन्न उतारचढावहरूको सामना गर्दै अप्ठ्यारा परिस्थितिहरूमा समेत गुज्रिएर इमानदारिताका साथ आफ्नो उद्देश्य प्राप्तिको लागि निरन्तर अघि बढिरहेको छ ।

(नाति प्रतिष्ठानका सचिव हुनुहुन्छ ।)

वेल्स भ्रमणको दैनिकी : ब्रेकनदेखि स्वान सीसम्म

बैरागी काइँला

७ अक्टोबर, २०१५

एक रात हामीलाई न्यानो आतिथ्य प्रदान गर्ने टङ्क वनेमजी र उहाँको परिवारले प्राचीन बर्मिङघम सहर राम्ररी घुम्नेफिर्ने अवसर मिलाई दिनुभयो । खानापछिको समय वनेमजीको निवासबाट अलिकति हिँडेर हामीले बस चढ्यौँ र कतिबेर पनि नलागेकोजस्तो गरेर बर्मिङघम सहर पुग्यौँ । वनेमजीले काम गर्ने कार्यस्थल त्यतै रहेछ, अलगबाट उ ... त्यही हो भनेर देखाउनु भयो । दिनभरजस्तै हामीले बेलायतको प्राचीन र गौरवशाली सहर बर्मिङघम अवलोकनमा बितायौँ । अवलोकनपछि अघिजस्तै बसबाट वनेमजीको निवास फर्कियौँ ।

हाम्रा पोकापन्तरा सबै ठिकठाक नै थिए । सोही दिनको अपराह्नका बेलातिर, होइन बेलुकीतिर भन्दा पनि हुन्छ, वेल्सको ब्रेकनबाट हामीलाई लिन आउने मिजास तेम्बेजी गाडी हाँकेर आइपुग्नुभयो । वनेमजीलाई न्यानो आतिथ्य दिनुभएकामा धन्यवाद दिएर हामी तीनजना मिजास तेम्बेसँग वेल्सको ब्रेकन प्रस्थान गऱ्यौँ । वरपरका दृश्यावलीको आनन्द लिँदै, मिजासजीको मिठा कुरा सुन्दै ब्रेकन पुगेको पत्तै भएन । हो, हामी ब्रेकन पुग्दा निकै अबेर भइसकेको थियो अथवा साँझ छिप्पिसकेको थियो । हामी बाबुछोरीलाई कवि, गीतकार तथा सङ्गीतकार नरेस ‘नाति’ माङ्पाहाङ, राईको निवासमा र दिक्पालजीलाई मिजास तेम्बेजीको निवासमा बासको प्रबन्ध गरिएको रहेछ । सोअनुसार नै बसियो । नरेस ‘नाति’ माङ्पाहाङ, राई दक्खिन पाँचथरका रहेछन् । उनी र मिजास ब्रिटिस सेनामा कार्यरत सैनिक र दायित्य भने सैनिक जवानहरूलाई तालिम दिने । तर दुवै साहित्यकार, लेखक, कवि तर ‘नाति’ राई भने सङ्गीतकार र गायक पनि । दुवै अध्ययनशील र चिन्तकजस्ता सर्जकहरूसँग कति टाडा पुगेर यसरी भेट भयो । काङमाङ नरेश राईको गाडीमा उनी र राजन मुकारुङ पनि ब्रेकन त्यही साँझ आइपुगेका रहेछन् । उहाँहरू दुईको बासको व्यवस्था अन्यत्र नै थियो । बेलुकी नाति निवासमा सबै भेला भयौँ । भेला हुनेमा नेपालबाट युके पुगेका हामी सबै अर्थात् राजन मुकारुङ, राजकुमार दिक्पाल, काङमाङ नरेश राई, मिजास तेम्बे, म र छोरी नामओती नेम्बाङ थियौँ । निकैबेर सिर्जना र साहित्यका विषयमा अल्प अल्प कुराकानी भए । नरेस नातिले र उनकी छोरीले केही सांगितिक प्रस्तुतिले वेल्सको पहिलो साँझ स्वर्णिम र अविस्मरणीय हुनपुग्यो ।

८ अक्टोबर, २०१५

बिहान छिटै खाएर ब्रेकनबाट स्कचह्विस्की कार्खाना भ्रमणमा मिजास तेम्बे तथा नरेस नाति माङपाहाङहरूले लगे । हामी सबै भनेको मिजास, नरेस नाति, काङमाङ नरेश, राजन मुकारुङ, राजकुमार दिक्पाल, म र छोरी नामओती । सानो

तर धेरै पुरानो र प्रसिद्ध कार्खाना रहेछ। टिकट काटेर हेर्नुपर्ने। डिटेलमा हेरियो। नेपालमा मतवाली जात भनेर चिनिने हाम्रो राई तथा लिम्बूजातिमा मर्चा बनाउने आफ्नै आदिम ज्ञान र प्रविधि अझ पनि हामीसँग जीवित छ। उताको उही ज्ञान भने विज्ञानले कहाँ कहाँ पुऱ्याइसकेको छ। निकै प्रकारका जडीबूटी मिलाएर तयार हुन्छ हाम्रामा पनि मर्चा। त्यहाँ पनि मर्चा बनाउँदा प्रयोग गरिने जडीबूटीहरूका नामसहित तस्बिर राखिएका थिए। टिकट काट्ने पर्यटक (अवलोकनकर्ता) लाई सोभेनियर भनेर ससाना सिसीमा भरेको ह्विस्की दिँदा रहेछन्। मिजास तेम्बेजीले हामी बाबुछोरीलाई भनेर दुईवटा सिसी दिनुभयो। राजकुमार दिक्पालले त्यहीँ चाखेछन्। कान तातो तातो भएर आयो, निकै कडा पो रहेछ भन्थे। हामी बाबुछोरीले नखाईकन काठमाडौँ ल्यायौँ।

त्यहाँबाट अघि गएकै बाटो धेरै वरसम्म आएपछि अर्कोतिर छुट्टिएर गएको सडक हुँदै वेल्सको राजधानी कार्डिफतिर लाग्यौँ। ब्रेकनबाट एक घण्टा जतिको बाटो मात्र रहेछ राजधानी कार्डिफ। ठूलो सहर कार्डिफमा नेशनल म्युजियम अवलोकन गरियो। खगोल विज्ञान र जीवविकासका अध्ययजन गर्नेका लागि त महत्त्वपूर्ण लाग्यो कार्डिफको नेशनल म्युजियम। सहर घुम्दै बिशाल र खुला अडिटोरियममा पुग्यौँ। यहाँ बेलाबेलामा कविहरूबाट खुला रूपमा कविता वाचनका कार्यक्रम भइरहँदा रहेछन्।

९ अक्टोबर, २०१५

डान गुफा भनेको प्रसिद्ध गुफा नेसनल शो केभ सेन्टर, वेल्स (National ShowCave Centre, Wales) को अवलोकनका लागि नरेस नाति माङपाहाङ राई र मिजास तेम्बेजीहरूले हामीहरूलाई लिएर गए। धेरै पुरानो गुफा रहेछ। सन् १९१२ मा मोर्गान ब्रदर्सले पत्ता लगाएपछि यसको प्रसिद्धि सर्वत्र बढेको रहेछ। गुफा फराकिलो र यसका छत धेरै अग्लो रहेछ। गुफा भित्रभित्र नागबेली परेको एउटा सानो खोल्सो बग्दो रहेछ। गुफाको मरम्मत र सम्भार तथा दर्शकका सुविधाका लागि नै गुफाभित्रका यात्रापथको र बिजुलीको प्रकाशको व्यवस्था मरम्मत निरन्तर भइरहँदो रहेछ। हामी गुफाभित्र घुम्दै पस्दा पनि एकजना व्याक्ति सिमेन्ट मुछेको मसालासहित मरम्मत कार्यमा व्यस्त थियो। गुफा युगका कन्दमूल र सिकार गरी जीवनयापन गर्ने मानिसको रहनसहनदेखि हिजोआजका मानिसले लगनगाँठो कस्ने लगनमण्डपसमेतको व्यवस्था गुफाभित्र बगिरहने सानो खोल्सीको एकापट्टिको किनारमा व्यवस्था गरेको पनि देखियो।

डायनोसोर युगदेखि गुफायुग हुँदै जीव तथा मानवजातिको क्रमिक विकास देखाउने गरेर मरम्मत र सम्भार निरन्तर भइराखेको दर्शनीयस्थल रहेछ। वेल्सको डान गुफामा पर्यटकहरूको ओइरो नै लाग्दो रहेछ। ससाना विद्यार्थीहरूलाई पनि विद्यालयले लैजाँदा रहेछन् अवलोकन र अध्ययनका लागि। पर्यटक र विद्यार्थीका लागि अत्यन्त महत्त्वको यो गुफा निकै ठूलो क्षेत्रफलमा विस्तृत रहेछ। बढो चिरस्मरणीय रह्यो गुफाको भ्रमण र अवलोकन। अवलोकनपछि चियानास्ता लिएर त्यहाँबाट फर्कियौँ। गुफाबाट झर्दा तल फेदीमा रहेको हातामा चारैतिर घेराबारा गरेको ठूलो टारमा विभिन्न जनावर देखिए। तिनमा एकखाले पहिले नदेखेको घोडा पनि देख्ने संयोग मिल्यो।

पेन–वाई–फान पहाडको आरोहणः

ब्रेकन बजार (सहर) सानो तर राम्रो सहर रहेछ। बिहान एकछिन सहर घुम्यौँ। खाना खाएर हिजोअस्ति स्कचह्विस्की कार्खाना र कार्डिफको भ्रमणमा जाँदा गएको बाटामा पर्ने त्यहाँ सबैभन्दा अग्लो डाँडा पेन-वाई-फान (Pen-Y-Fan) आरोहण गर्न जाने कुरा हिज नै चलेको थियो। पेन-वाई-फान पहाडको उचाई आठ सय छयासी मिटर रहेछ भन्ने मिजास तेम्बेजीबाट थाहा भयो। त्यो डाँडाको चुचुरोसम्म ब्रिटिस सेनाकाहरूले बेलाबेलामा

दौडँदै चढेर, दौडँदै करालो झरेर तालिम लिनुपर्ने र आफूहरूले पनि लिएको कुरा मिजास र नातिहरूले हामीलाई जानकारी दिनुभएको थियो ।

पहाडको फेदीमा पुगेपछि सबै गाडीबाट उत्रियौँ । त्यहीँ नौकाविहारका लागि बनाइएको निकै ठूलै तलाउको किनारमा उभिएर रमिता हेर्यौँ । त्यसपछिभने पहाडको आरोहणमा लाग्ने तयारी सुरु भयो । मलाई सक्नु हुन्न डाँडा चढ्नु भने यहीँ फेदीमै बस्नु, हामी एकदुई घण्टाभित्र आइपुग्छौँ भनेर मिजास र नरेस नातिजीहरूले भन्नुभएको थियो । तर भित्र मनले चढ्छु भनेर अठोट गरिसकेको थिएँ हिजै । हिजै अठोट गरेको आज साथीहरूसँग चुचुरोमा पुग्न सकिनँ भने त मेरो त चोल्लुङ नै ढल्छ (शिर ढल्छ) त हौ भनेर मित्रहरूलाई सुनाएँ । एकछिन हाँसो पनि भयो । हेरेँ उकालो बाटो उति ठाडो थिएन, करेङ करेङ परेको जस्तो गोरेटो देखिन्थ्यो । एकाध स्थानमा मात्र केही ठाडो देखिन्थ्यो । शारिरिक व्यायाम गर्नेहरू, दौडने अभ्यास गर्नेहरू उकालो छिटोछिटो जाँदै थिए । झर्नेहरू दौडँदै झर्दै थिए । अन्यत्र नाघीमा एकाध भेडाहरू कता कता झुन्डमा देखिन्थे । तर यहाँको पाखाभित्तामा हुलमा भेडा देखिएनन् । तर हुलबाट छुटेका एक्ला एक्ला भेडाहरू टाडा टाडा, अलगथलग चरिरहेका थिए । पहाड चढ्न सक्छु भन्ने त अन्तरमनमा लागेकै थियो । त्यसैले हामीहरू सानो खोल्सीमाथिको पुल तरेर लाग्यौँ उकालो । निकै माथि पुग्दा एक हुल तालिमे ब्रिटिस सिपाहीहरू डबल मार्चमा झर्दै थिए । झर्नेहरूलाई हेल्लो भनेर विस गर्दै उकालो लाग्यौँ । दिक्पाल र नामओती अगाडि थिए, पहिला पुगे । तिनका पछिपछि नरेस नाति अनि मलाई पर्खँदै हिँड्ने मिजास र म झन्डै ढेड घण्टा जति समय लगाएर टुप्पाको वल्लो डाँडाको चुचुरोमा पुग्न सफल भयौँ । टुप्पाबाट चारैतिरका टाडाटाडासम्मका दृश्य, समुद्र र क्षितिजमा झुकेको आकाशको सुन्दर दृश्य हेर्दै रमाइलो मात्र होइन, आनन्दले विभोर भयौँ सबै । मुटुका धड्कन नै छिटोछिटो चलेजस्तो लाग्यो ।

सिरेटो जोडले चल्दै थियो । एकैछिनमा पानी पनि सिमसिम पर्न थालिहाल्यो । मिजास र नरेस नातिहरूले हतार हतार लगेको टेन्ट टाँगिहाले । बस्ने दरी पनि कति छिटो बिछ्याईहाले । नामओती, म र दिक्पालजी त पालभित्र घस्राक घुस्रुक आँटिहाल्यौँ । दुइ भाइ त सैनिक । झरीपानी सहने त बानी नै परेको । अलिअलि झरीपानी र चानचुने हावाबतासले नछुने । सानो हल्का किसिमको ग्यासको सिलिन्डर पनि बोकेका रहेछन्, हिफाजतसँग बालिहाले । कफी पकाए । तातो कफीसँग लगेका नास्ताहरू मजाले खायौँ । पातलो गरेर परेको हल्का झरी एकछिनपछि थामियो, सिरेटो भने कडा नै थियो ।

यहाँबाट टाडा टाडासम्म सबैतिरका स्थलहरू चिनिने गरी देखिँदो रहेछ । उत्तरतिर एक किलोमिटरको फरकमा अर्को यस्तै डाँडा, यसैको जोडी रहेछ । त्यहाँसम्म पुग्ने कि ? मिजासजीले सोधे । अबेला भइसक्यो, नजाउँ सबैले भन्यौँ । त्यही डाँडाको टुप्पामा निकैबेर फोटो खिँच्दै दृश्यावलोकन गरिरह्यौँ । विशेषतः साँझको सूर्यास्तको दृश्य हेर्न वेल्सका मानिस यहाँ चढ्छन् रे । घाम पनि डुब्न लागेको थियो । सूर्यास्त हेरेर मात्र फिरौँ भन्दै थिए मित्रहरू । साँझ अँध्यारोमा झर्न कठिन होला भनेर मैले उहाँहरूलाई भनेपछि विस्तारै ओरालो लाग्यौँ । अँध्यारो हुन लागेका बेला पनि एक्लाएक्लै पनि डाँडाको चुचुरो आरोहण गर्नेहरू उकालो उक्लिरहेका थिए, हामी झरिरहेका बेला पनि । झमक्क भन्दा पनि निकै अँध्यारो भए पछि मात्र फेदीमा पुग्यौँ जहाँ हाम्रा गाडीहरू छोडिएका थिए ।

हाम्रो तेन्जिङ शेर्पाले
चढ्यो हिमाल चुचुरा

मित्ररूले पत्याएका थिएनन् ७७ वर्ष उमेर

काट्न लागेका काइँला दाइले पनि पेन-वाई-फान (Pen-Y-Fan) डाँडा चढ्न सक्छन् भनेर । "हाम्रो तेन्जिङ शेर्पाले चढ्यो हिमाल चुचुरा" कै भान दिने गरेर मैले पनि आरोहण गरेको भनेर डाँडा पेन-वाई-फान (Pen-Y-Fan) लाई 'काइँला हिल' भनेर नाम पो राखियो है भनेर पछिबाट मिजासले ठट्यौली गरेर लेखेका थिए मलाई ।

बेलुकी एकजोडी पति र पत्नी नरेस नातिको निवासमा आए । जातिगत रूपमा लिम्बू रहेछन् । हामीसँग फोटोहरू खिचाए । 'सैनिक जीवनबाट रिटायर्ड भएपछि यतातिर आएर दोकान गर्दै गरिखाँदैछौं' भने । गोर्खालीहरू (नेपालीहरू) कहाँ-कहाँ पुगेर बसेका रहेछन्, म त छक्क परेँ । किन आएका ? कता हिँडेका ? को छ यता यिनको ? मर्दापर्दा, बिरामी हुँदा कसले हेर्दा होलान् यिनलाई ? मनमा लागेर आयो ।

चित्त पटक्क बुझेन र सोधेँ, "हन, यति टाढा किन आउनुभएको ? को छन् आफन्त यहाँ ? परिआउँदा कसले हेर्छ नि ?" अनेक प्रश्नहरू मनमा हुँडुलिएर उठे । निकैबेर हामीले दुःखसुखका कुराहरू, यतातिरका अनुभव र बसाईका कुराहरू गऱ्यौं ।

मिजास र नरेश नातिहरू त जागिरको सिलसिलामा आज ब्रेकनमा छन्, कर्तव्य पालनका सिलसिलामा सरुवा भएर भोलि कहाँ पुग्ने हुन् ?

एउटा कुराले मेरो ध्यानलाई खिँच्यो । युके अर्थात् ग्रेट ब्रिटेनको निर्माण चारवटा देश इङल्यान्ड, स्कटल्यान्ड, वेल्स र नर्दन आयरल्यान्डले मिलेर भएको हो । अङ्ग्रेजी भाषा विश्वव्यापी भइसकेको छ । बिहान एकछिन ब्रेकन बजार डुल्दा र पछि कार्डिफ सहर र स्वान सी सहर घुम्दा पनि सबै दोकान, कार्यालय वा सार्वजनिक संस्थाहरूका नामपट पहिले वेल्स भाषामा अनि अङग्रेजी भाषामा थिए । पछि थाहा भयो वेल्समा दुईभाषिक नीति अनुसरण गरिँदोरहेछ । यसबाट वेल्सहरूको भाषाप्रेम र भाषाहरूलाई दिएको मान्यता छर्लङ्ग देखिन्छ ।

बेलुकीको खानपिन मिजास तेम्बेजीकामा थियो । उहाँहरूले नेपालबाट बेलायत निम्त्याएका हामी तीनैजना (म, राजन मुकारुङ र दिक्पाल) साहित्यकार र मेरी छोरी नामओती तथा काङमाङ नरेस राई उपस्थित थियौँ । खानाअघि निकैबेर सुखदुखका कुराकानी र विचारका आदानप्रदान भए । दिनभर घुमेकाडुलेका स्थान र अनुभवबारे चर्चा भए ।

मिजासजीको निवासमा उहाँको श्रीमती र नानीहरूका साथमा उहाँको जेठीसासुसँग भेटघाट भयो । मिजासजीको साढुदाजु हङकङमा काम गर्दा रहेछन् । मिजासजीको भनाइअनुसार हङकङमा काम गर्दाको कमाई तुलनात्मक रूपमा बेलायतभन्दा धेरै हुन्छ अरे । घरपरिवारकै कुरा गरेर समय निकै बिताएपछि रातको खाना खाएर हामी सबै

आआफ्ना बासतिर लाग्यौं ।

१० अक्टोबर, २०१५

राजकुमार दिक्पाललाई ब्रेकनमा मिजासजीकै निवासमा छोडेर ईङल्यान्ड फर्कने क्रममा हामी बाबुछोरी भने वेल्सकै स्वान सी जाने भयौं । हामीलाई लैजानका लागि आतिथ्य दिने कवि तथा साहित्यकार रक्ष राई गाडी हाँकेर आफै बिहानै आइपुग्नुभएको थियो । चियानास्तापछि मिजास तेम्बे र उनको परिवार तथा नरेस नाति माङपाहाङ, राई र उनको परिवारसहित दिक्पालसँग बिदा भएर लगभग नौ बजेतिर हामीले कवि रक्ष राईसँग उनको बसोबासको भएको स्वान सीका लागि प्रस्थान गऱ्यौं ।

बाटो पहिले स्कचह्विस्की कार्खाना अवलोकनमा जाँदा गएको बाटो नै परेछ । स्कचह्विस्की कार्खाना नाघेर करेङ करेङ परेको ओरालो बाटो जानु पर्ने थियो । ठाउँठाउँमा कुहिरोले छोपेका दृश्यावली मनमोहक लाग्थे । खाली डाँडा,

रूखपात कम भएका सपाट नाघीहरू, नाघीमा चरिरहेका गोठालाबेगरका भेडाका बथान, कति हुलबाट छोडिएर एक्लाएक्लै चरिरहेका भेडाहरू देखिने करालो परेका भौगोलिक अवस्थितिका नाघीहरू नाघेर मोटर कुद्यो । पहाडमाथिबाट मूल फुटेर छङ छङ बगेका सेतो पानीका ससाना खोल्साखोल्सीले मनै कस्तो कस्तो बनाइदिन्थ्यो । चारैतिरको प्राकृतिक सुन्दरता निहार्दै यात्रामा हामीभने बढिरहेका थियौँ ।

बेलाबेलामा एकाध शब्दहरू बोल्दै स्थानपरिचय दिँदै रक्ष राईजीले गाडी हाँकिरहनुभएको थियो । ओरालो ओरालो परेको सडक हुँदै समतलमा पुग्दानपुग्दा हामी पनि स्वान सीमा पुगिसकेछौँ । सहरबीचको आवास क्षेत्रमै रहेछ रक्षजीको निवास । पतिपत्नी दुई मात्र रहेछन् उहाँहरू । दुवैजना कामकाजी मानिस । रक्ष राईजीले बिदा मिलाएर ब्रेकनबाट हामीलाई लिएर आएका होलान् । भरे भरे भेटियो उहाँको श्रीमतीजीसँग पनि ।

सानो र राम्रो सहर डुलाउँदै अपराह्नका बेला नजिकैको समुन्द्रको किनारमा रक्ष राईजीले हामीलाई घुमाउन लैजानु भयो । यो समुद्रकै एक कुनो थियो । हावा खाने, घुम्ने ठाउँ रहेछ यताका मानिसहरूको यो ठाउँ । हावा खान, घुम्न निस्कने मानिसहरू विस्तारै भेला हुँदै थिए । निकैबेर दृश्यावलोकन गरेपछि रक्ष राईजीको निवास फर्कियौँ । बेलुकी पख त्यहाँ बस्ने भू.पू. सैनिकहरूको एउटा क्लब रहेछ, जहाँ उनीहरू नियमित भेटघाट गर्दा रहेछन्, रक्ष राईजीले लैजानु भयो । पुराना नम्बरीहरूमा केही भू.पू. गोर्खा(नेपाली) र केही भू.पू. गोराहरूसँग उहाँको भेट र गफगाफ भयो भने हामीसँग पनि परिचय गराई दिनु भयो । रमाइलो भयो । बेलुका रक्षजीको निवासमा चारपाँच जना नेपालीहरू आमन्त्रित थिए हामीसँग भेटघाटका लागि । यसरी त्यहाँ भेला हुनेमा इलाम चारखोलातिरका एकजना नेपाली सज्जन पनि थिए । सारै धेर रहेनछन् स्वान सीमा नेपाली । २०।३० घर जति छौँ भन्नु हुन्थ्यो रक्ष राईजी । आफन्तका त के कुरा, चिनजानका मानिस पनि नपाइने ठाउँमा, किन यति टाडा आएर बस्नुभएको ? वेल्समा उठेको मेरो मनको प्रश्न यहाँ पनि उठ्यो । ब्रेकनमा कामव्यवसायका सिलसिलामा बस्ने लिम्बू दम्पतिलाई सोधेको थिएँ अघिल्लो रात नरेस नाति माङपाहाङको निवासमा । विभिन्न विषयमा राती अबेरसम्म कुराकानी गरिबस्यौँ । तुलनात्मक रूपमा इङल्यान्डभन्दा रहनसहनमा मात्र नभएर युनिभर्सिटीको पढाई खर्च सस्तो छ वेल्समा भन्ने उहाँहरूबाट थाहा भयो ।

रक्ष राईजीको बैठक कोठामा राखिएका थोरै तर राम्रा पुस्तकहरू हेरेँ । उहाँका प्रकाशित कृतिमध्ये केही त्यहाँ थिए । तर चित्त नबुभ्ने कुरा के भयो भने नरेस नाति र मिजासजीसँग जस्तै रक्ष राईजीसँग पनि साहित्यसम्बन्धी कुरा त्यति हुनै पाएन ।

भोलि त बिहान सखारै उठेर तयार हुनुपर्ने तर अबेर मात्र बिछ्याउनामा जाने अवसर मिल्यो । भोलि एल्डरसटतिर कतै पान्थरे समाजको कार्यक्रममा भाग लिनका लागि १ बजेतिर नै पुग्नैपर्ने । हामीलाई लिनका लागि विन्चेष्टर(ईङल्यान्ड) बसोबास गर्दै गरेका भतिजा एकराज नेम्बाङ बिहानको ८ बजे नै आइपुग्ने बन्दोबस्त थियो । भोलिदेखि आयोजक बन्धुहरूबाट काठमाडौँ फिर्ने अघिल्लो दिनसम्मका लागि बिदा भएर मन्जु नेम्बाङ, केरुङ (हन्स्लो) र सावित्री नेम्बाङ, मेन्याङबो (फान्बोरो) छोरीभतिजीहरूकामा बस्न जाने पूर्व सल्लाह र सहमति थियो ।

साथीहरूसँग गर्न नपाएको साहित्यिक विमर्श

यस पटकको बेलायत यात्रा नेपाली प्रतिभा प्रतिष्ठानको सौजन्यपूर्ण आमन्त्रणमा भएको थियो । नेपाली प्रतिभा प्रतिष्ठानसँग आबद्ध सबै नेपाली साहित्यका स्थापित लेखक हुन् । मैले यसपटक

बेलायत भ्रमणमा भेटेका आयोजक संस्थाका सबै मित्रहरू, जस्तै दयाकृष्ण राई, मिजास तेम्बे, रक्ष राई, काङमाङ नरेस राई, नरेश नाति माङमाहाङ,, टंक वनेम, जया राई, निर्मला राई परिवेसहरू सबै बहुविधाका स्रष्टाहरू हुन् । यिनका एकभन्दा बढी कृतिहरू प्रकाशित भइसकेका छन् । उहाँहरूसँग निकै दिन नजिक नजिक भएर हिँडियो, बसियो र डुलियो । देशबाहिर रहेर पनि नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर लागेर योगदान पुऱ्याउने यी स्रष्टहरूले साहित्यको सबै विधामा कलम चलाएर योगदान दिएका छन् । कथा, उपन्यास, नाटक, कविता, गजल, मुक्तक र गीत विधामा डायस्पोराका नेपाली लेखकहरूको ठूलो योगदान छ । त्यस्तै निबन्ध, संस्मरण र नियात्रा विधामा समेत डायस्पोराका नेपाली लेखकहरूको योगदान स्मरणीय र सराहनीय छ ।

नेपाली प्रतिभा प्रतिष्ठानको निम्तोमा भएको यसपटकको मेरो बेलायत यात्रा साहित्यिक यात्रा नै थियो । यो साहित्यिक यात्रामा तर साहित्यिक विचार र विमर्षले त्यति ठाउँ पाएन । बल्ल बल्ल बेलायत पुगेको अन्य मित्रहरूका साथ छोरी नामओती र मलाई बेलायतका विभिन्न दर्शनीय स्थानहरूको भ्रमण गराउनु नै पहिलो काम उहाँहरूले बनाउनुभएको थियोजस्तो लाग्यो । फेरि कहिले बोलाउन सकिन्छ र ? जस्तो उहाँहरूलाई मनमा लागेको थियो होला पनि । घुम्दै बिते दिन । ब्रेकनमा मिजास र नातिसँग साहित्यिक विमर्ष हुन सकेन, भनौं समय नै बचेन । त्यसरी नै मिडस्टोनमा खेरेसजीसँग पनि हुन सकेन । निकै टाडा बस्नु हुने दयाकृष्णजीसँग त सम्भव नै थिएन । बर्मिङधममा टङक वनेमजीसँग पल्लोकिरात लिम्बुवानको इतिहास र त्यहाँको श्रुतिपरम्परा भनेको मुन्धुमसम्बन्धी धेरथोर कुराकानी हुनसकेको थियो । यसपटकको मेरो बेलायत यात्रा एकप्रकारले साहित्यिक यात्रा भएर पनि बेलायतको देशदर्शनको यात्रा भयो ।

नेपाली साहित्यमा लाहुरेको तस्बिर र लाहुरे स्रष्टाहरू

टंक वनेम

सन् १८०९ को सुरुतिर पन्जाबकेशरी महाराजा रणजितसिंहले लाहोर (हालः पाकिस्तान) मा नेपालीहरूलाई सैनिक पेसाको काम दिन थालेपछि त्यस्तो काम गर्ने व्यक्तिलाई लाहुरे भन्न थालिएको हो भनिन्छ ।

सन् १८०६-१८१५ दशकताका गोर्खाली साम्राज्य पूर्वमा टिष्टादेखि पश्चिममा सतलज (झन्डै १,५०० किलोमिटर) सम्म लाम्बिएको थियो । यता हिन्दुस्तानी मैदानमा ब्रिटिस साम्राज्यको जगजगी बढ्दै गरेको अवस्था थियो । सन् १८१४ मा यी दुई शक्तिहरूबीच घमासान युद्ध हुन गयो । पश्चिम नेपालको नालापानी, जैथक तथा कुमाउको भीडन्तमा गोर्खाली बहादुरीबाट अङ्ग्रेजहरू प्रभावित भएका थिए । डिसेम्बर १८१६ को सुगौली सन्धिपछि विशाल नेपालको नक्सा मेची र महाकालीमा सीमित हुन पुग्यो ।

सुगौली सन्धि हुनअघि सन् १८१५ मा अङ्ग्रेज (इष्ट इन्डिया कम्पनी) ले मलाउ किल्ला कब्जा गरेपछि काजी अमरसिंह थापासित गरेको सम्झौतापछि जर्नेल डेभिड अक्टरलोनीको मातहतमा अङ्ग्रेजहरूले गढवाली, कुमाई र गोर्खालीहरूलाई भर्ना गरी तीनवटा पल्टन खडा गरिसकेका थिए । पछि तिनै पल्टनहरूलाई बढाएर सन् १८९४/९५-१९०३/०४) तिर अङ्ग्रेज सेनामा लाहुरे भएर जागिर खानेको सङ्ख्या १६,३०४ पुऱ्याइएको थियो तर लाहुरे शब्द नेपालभित्र मात्र प्रयोग गरिँदै आइएको छ । नेपाल बाहिर विदेशी सेनामा काम गर्ने नेपालीहरूलाई 'गोर्खा' भन्ने गरिन्छ । लाहुरे शब्दको न्वारन चाहे जसरी होस्, वर्तमान अवस्थामा वैदेशिक रोजगारीमा जाने सम्पूर्ण नेपालीहरू लाहुरे नै हुन् । अवैधानिक रोजगारीको रूपमा अफगानिस्तान, जापान, मलेशिया, कोरिया वा अरब मुलुक पुगेर काम गरी रकम पठाउने नेपाली हुन् वा वैधानिक रूपमा बेलायत, भारत, सिङ्गापुर र ब्रुनाईमा गई सैनिक पेसा अपनाएर लाखौं रकम पठाउने नेपालीहरू किन नहुन् आखिर सबै नेपालीहरू वैदेशिक रोजगारीकै लागि विदेश गएका हुन् । तर नेपाली साहित्यमा गाली पाउने, बुद्धू ठहरिने, अनेपाली भनिने, राष्ट्रबादको सन्दर्भमा लाहुरे (सैनिक पेसा अपनाएका) हुनु भनेको रगतको व्यापार सञ्चालन गर्ने साधन यिनै सैनिक पेसा अपनाउने ब्रिटिस, भारत, सिङ्गापुर र ब्रुनाईका सैनिक लाहुरेहरूमाथि थुपारिँदै आइएको छ ।

लाहुरे पेसाप्रति खेमराज पोखरेल 'लाहुरे उपनाम किन ?' भन्ने शीर्षक राखेर (गरिमा मङ्सिर (२०४७) लेख्छन् । लाहुरे जो भरखरै मात्र ट्याङ्कभित्र वीरताको पारिश्रमिक कोचेर डुँडो हात र चाउरिएको गाला लिएर स्वदेश फर्किन्छ, यो भरौटे स्वाभिमानी व्यापारबाट विशुद्ध नेपाली रगतको वीरतालाई स्खलित पारिदिन्छ ।

कवि तीर्थ श्रेष्ठ आफ्नो कविता 'लाहुरे फूल म तिम्रो नाम फेर्न चाहन्छु' भन्ने शीर्षकमा (गरिमा पौष २०४१) लेख्छन् ।

म घाउ थमथम्याएर
यो रगतको व्यापार बन्द गर्न चाहन्छु
म यो इतिहासको कालो पाना च्यातेर
फाल्न चाहन्छु
पर्ख लाहुरे फूल !
म तिम्रो नाम फेर्न चाहन्छु ।

कवि कृष्ण प्रधान 'पानीको दण्ड' शीर्षक

राखेर आफ्नो कविता यसरी अगाडि बढाउँछन् ।

पानीको घेरा समातेर
पानी लाहुरेहरू झैं
अर्धजलमा छन्
पानीको दण्ड हो कि ?
पानीको श्राप ।

लाहुरेहरूकै सन्दर्भ लिएर कवि हीरा आकाश आफ्नो कविता 'भूमिगत संस्कृति' शीर्षकमा लेख्छन् ।

लुतो लागेको कुकुर जस्तो
भूमिगत संस्कृति भित्र्याएर
डलरको कात्रो ओढेर मरेको
लाहुरेलाई थाहा नै हुँदैन ।

नेपाली साहित्यमा यसरी लाहुरे जीवनको यथार्थ नभोगेका लेखकहरूको लेखनमा प्रायः लाहुरे जीवनको जटिलता मुखरित भएको पाइँदैन । तर यथार्थबाट नजिक भएका साहित्यकारहरूबाट भने लाहुरेहरू अनेपाली भएका छैनन् । अर्कोतिर लाहुरे बिम्ब नेपाली राष्ट्रियताको खोक्रोपन दर्शाउन भने खुबै उपयोगी भएको छ ।

यसै प्रसङ्गमा कवि भूपि शेरचन लेख्छन् ।

हामी वीर छौं
तर बुद्धू छौं
हामी बुद्धू नभइकन वीर कहिल्यै हुन सकेनौं
प्रत्येक पिँढीको द्रोणाचार्यले हामीलाई उपेक्षा गर्छ
प्रत्येक पिँढीको द्रोणाचार्य हामी कहाँ आउँछ र
गुरुदक्षिणा माग्छ ।

हो हामी पाइतला बनाइएका थियौं र माला थाप्ने शिर अर्कै थियो/छ । तर वर्तमान सैनिक पेसामा आबद्ध लाहुरेहरू यसो भन्ने गर्दछन् ।

हे ! साहित्यधारी हो
बन्दुकको गोलीभन्दा
कलमको बोली शुरो हुन्छ
हामीलाई बुद्धू बनाएर के हुन्छ ?
सक्छौ भने-
हामीलाई बुद्धू बनाउने
तिनै जिम्मेवार शासकहरूको छातीमा
तिम्रो कलमको शुरो गोली ठोके हुन्छ ।

यी त भए नेपाली साहित्यमा लाहुरेहरूबारे लेखिएका केही कविता र लाहुरेहरूको अभिव्यक्ति । वास्तवमा भन्ने हो भने लाहुरेबारे लेखिएका साहित्य र यी कविताहरूले लाहुरेहरूको दुःख, सुख र बाध्यताहरूको गहिराइसम्म छुने प्रयास गरिएको देखिँदैन । उनीहरू किन लाहुरे भएर लाहुर गए ? किन आजसम्म रगतको व्यापार गर्न बाध्य छन् ? त्यो व्यापारको पृष्ठभूमि कसरी तयार गरिएको थियो । उनीहरूको इमानदारिता, जोश, जाँगर, साहस र संसारको कुना काप्चामा पुगेर उनीहरूले देखाएको रण कौशलबारे किन नेपाली साहित्य अमुक दर्शक भएर रमिता हेरिरहेको छ ? नेपाल भनेर चिनाउने लाहुरेहरूबारे किन इतिहास, कथा, कविता र जीवनी कहानीहरू लेखिँदैनन् ? अथवा चलचित्रका पर्दाहरूमा उत्रँदैनन् ?

उनीहरू आफू खुसीले 'लाहुरेको रेलिमाइ' गीत गाउँदै वनभोज खान लाहुर गएका थिएनन् । घरलौरी (भर्ती हुनैपर्ने हुकुम) भर्ती भएका जवानहरू युफ्रेटसको बाढीमा हेलिँदै, फ्रान्स र ग्यालिपोलीका ट्रेन्चहरूमा कोचिँदै, इण्डोनेशिया र मलायाको अटाप्पे जङ्गलमा ज्यानको बाजी लगाएर कालको मुखमा होमिएका थिए । नेपाली साहित्यमा त्यस्ता कथा व्यथाहरूमै मात्र लेखिएका छन् । लडाकुहरूको देश नेपालमा सगरमाथा छ । बुद्ध जन्मेको लुम्बिनी छ भनेर चिनाउन मात्र सहयोग गरेनन् । इतिहासदेखि वर्तमानसम्म वैदेशिक रोजगारीमा गएका लाहुरेहरूको कमाइले राष्ट्रको आर्थिक स्थिति पनि मजबुत हुँदै

आएको थियो/छ।

देशका राष्ट्रवादी राजनेता तथा राष्ट्रिय योजनाकारहरूले देशभित्र बाँच्न सक्ने वातावरण सिर्जना गर्न सकेको भए उनीहरू अर्काको बन्दुक बोकेर युद्ध लड्न जानु पर्दैनथ्यो। बन्दुकको मोहोरीमा जिउँदो छाती थापेर पैसा कमाउनु गोर्खालीहरूको बाध्यता बन्दैनथ्यो। यी बाध्यताहरूबारे नेपाली साहित्य र इतिहासमा धेरै कुरा लेखिनुपर्ने थियो। तर त्यसो हुन सकिरहेको छैन।

लाहुरेहरूसँग भएको बन्दुक रणभूमिमा मात्र पड्किन्छ। त्यो पनि मालिकको आदेश पर्खिनुपर्ने हुन्छ। तर हातमा कलम हुने साहित्यधारीहरूको कलम जहिले पनि पड्किन्छ। पड्किने मात्र होइन कलमको गोलीले घुमाई घुमाई मज्जाले भुट्न सकिन्छ। लाहुरेहरू प्रश्न गर्दछन्। लाहुरे हुन बाध्य बनाउने इतिहासदेखि वर्तमानसम्मका ती जिम्मेवार शासकहरूको छातीमा किन कलमको टुप्पोले गोली दाग्दैनौ महाशाय र बन्दुक भिर्ने लाहुरेहरूलाई मात्र कहीँ 'तोरी लाहुरे", कहीँ 'पानी लाहुरे", कहीँ 'दोरी लाहुरे", 'जोकरे लाहुरे", 'ब्रिटिस लाहुरे", 'भारतीय लाहुरे", 'सिङ्गापुरे लाहुरे", कहीँ बुद्धू र अनेपाली भनेर कलमको टुप्पो घुमाउँछौ हँ ?

वास्तवमा कलमको टुप्पोले लाहुरे पेसाको छाती नघोचेर छातीमा टाँसेको तक्माको बहादुरीमाथि साहित्यिक सिर्जनाहरू गरिनु पर्दथ्यो। विश्वको सम्मानित पदक पाउने भिक्टोरिया क्रस विजेता बहादुरहरूको गौरव गाथा गाउनु पर्दथ्यो। त्रिपक्षीय सन्धिले व्यवस्था गरेको समानतामा आधारित तलब, निवृत्ति भरण र अन्य सेवा सुविधा दिलाउन आवश्यक कदमहरूप्रति अङ्ग्रेज सरकारलाई दबाबमूलक साहित्य र इतिहासहरू लेखिनु पर्दथ्यो। नेपालले भर्तीलाई (लाहुरे व्यवसाय लाई) प्रशय दिएर नोक्सानकै कारोबार गरेको कुरा मात्र निष्कर्ष निस्कने भए त्यसको विकल्पमा अर्को बाटो रोज्ने सम्भावनाहरूप्रति आधिकारिक नीति निर्माणकर्ताहरूलाई संवेदनशूल हुन दबाब दिनुपर्दथ्यो। तर त्यसो नगरी इतिहास र साहित्यमा लाहुरेहरूलाई घृणाको पात्र बनाएर अघ्राख पलाउन मात्र मद्दत गरिएको हुनाले लाहुरे पेसाले पनि निरन्तरता पाइरहेको छ। खैर ! जेहोस्, लाहुरेहरूले यसरी चित्त बुझाउने गरेका छन्। हे महाशय हो ! बुट जुत्ता लगाउनेहरूलाई मात्र थाहा हुन्छ, बुट जुत्ताले कहाँ दुखाउँछ भनेर। लाहुरेहरूबारे साहित्य सिर्जना गर्नेहरू डेथ भ्याली नै नभोगेका र अङ्ग्रेज साहेबहरू मात्र छन्। उनीहरूले लेखेको हाम्रो इतिहास, हाम्रो साहित्य, हाम्रो प्रतिकुलको हुन्छ। त्यसैले लाहुरे स्रष्टाहरू भन्न थालेका छन्। अब हाम्रो इतिहास हामी आफैले लेख्नुपर्छ। हामीले भोगेको डेथ भ्याली र युद्धको अनुभूतिहरू इतिहास हुन्, साहित्यका कथा, कविता र उपन्यासका अति मीठा खुराकहरू हुन्।

दोस्रो युद्धको बेला बर्मा (म्यानमार) को माखरिङ बस्तीतिर लडाइँ लडेर फर्केका एकजना वीर गोर्खाली योद्धाको आत्मसंस्मरण सुनेर पारिजातले नेपाली साहित्यमा प्रसिद्ध उपन्यास 'शिरीषको फूल' जन्माएकी थिइन्। लाहुरेको मर्म, लाहुरेको व्यथा कति मिहिन शब्दमा सिँगारिएको छ। तर लाहुरेलाई कलङ्क बनाइएको छैन। लाहुरे हुनुपर्ने बाध्यता सबैको बाध्यता हो, देशकै बाध्यता हो। साहित्यमा लाहुरे पेसालाई घृणित बनाउनुभन्दा बाध्यताको साङ्लोबाट छुटकारा पाउन नसक्नु देशकै अवस्था जिम्मेवार ठान्नु उपयुक्त हुनेछ।

देश निर्माणको लागि अघि बढ्न अगुवाइ गर्ने जिम्मेवार व्यक्तिहरूले त्यो समस्याको जरामा पुगेर लाहुरे पेसा अपनाउन नपर्ने वैकल्पिक बेरोजगारका ढोकाहरू खोल्न सक्नुपर्छ। भोको पेटको समस्यासँग सङ्घर्ष गर्ने निर्दोष लाहुरेहरूलाई साहित्यको सुन्दर बगैँचामा कुरूप फूलको गन्ध बनाएर सुँघ्नुभन्दा लाहुरेहरूलाई हेर्ने बाध्यात्मक सौन्दर्य चेत फेर्नु बुद्धिमानी साहित्य लेखन हुनेछ।

नेपाली समाजमा लाहुरेहरूप्रति बनाइएका

लाहुरे तस्बिरहरू पनि नेपाली संस्कार संस्कृतिभन्दा भिन्न छन् । अथवा लाहुरेहरूप्रति गरिएका धारणाहरू शरम लाग्दा छन् । पश्चिमा छाडा स्वतन्त्रताको स्वाद चाखेका लाहुरेका छोराछोरीहरू नेपाली समाज र संस्कृति अनुरूप छैनन् । विदेशमा बसेका लाहुरेहरू शुद्ध नेपाली भाषा बोल्न जान्दैनन् । (साला पहाड में क्या है ? मिनबहादुर बिष्ट) ।

राजधानीका लाहुरेनीहरू पुरुष बेश्या पाल्छन्, लाहुरेहरूलाई धरानको कालो बङ्गुरको मासु र रायोको साग, चट्ट परेकी स्वास्नी साथै एउटा बङ्गला भए पुग्छ । बौद्धिकपन र राजनीतिमा ज्यादै निम्छरा, आर्थिक रूपमा केही केही सवल हुन्छन् । उनीहरूले सिर्जना गरेको साहित्य हतार गरेर लेखिएका जस्ता छन् भन्ने लाञ्छनाहरू लगाउने गरिएको छ । भनौं नेपाली साहित्यमा लाहुरेहरूलाई दुरुह पात्रको रूपमा चित्रित गर्दै लाहुरेको तस्बिर तयार गरिएको छ ।

वास्तवमा लाहुरेहरू बौद्धिक अभ्यास गर्न लाहुर गएका होइनन् न त कन्टक नेताहरूभैंm राजनीति गरेर सम्पत्ति थुपार्न विदेश गएका हुन् । उनीहरूले कमाएको सम्पत्ति भनेको उनीहरूको रगत, पसिना र ज्यानको बाजीले साटेको कमाइ हो ।

यसरी सबैतिरबाट लाहुरे परिवारलाई भूमिगत संस्कृति भित्र्याउने पात्रको रूपमा उभ्याइरहेको बेला नेपालबाट छात्रवृत्ति वा कुनै न कुनै निहुँ बनाएर अमेरिका, क्यानाडा, बेलायत, जर्मनी, अस्ट्रेलिया साथै अन्य विकसित देशमा गएर ग्रीन कार्ड लिनेको सङ्ख्या उनै लाहुरेप्रति नकारात्मक धारणा राख्नेहरूको पङ्क्ति अघिल्तिर छ । त्यति मात्र नभएर मुलुकले लगानी गरी विदेशमा पढ्न पठाएका डाक्टर, इन्जिनियरहरू जो राम्रो रोजगार पाएपछि उतै विदेशतिर घरबार जोडेर बस्ने गरेका छन् ।

सन् २००६ सालमा नेपाल छात्रवृत्ति शाखाले तयार गरेको तथ्याङ्कअनुसार सन् २००१ देखि २००५ सम्ममा नेपाल सरकारले उपलब्ध गरेको छात्रवृत्तिमा अध्ययन पूरा गरी सम्पर्कमा नआएका करिव दुई सय ८६ जनाको सूची तयार गरेको थियो । यसरी सरकारको ढुकुटीबाट अध्ययन पूरा गरेर अध्ययन गरेकै देशतिर पलायन भए पनि उनीहरूलाई सैनिक पेसामा लागेको लाहुरे भैंm कलङ्कमा मुछिएको पाइँदैन । अथवा उनीहरूको तस्बिर लाहुरेको तस्बिर जस्तो नबनाएर देशलाई माया मारेर नगएको नेपाली नागरिकको तस्बिर बनाइएको छ ।

लाहुरे घरले जन्माएका लाहुरे स्रष्टाहरू :

एउटा भनाइछ लक्ष्मी र सरस्वतीको बास एकै ठाउँमा हुन सक्दैन । त्यस्तै बन्दुक र साहित्य पनि चुम्बकको दुई विपरीत ध्रुव समान हुन्छन् । तर समयको परिवर्तनसँगै यी भनाइहरू असत्य साबित हुँदै आएको छ । लाहुरे घरमा बन्दुक, साहित्य, सङ्गीत र कला सँगसँगै हुर्किरहेको छ । अर्को शब्दमा लाहुरे परिवारले आफ्नो बन्दुके संस्कृतिसँगसँगै साहित्य, सङ्गीत र कलालाई एकै साथ हुर्काइरहेका छन् ।

लाहुरे घरभित्र एकै साथ नेपाली साहित्य, सङ्गीत र नेपाली माटोको मायाले ओतप्रोत हुँदै गायन कलाको सुरुवात् मास्टर मित्रसेन थापामगरले गरेका थिए । उनी पहिलो विश्वयुद्धको एक योद्धासमेत थिए । लोककवि अलिमियाँ पनि ब्रिट्रिस सेनामा भर्ती भएर लडाइँ (दोस्रो विश्वयुद्ध) लड्दै बर्मा पुगे पछि बिरक्तिएर घर फर्केका थिए । एक दिन पल्टनमा पुनः हाजिर हुन खबर आउँदा उनले यस्तो जवाफ लेखेर पठाएका थिए ।

जिन्दगीमा विदेशीले ढोका कुरौं भने
मरेपछि मलको थुप्रो नरकवासी हुने
चाहिँदैन दाइ तिम्रो छाता
भैगो मलाई चोयाको स्याखुले ।

प्रतिमन थापामगर, शेरसिंह रानामगर, मास्टर मित्रसेन थापामगर, लोककवि अलिमियाँ र अन्य अग्रज गोर्खा सैन्य स्रष्टाहरूको जग पछ्याएर उहाँहरू पछिका अन्य गोर्खा सैन्यहरूले नेपाली साहित्य, सङ्गीत र कलालाई अगाडि बढाइरहेका छन् ।

स्व.प्रतिमन थापामगरले सन् १९०८ मा 'श्री ३ महाराज सरकार जङ्गबहादुर राणाजीको जीवन चरित्र' प्रकाशित गरेर लाहुरे साहित्यको उकेरा हालेका थिए। स्व.सुबेदार मेजर शेरसिंह रानामगर (सन् १८६७ - १९४८) ले सन् १९१३ मा 'लण्डन राज तिलकयात्रा' निबन्ध कृति प्रकाशित गरेका थिए। सन् १९६० को दशकमा 'बादल' र 'आँखीभ्याल' जस्ता कृतिहरू लाहुरे स्रष्टाहरूबाटै प्रकाशित गरिएको थियो।

गोर्खा सैन्य स्रष्टाहरू र विभिन्न विधामा प्रकाशित कृतिहरू :

गोर्खा सैन्य स्रष्टाहरूले नेपाली वाङ्मयका प्रायः सबै विधामा आफ्ना कृतिहरू प्रकाशित गरेका छन्। जीवन चरित्र र निबन्ध कृतिबाट सुरु भएको गोर्खा सैन्य सिर्जना सवाई, कविता, खण्डकाव्य, नाटक, उपन्यास, कथा, लोककथा, गीत, (गजल, गीतिसङ्ग्रह, एल्बम), संस्मरण, निबन्ध, दैनिकी, इतिहास, संस्कृति, धर्म, शब्दकोश, समालोचना, अनुवाद, सम्पादन, मुक्तक, हाइकु, नियात्रा, विभिन्न छापा पत्रपत्रिका वेब पत्रिकाको सञ्चालन, कलाकारिता, अभिनय, चलचित्र निर्माण र निर्देशन, गायन तथा सङ्गीत साथै साहित्यमा नयाँ सिद्धान्त, चिन्तन र दर्शनसम्मको यात्रा अघि बढाइरहेका छन्।

गोर्खा सैन्य स्रष्टाका कृतिहरूमा तुलाचन-आले, सवाई 'मणिपुरको सवाई' (वि.सं. १९५०), डाकमान राई, सवाई 'दार्जिलिङको पहिरोको सवाई' (वि.सं.१९५६), मणिराज शाही, सवाई 'चरीको सवाई' (वि.सं. १९५७), आत्माराम थापा, सवाई 'भुइँचालोको सवाई' (वि.सं. १९६२), धनवीर भण्डारी, सवाई 'अब्बर पहाडको सवाई' (वि.सं.१९९१) 'भुइँचालोको सवाई' (वि.सं.१९९६), बिर्खे पुन, संस्कृति 'हाम्रो संस्कृतिको इतिहास", प्रतिमान थापामगर, जीवनी 'श्री ३ महाराज जंगबहादुर राणाजीको जीवन चरित्र' (वि.सं.१९६५), शेरसिंह राना, दैनिकी 'मेरो लण्डन राजनीतिक यात्रा' (वि.सं.१९७०), गजवीर राना, सवाई 'नागाहिल्सको सवाई' (वि.सं.१९७०), धनसिंह गुरुङ, संस्कृति 'हाम्रो संस्कृतिको इतिहास", बिरु मल्ल ठकुरी, संस्कृति 'हाम्रो संस्कृतिको इतिहास", प्रसादसिंह नेचाली राई, 'प्रीति लहरी' (वि.सं.१९७५), नवलसिंह घर्ती, सवाई 'जर्मन लडाइँको सवाई' (वि.सं.१९७५), भीमप्रसाद राई, सवाई 'किरात सुधारको सवाई' (वि.सं. २०१४), रणशूर लिम्बू, निबन्ध 'बर्माको सम्झना' (दोस्रो विश्वयुद्ध कालको पाण्डुलिपि, वि.सं. २०१८), रतनसिंह गुरुङ, आत्मसंस्मरण 'रतनसिंहको कथा' (सन् १९१६), बहादुरसिंह बराल, 'बरालको आँसु' (वि.सं.२०६९), मास्टर मित्रसेन थापामगर, खण्डकाव्य 'आदि पर्व' (सन् १९३५) 'भक्त प्रल्हाद' (सन् १९४०) 'वीर अभिमन्यु' (सन् १९४०) 'विराट पर्व' (सन् १९४०) 'भीष्म पर्व' (सन् १९४०) 'चन्द्रहास' (१९४४) 'सभा पर्व' (सन् १९४४) 'तीर्थ यात्रा' (सन् १९४४) 'सत्यनारायण ब्रतकथा' (सन् १९४४) कथा र निबन्धसङ्ग्रह 'धर्मको छोरा' (सन् १९४४), 'तीर्थयात्रा' 'तीन कुरा' (सन् १९४४), 'हितका कुरा' (सन् १९४०), 'गहिरो खोज' (सन् १९४४), 'भूगोल रिडी' (सन् १९४४), 'उन्नतिको साँचो' (सन् १९४०) 'प्रेममा भगवान्' नाटक (प्रकाशित पाण्डुलिपि) 'कृष्ण जन्म' (सन् १९९७) 'मित्रको डायरी' (सन् १९८३) अनेक मञ्चित नाटक साथै डिस्क रेकर्ड नाटकहरू र सूक्तिसङ्ग्रह 'बुद्धवाणी' (सन् १९९७) आदि।

महागुरु फाल्गुनन्द (नरधोज लिङ्देन), धर्म 'महागुरु फाल्गुनन्दका उपदेश तथा सत्यहाङमा पन्थका भजनमाला' (वि.सं.२०४६), बाजवीर थलङ, भाषा, लिपि र संस्कृति 'तुम याक्थुङ् नु निङ्वाफु साप्ला' (सन् १९२८) 'निसिगेक याक्थुङ् साप्ला' (सन् १९३१), बुद्धिराज फागो, सङ्गीत 'सङ्गीत विधा' (सन् १९३१), हर्षध्वज राई, कविता 'गन्थन' (वि.सं.२०४२), 'अन्तर वेदना' (वि.सं. २०४४) 'भावनाको सँगालो' (वि.सं. २०५६), नारदमुनि थुलुङ, संस्कृति 'किरात नालीबेली' (वि.सं. २०४२) संस्मरण,

'बिर्सिएका अनुहारहरू र बिर्सिन नसकेका घटनाहरू' (वि.सं.२०४५), देवानसिंह राई, उपन्यास 'निर्दोष हत्या' (वि.सं.२०३०), जी.बी.लुगुन, संस्कृति 'साकेला उँधौली र साकेला उँभौली' (वि.सं. २०६१), 'किरात अस्तित्व' (वि.सं.२०३६), कवितासङ्ग्रह 'म मेरै कवितामा रोएको छु' (वि.सं.२०३८), 'साहित्य सौरभ' (वि.सं. २०४२), संस्मरण 'आफ्नै कथा आफ्नै व्यथा' (वि.सं. २०५६), समालोचना 'साहित्य सागर' (वि.सं. २०५२) विचार 'हिन्दू धर्मको विश्लेषणात्मक टिप्पणी' (वि.सं. २०४६) र 'बुद्धको महानता' (वि.सं. २०५०) आत्मालोचना आदि ।

डा.हर्षबहादुर बुढामगर, उपन्यास 'अतृप्त जिन्दगीका असीमित चाहना' (वि.सं. २०५२) आत्मपरक उपन्यास 'सङ्ग्राम र शान्ति' (वि.सं. २०५८) 'बहुमुखी प्रतिभाका धनी मास्टर मित्रसेन थापामगर' (वि.सं. २०५५) 'मास्टर मित्रसेन थापामगरको चिनारी' 'डा.के.आइ.सिंहको जीवनी' 'किरात वंश र मगरहरू' 'मगर व्याकरणको प्रारूप' 'मगर-नेपाली-लिम्बू-अङ्ग्रेजी सङ्क्षिप्त शब्दकोश' 'जसका ठाडा जुँगा कहिल्यै झुक्न जान्दैनन्' 'मगर र मग्यार' 'मगर जाति र सामाजिक संस्कार' 'मगर भाषा र साहित्यको वर्तमान स्थिति' 'राष्ट्रका प्रथम सहिद लखन थापामगर' लगायत कविता, निबन्ध, खण्डकाव्य, जीवनी र संस्मरण विधामा २१ कृतिहरू प्रकाशित छन् ।

रि.क्या. थिन्दोलुङ खगेन्द्रसिंह आङबुहाङ, 'किरात मुन्धुम खाउन' (वि.सं. २०२२) 'किरात चुकमुक' (वि.सं. २०२६) 'बैंक कारोबार' (वि.सं. २०३४) 'लिम्बूको थर' (वि.सं. २०३५) 'गाउँजी थर' (वि.सं. २०३६) 'मुजोकःलुङ मिङ्' (वि.स. २०३७) 'आङबुहाङ वंशावली' (वि.सं. २०३८) 'कुजुः खःमासेवा' (वि.सं. २०४५) 'किरातको चिनारी' (वि.सं. २०४६) 'साम्यो सोसुम' (साम्बा) लिम्बू कवितासङ्ग्रह लेखक-सङ्कलक (वि.सं. २०४७) 'किरात धरातल' (वि.सं. २०४७) 'किरात लिपि' (वि.सं. २०४८) 'युन्छो तान्छो सेवा' (वि.सं. २०५०) 'किराँत इतिहास' (वि.सं. २०५०), आदि ।

धनहाङ सुब्बा, निबन्धसङ्ग्रह 'हसिमा' (वि.सं. २०१५) कथासङ्ग्रह **'सलामत जलान'** (वि.सं. २०६१) लोक कथासङ्ग्रह 'लिम्बुवानका लोककथा' (वि.सं. २०६५), प्रकाश छाङ्छा राई, कवितासङ्ग्रह 'युगबोधमा झुन्डिएका आभासहरू' (वि.सं.२०३२) '१९ वर्षे युद्ध' (वि.सं.२०३६) 'अभिव्यक्ति केही आवाज' (वि.सं. २०४६) 'पुल तरेपछि हराएको मान्छे' (वि.सं. २०४६) 'प्रकाश छाङ्छा राईका कविताहरू' (वि.सं. २०६८) खण्डकाव्य 'पराजित अनुहारहरू' (वि.सं. २०३५) कथासङ्ग्रह 'भग्नावशेष मायाका छालहरू' (वि.सं. २०४५) रामकृष्ण बान्तवा, उपन्यास 'आत्मा' (वि.सं. २०५३) 'राधा राम' (वि.सं. २०५४) 'आमा छोरी' (वि.सं. २०५५) 'सघन तुवाँलो' (वि.सं. २०६५) नाटकसङ्ग्रह 'अशिक्षाको प्रतिफल' (वि.सं. २०५२) 'मायाजाल' (वि.सं. २०५६) गीतिसङ्ग्रह 'घर तिम्रो सम्झनाको' (वि.सं. २०५७) गीति एल्बम 'धुवाँ' (वि.सं. २०५५) 'आभा' (२०६२) 'आवाज' (वि.सं. २०६२), भगवान् चाम्लिङ, गीति एल्बम 'नजर' (वि.सं. २०४९) 'रहर' (वि.सं. २०६०) 'सम्झे नजिक' (वि.सं. २०६५) 'सौगात' (वि.सं. २०६७) 'साकेला' (वि.सं. २०६९) कवितासङ्ग्रह 'म जस्तै मेरा कविताहरू' (वि.सं. २०६६) पत्रिका सम्पादन 'साप्सुको छाल,' हर्कबहादुर पुन, संस्कार र संस्कृति 'मगर जातिको लोक नृत्य सोरठी' 'मगर एक चिनारी,' डा.चन्द्रबहादुर गुरुङ, 'ब्रिटिस मेडल्स एण्ड गोर्खा, सर्ट स्टोरी (मदर)' भिसि रिसेप्सन सोभिनियर प्रकाशित 'भिसि विजेता गोर्खाहरू' प्रेम रिबुसाल राई, कवितासङ्ग्रह 'लाहुरेका दौतरी कविताहरू' (वि.सं. २०५४), रक्ष राई, कवितासङ्ग्रह 'देश दुखेको छ' (वि.सं.२०५६) 'सालिक उभिएर गोर्खाली' (वि.सं.२०६५) पोइट इन किलिङ जोन (अङ्ग्रेजी-युद्ध कविता-सन् २०१५) कथासङ्ग्रह 'सहिदकी आमाको लास' (वि.सं. २०५७) 'बालुवामा अर्को नेपाल' (वि.सं. २०६१) 'नवचेतनाग्रह' (

वि.सं.२०६८ संयुक्त चिन्तन) र 'डायस्पोरा सिद्धान्त रचना र समालोचना' (सन् २०१६ संयुक्त डायस्पोरिक चिन्तन), दयाकृष्ण राई, कवितासङ्ग्रह 'लाहुरेको कथा र जापानको व्यथा' (वि.सं. २०६१) 'ईश्वरको मलामी' (वि.सं. २०६३) कथासङ्ग्रह 'गन्तव्यहीन यात्रीको सपना' (वि.सं. २०७०) संस्मरण 'सम्झनाको आलिङ्गनमा बाँधिएर' (वि.सं. २०६६) 'पागल दार्शनिकका अभिव्यक्तिहरू' (वि.सं.२०६८), मुलीवीर राई, उपन्यास 'बिसाइत' (वि.सं. २०५२) 'छाल' (वि.सं. २०५४) 'हरियो पर्खाल' (२०५७) 'मृत सहर' (वि.सं. २०६१) गीतिएल्बम 'खबर' (२०६४), टंक वनेम, कवितासङ्ग्रह 'साँघुरी र बूढा सुब्बा' (वि.सं. २०६३) 'पेन्जिरी पेन्-मिक्हा-भूल गर्ने जोडी आँखा-सिरिजङ्गा लिपिमा लिम्बू भाषाको कवितासङ्ग्रह' (वि.सं. २०६३) 'सङ्गीनको मूर्च्छना' (वि.सं. २०६९), कथासङ्ग्रह 'श्लेष्मान्तकको साम्माङ' (वि.सं. २०७१), इतिहास 'सिन्धोलुङ् फागो वनेम वंशावली इतिहास र मुन्धुम्' (इतिहास खोज अनुसन्धान, सङ्कलन तथा लेखन-२०७०), गणेश राई, कवितासङ्ग्रह 'राइफलले फलाकेको जिन्दगी' (वि.सं. २०६३), उपन्यास 'राइफलको नालबाट जीवन नियाल्दा' (वि.सं. २०६२),"युद्ध एम्बुसमा राइफलको सङ्गीत' (वि.सं. २०६६), संस्मरण 'राइफलको मूर्च्छना' (वि.सं. २०६८), फोकल्यान्ड जर्नल (बेलायती गोर्खा सैनिकको युद्ध अनुभव) (सन् २०१७), यादव बान्तवा, कवितासङ्ग्रह 'यहाँ अनेक अनेक थोक छ' (वि.सं. २०५६), दधिबन्धु मगर, कवितासङ्ग्रह 'जङ्कोट डाँडाका सुसेलीहरू' (वि.सं. २०५९), कुमार इस्बो, कवितासङ्ग्रह 'फूलहरू' (वि.सं. २०६०), काङमाङ नरेश, कवितासङ्ग्रह 'आँसुको दोभान' (वि.सं. २०६१ संयुक्त कवितासङ्ग्रह) 'अनुहारमा लुकाइएका चोटहरू' (वि.सं. २०६५) युद्धउपन्यास 'युद्ध बोकेको सिताङ' (सन् २०११) सङ्कलन सम्पादन 'खुकुरीको धारमा दुई शताब्दी' (वि.सं. २०७१), युद्ध कवितासङ्ग्रह 'पप्पी फूल' (सन् २०१७), मिजास तेम्बे, गजलसङ्ग्रह 'प्यास नजरको' (वि.सं. २०६१) गीतिएल्बम 'उद्‌गार' (वि.सं. २०६३) कवितासङ्ग्रह 'अर्थ अवतरण' (वि.सं. २०६६), 'नवचेतनाग्रह' (संयुक्त चिन्तन-वि.सं. २०६८), 'डायस्पोरा सिद्धान्त रचना र समालोचना' (संयुक्त डायस्पोरिक चिन्तन-सन् २०१६), नवराज राई, कवितासङ्ग्रह 'बर्दीभित्रको मन' (वि.सं. २०६४), चोक गुरुङ, गीतिएल्बम 'गीताञ्जली' (वि.सं. २०६०) 'दशैँ रमाइलो' (वि.सं. २०६५) 'दुःखी जीवन' (वि.सं. २०५८) 'अनुरोध' (वि.सं. २०६१) 'अप्रिल फोर' (वि.सं. २०६२) 'प्रकट' (वि.सं. २०६६) 'साँचो' गीतिएल्बम (सन् २०१६), हर्कशेर राई, आत्मकहानी 'डाँडामाथिको आफ्नो जीवन कथाभित्र हर्कशेर राई' (वि.सं. २०६१) दलबहादुर पुन, 'गोर्खाली वीरहरूको अमर गाथा' (वि.स. २०६१) उपन्यास 'दोस्रो विश्वयुद्धको पीडा' (वि.सं. २०६६) आनन्द रानोहोछा, 'आँसुको दोभान' (वि.सं. २०६१ संयुक्त कवितासङ्ग्रह) मुक्तकसङ्ग्रह 'मनोवाद' (वि.सं. २०६८), लाल राना, कवितासङ्ग्रह 'साइप्रसको आँखीझ्यालबाट' (वि.सं. २०६२) 'अफगानिस्तानमा दशैँ' (वि.सं. २०६६), रमेश यतिन, उपन्यास 'सन्नि ब्लान्डफोर्ड र एउटा नअस्ताएको साँझ' (वि.सं.२० ?) केदार सङ्केत, कवितासङ्ग्रह 'आफै जलिरहेको देश' (वि.सं. २०६४) नियात्रासङ्ग्रह 'एथेन्सको झरी' (सन् २०१०) हाइकुसङ्ग्रह 'पैयुँका फूलहरू' (वि.सं. २०६८) खण्डकाव्य 'अफिम फुलेको देश' (वि.सं. २०७०), जगत नवोदित, कविता/गजलसङ्ग्रह 'जीवन अनुभूति (वि.सं. २०५५), मुक्तकसङ्ग्रह 'अक्षय आकृति' (वि.सं. २०६१), कवितासङ्ग्रह 'काँचो मुद्दा' (सन् २०१०) विश्वास दीप तिगेला, 'जनमुक्ति अभियान' (वि.सं. २०५६) 'परदेशीका कोसेली कविताहरू' 'गृहयुद्धका पीडा' (वि.सं. २०६१) 'देश बोक्नुको पीडा' (वि.सं. २०६४) 'सङ्क्षिप्त बोर्नियो परिचय' 'निष्पक्ष संविधान समृद्ध राष्ट्र' गीतिएल्बम 'गोप्य कुरा' भूमिराज राई, गीतिएल्बम 'सृष्टि' (सन् २००३) 'दशी' (सन् २००७) 'भेट भो माया' (सन् २०११) र 'मोशन' (सन् २०१२),

दुतबहादुर पुनमगर, कवितासङ्ग्रह 'सुनदन्ते' (वि.सं. २०६३), कथासङ्ग्रह अर्ली भाइ (सन् २०१७), 'युकेको जिन्दगी' (वि.सं. २०६८) गीतिएल्बम 'लण्डनको कोसेली' (वि.सं. २०६९) 'मेजर पेन्सन खाउली' (वि.सं. २०६९), वीरबहादुर थापा, गीतिएल्बम '६६ वसन्त' (वि.सं. २०६४), तेज राई, अनुवाद 'मास्टर अफ द गेम' (फिलिप्स सिड्नीको उपन्यास), किसन राई, गीतिएल्बम 'जून' (सन् २००८), ईश्वर चाम्लिङ गीतिसङ्ग्रह 'स्पन्दित प्रवास' (वि.सं. २०६६) गीतिएल्बम 'स्पन्दन' र वीरताका गीतहरू' (वि.सं.२०६९) 'पश्चात्ताप' (चलचित्र लेखन), नरेश नाति, गीतिसङ्ग्रह 'बाटो खोज्दाखोज्दै' (वि.सं. २०६६) मुक्तकसङ्ग्रह 'मन बेइमानी' (वि.सं. २०७०), विजय हितानमगर, कवितासङ्ग्रह 'बिछोड अघिको रात' (वि.सं.२०६७), कथासङ्ग्रह 'थकित पृथ्वी' (वि.सं. २०७०), कवितासङ्ग्रह 'बाग्मती ब्लुज' (सन् २०१७) निबन्धसङ्ग्रह 'इको उत्सर्जन' (सन् २०१७), रामकृष्ण सुनुवार आँकला, कवितासङ्ग्रह 'सन्तानहरू' (वि.सं. २०६७), मुकेश राई, कवितासङ्ग्रह 'अनुभूतिका रङ्गहरू' (वि.सं. २०६८) गीतिएल्बम 'मनोकाङ्क्षा' (सन् २०१३) गीतसङ्ग्रह रङ्ग जिन्दगीको (वि.सं. २०७२), विश्वकाजी राई, गीतसङ्ग्रह 'उजागर' (सन् २०१२) गीतिएल्बम 'उदाहरण' (२०७०), मानबहादुर राई, कवितासङ्ग्रह 'जीवनका खुड्किलाहरू' (वि.सं.२०६९), मणि वाङ्देल, कवितासङ्ग्रह 'मेरो भागमा परेको प्रीत' (वि.सं. २०७०), हेमकुमार राई, गीतिएल्बम 'उधारो' (सन् २००९) (चलचित्रमा गीत लेखन), सञ्जीव राई, गीतिएल्बम 'डाइमण्ड लाहुरे' (सन् २०७१), किरण टि.लिम्बू, गजलसङ्ग्रह 'भावनाका आँकुरा' (सन् २०१४) र 'भावनाका फूलहरू' गीतिएल्बम, कृष्ण चाम्लिङ, 'खरङ्वा खोला' गीतिएल्बम, पूर्ण फावेन लिम्बू, गीतीएल्बम 'फरक मान्छे' (सन् २०१६), डा.रामनारायण कन्दङ्वा, अङ्ग्रेज र गोर्खालीहरूको दुई सय वर्षको सम्बन्धबारे खोज अनुसन्धानमूलक पुस्तक 'NEPAL-BRITAIN RELATIONS, With Special Reference to GURKHAS' (सन् २००९), डा.चन्द्र लक्सम्बा (Biritish Gurkha pension policies and ex–Gurkha campaigns: A review-centre for Nepal studies uk), कैलाश खेबाङ, युद्धकथामा आधारित अङ्ग्रेजी भाषामा आत्मसंस्मरण 'गोर्खा' (सन् २०१५), नरेन्द्रराज काम्बाङ, कवितासङ्ग्रह 'चौबाटो' (सन् २०१६) र गद्य सङ्ग्रह 'मेरो समाज मेरो अनुभूति' (सन् २०१६), काजीमान यक्सो, लिम्बू भाषाको गीतिएल्बम 'निङवाइन तङसुम्लो' डिल्लीराम राई, गीतीएल्बम 'उपमा' (सन् २०१६) रहेका छन् ।

भारतीय गोर्खा सैन्य स्रष्टाहरू

पूर्व गोर्खा पार्वत्य परिषद्का अध्यक्ष स्व.सुवाष घिसिङ १८ वर्षको उमेरमा (सन् १९५४-१९६०) भारतीय गोर्खा सैनिक बनेका थिए । उनले विभिन्न विधामा करिव २० वटा पुस्तकहरू प्रकाशित गरेका छन् । जोगेन्द्रकुमार दीक्षित, बी.बी.ठकुरी, सचिन खवास, विकास कार्की र रि.क्याप्टेन जनकबहादुर रानाले विभिन्न विधामा थुप्रै पुस्तकहरू लेखेका छन् ।

रि.क्या. गोपीलाल लिम्बू, आठवटा (लिम्बू खोजमूलक ऐतिहासिक) पुस्तक र विक्रमवीर थापाले सातवटा पुस्तक प्रकाशित (बीसौँ शताब्दीकी मोनालिसाका निम्ति साहित्य एकाडेमी पुरस्कारद्वारा सम्मानित) गरेका छन् ।

भीम विरही राई, उपन्यास 'विदेशी सिपाही' र कवितासङ्ग्रह 'दबिएका आवाजहरू,' सुरेन्द्र लिम्बू परदेशी, उपन्यास 'अधुरो जीवन' कथासङ्ग्रह 'चुनौती", बुद्धि तेम्बे माइला, गजलसङ्ग्रह 'गीत भयो गजल,' सुनिल सोसु गजलसङ्ग्रह 'सोसुका गजलहरू,' जय तिलिङ, गीतिसङ्ग्रह 'प्रवासी स्पन्दन,' योगेश देवान, गीतिएल्बम ?, विशाल के.सी.

कवितासङ्ग्रह 'सम्झना' र 'आमा", पवन राई, 'अस्ताएको जून' (अनुभूति), आकाश कुलुङ र तारा चाम्लिङद्वारा संयुक्त कवितासङ्ग्रह (नाम प्राप्त गर्न सकिएन), मोहन राई 'प्रदेशी' गीतसङ्ग्रह 'मोहन परदेशीका गीतहरू' -वि. सं. २०५७), गोकुल चेम्जोङ आदि ।

सिङ्गापुर गोर्खा सैन्य स्रष्टाहरू

लीलानाथ लोहोरुङ राई (पिबिएस) उर्फ एलेन ठूले 'सम्झनामा किम्बर्ली क्रस' (यात्रा संस्मरणात्मक कृति (सन् २०१२) 'उनैको सम्झनामा' (गीतिएल्बम सन् २०१३) 'सम्झनामा कराते यात्रा' यात्रा संस्करण (सन् २०१४) र 'लोहोरुङ चिनारी' नामक सांस्कृतिक खोजमूलक कृति (सन् २०१६) बजारमा ल्याएका छन् ।

इन्द्रकुमार सुहाङ, पिरतीको नशा (गीतिएल्बम वि.सं.२०६१), विराज आङ्देम्बे लिम्बू, खुर्पा (फिल्म-सन् २०१५), रामप्रसाद राई (रङाहाङ) गुनासो (गीतिएल्बम वि.सं. २०५९), प्रभु श्रेष्ठ, विदेशी माया (गीतिएल्बम, सन् २०१०) Nepali feature film "PARCEL" (सन् २०१६), रमेश चन्द्र राई, My Arrambha ((गीतिएल्बम-सन् २००५) Fortune a Life (फिल्म-सन् २००९) "Promise" (फिल्म सन् २०१५), रामजी चामलिङ, 'गोर्खा भर्ती बन्द र राष्ट्रिय सरोकार' (सन् २०१३), अशोक मुकारुङ, 'खुसी हुँदा' (गीतिएल्बम वि.सं.२०५८) 'भाग्य' (गीतिएल्बम-वि.सं. २०६१, साइँली मोरीलाई (गीतिएल्बम) वि.सं. २०६४, 'झुल्केको घाम' (गीतिएल्बम वि.सं. २०७३), केशव राई, 'स्नेहा' (गजलसङ्ग्रह, वि.सं. २०६५), मित्रजित राई, 'भावनाका छालहरू' (गीतिसङ्ग्रह सन् २०१५), राज गुरुङ, Eternalove (गीतिएल्बम सन् २०१०), रोहित लिम्बू, सप्तरङ्गी (गीतिएल्बम सन् २०११), भाइ सोना राई, You & Me (गीतिएल्बम-सन् २०११), अविनाश राई, "You Deserve Success" Personal Development and Motivation book (सन् २०१४), हाङ्पाल आङ्बुहाङ, 'च्याब्रुङको आवाज' (हाइकु सङ्ग्रह-सन् २०१४) आदि लाहुरे स्रष्टाहरूले लाहुरे घरबाटै देश बोलेका छन् ।

अङ्ग्रेजी साहित्यमा गोर्खा सैन्यको योगदान

लाहुरे साहित्यकारहरूले नेपाली साहित्यमा मात्र नभएर अङ्ग्रेजी साहित्यमा समेत हात हालेका छन् । यसको उदाहरण टिम आइ गुरुङको अङ्ग्रेजी साहित्यमा नौवटा प्रकाशित कृतिहरूलाई लिन सकिन्छ । पाँच वर्षअघि पूर्णरूपले पुस्तक लेखनमा होमिएका टिम गुरुङले नवौं पुस्तक 'द ब्रोकेन पिपल फ्रम गड्स ल्याण्ड' हालै बजारमा ल्याएका छन् । यसअघि उनको 'द आटोन्मेन्ट : अ सेलेब्रेसन अफ वुम्मेन", ओल्ड म्यान डोन्ट क्राइ, फाइभ स्टेप्स, मिसनरी अर मर्सिनरी, अ ट्री कल्ड टेनाल्पा, आफ्ट(र) लाइफ, द कर्स्रड नेशन र अ नेशन फ(र) रिफ्युजी बजारमा ल्याइसकेका छन् । सन् २००९ देखि २०१६, करिव ८ वर्षको अन्तरालमा लेखिएका अङ्ग्रेजी साहित्य हुन् । विशेष गरेर प्रदुषित बन्दै गएको पृथ्वीको भयावह स्थिति र समाजको बारेमा लेखिएका छन् । दशौं पुस्तक 'द गोर्खा' को तयारीमा रहेका टिम आइ गुरुङसँग अन्य धेरै अङ्ग्रेजी भाषामा लिखित नेपाली साहित्यको आशा गर्न सकिन्छ । त्यस्तै कैलाश खेबाङद्वारा लिखित युद्धकथामा आधारित अङ्ग्रेजी भाषामा लेखिएको आत्मसंस्मरण 'गोर्खा' (सन् २०१५) ले पनि उत्तिकै चर्चा पाइरहेको छ ।

फ्रजाइल माउण्टाइन

लाहुरे परिवारबाट आएका मदनकुमार लिम्बूले अङ्ग्रेजी साहित्यमा 'फ्रजाइल माउण्टाइन' शीर्षकको पुस्तक लेखेका छन् । लिम्बू संस्कृतिमा आधारित पुस्तकमा लिम्बूहरूको सघन बसोबास रहेको पूर्वी नेपालमा बस्ने लिम्बूहरूको जनजीवन संस्कार संस्कृतिमा आधुनिक जीवन भोगाइले के कस्तो रूप लिइरहेको छ भन्नेबारे उल्लेख गरेका छन् । स्रष्टा

तेज राईले फिलिप्स सिड्नीको 'मास्टर अफ दि गेम' उपन्यासलाई नेपाली भाषामा अनुवाद गरेका छन् । यसरी गोर्खा अथवा लाहुरे सर्जकहरू नेपाली साहित्य मात्र नभई अङ्ग्रेजी साहित्यतिर पनि अघि बढिरहेको देखिन्छ । यस्तै क्याप्टेन विष्णुहादुर सिंह, ज्ञान शेरचन, डा.चन्द्रबहादुर गुरुङ, डा.रामनारायण कन्दङ्वा, डा.चन्द्रकुमार लक्सम्वा आदि अङ्ग्रेजी भाषामा कलम चलाउने लाहुरे स्रष्टाहरू हुन् ।

नेपाली भाषा, साहित्य, संस्कृति र गोर्खाली इतिहासबारे अभिरुचि राख्ने अन्य गोर्खा सैन्य स्रष्टाहरू

राजबहादुर पन्धाक लिम्बू, क्याप्टेन हर्कमान गुरुङ, क्याप्टेन हर्कहादुर राई, डिबी बम्जन, होम सेठ, धर्मराज राई, शिवचन्द्र निरौला, रमेश लिम्बू, पुष्प राई, लाल सुन्दर राई, एन.बि.गुरुङ, अप्सरा गुरुङ, सावित्री गुरुङ, प्रेमकुमार लेप्चा, प्रेम आले, प्रेम गुरुङ, आत्माद, विप्लव रूपचा, कृष्णकुमार हेम्ब्या, काजीमान यक्सो, बलराज सुब्बा, नन्द चोङबाङ, वीरबहादुर थापा, भीम मिलन, केदार आले, अन्जान प्रतिकार, भरूपल, कुब गौतम, भोजराज बराल, लक्ष्मी घिसिङ, स्व.खातिरमणि राई, हर्कजङ कुरुम्बाङ, गम्भीरध्वज तुम्बाम्फे, प्रकाश राई, रत्न घर्ती, डुगेन्द्र तामाङ, रमेश माङपाङ, हेम तामाङ, नागेशचन्द्र राई, इन्द्र सारु मगर, महेश वनेम, वीरेन्द्र काम्बाङ, किरण चाम्लिङ आदि ।

गोर्खा सैन्य गीतकारहरू

गोर्खा सैन्य गीतकारहरूमा मास्टर मित्रसेन थापामगर, भगवान् चाम्लिङ, मिजास तेम्बे, नरेश नाति, मुकेश राई, ईश्वर चाम्लिङ, विश्वकाजी राई, हेमकुमार राई, किरण टि.लिम्बू, जीवन मुकारुङ, कृष्ण चाम्लिङ, सुवर्ण नेम्बाङ, पूर्ण फावेन लिम्बू आदि ।

गोर्खा सैन्य नारी साहित्यकार

नेपाली साहित्य, सङ्गीत र कलामा गोर्खा सैन्यहरूले मात्र सिर्जना गरिरहेका छैनन्, उनका परिवारको पनि उत्तिकै संग्नलता रहँदै आएको छ । नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने महिला स्रष्टाहरूमा तुलसी लिम्बू, शशी थापा सुब्बा, आशा सुब्बा, सावित्री गुरुङ, सुमित्रा गुरुङ, रत्न चोङबाङ, 'सुजात' कमला लिम्बू, लीला सेलिङ माबो, नाना चाम्लिङ, दीपा लिम्बू राई, भावना परिष्कृत सुनुवार, निर्मला राई 'परिवेश", बिमला शालीन, दुर्गा घले, निलम आङ्बुहाङ राई, बबी बाङ्देल, अन्जु अञ्जली, लक्ष्मी यक्सो, सुमाया राई, बिमला सुच्चा राई, रन्जना राई आदि रहेका छन् ।

गोर्खा सैन्य गायक तथा सङ्गीतकारहरू

गोर्खा सैन्य गायक तथा सङ्गीतकारहरू मास्टर मित्रसेन थापामगर, नोर्देन तेन्जिङ भोटिया, फ्रेङ्की मुखिया, दावा ग्याल्मो, डे.जी. बराइली, साण्डुप छिरिङ भोटिया, भानु सुब्बा, मथुरा प्रधान, टासी शेर्पा, नवीन थेबे, सुवास प्रधान, होमबहादुर राना, नवीन बि.के., निरेन्द्र मोहन छेत्री, कुब लामा, दीपक थापा, देव गुरुङ, निर्मल भट्टचन, जीवन गुरुङ, धन गुरुङ, सुसन बाला राई, सुष्मा राई, असीम मुखिया, निर्मल सुनुवार, दीपक गुरुङ, मीरा आङ्बुहाङ, बत्सल तामाङ, भगवान् चाम्लिङ, गणेश पुन, मुलीवीर राई, भूमिराज राई, चोक गुरुङ, नरेश नाति, किसन राई, नयन लिम्बू, अशोक मुकारुङ, आकाश सुनुवार, किशोर मुखिया, इस्था गुरुङ, मनोज योञ्जन, सुबोध राई, छविन्द्र चोङ्बाङ, जङ्ग पुन, मोहन गुरुङ, छेन्यो राई, भीमसेन लामा, मोहन थापा, भागीमान लिम्बू, कविता लिम्बू, सुमन गुरुङ, निर्मला राई, पूर्ण लिम्बू, आशामान प्रधान, विक्रम गुरुङ, टेक गुरुङ, हेमन राई, मिलन लामा, चित्र शिरीष, कृष्णकुमार सिंह, रिना लिम्बू, पुरञ्जन राई, रक्षा गुरुङ, अन्जु राई, निरज थापा, पुनम लेप्चा, सुनिता गुरुङ, खड्ग राई, मिलन राई, दीपा गुरुङ, पपिराज राई, देव तेम्बे, टंक गुरुङ, भवानीविक्रम नेम्बाङ, नीरबहादुर राई, सुमी राई, सुवर्ण नेम्बाङ, सन्जीव राई, बि.सी.राई, आशराज बखिम, मान तबेबुङ आदि रहेका छन् ।

गोर्खा सैन्य कलाकारहरू

साहित्य र सङ्गीतको क्षेत्रमा गोर्खा सैन्य स्रष्टाको जुन रूपमा उपस्थिति रहँदै आएको छ त्यसको अनुपातमा कलाकार न्यून रहे पनि यसको अस्तित्व नै नभएको भने होइन । पछिल्लो समयमा जे जति यस क्षेत्रमा आएका छन् ती बेलायतका विश्वविद्यालयबाट चलचित्र निर्देशन र निर्माणमा उच्च शिक्षा प्राप्त गरेर आएका निर्देशक र निर्माता जे.बि. राईको चलचित्र 'कमाण्डो' र 'नाम के हो ?' र मुलीवीर राईको निर्देशन, निर्माण, कथा र पटकथामा 'वास्तविकता' (सन् २००६) र 'कोड १९९३' (सन् २००९) निर्माण भएका छन् भने मिलन चाम्सद्वारा निर्देशित चलचित्र 'हँसिया' (सन् २०१४) र वीर विक्रम (सन् २०१४) ले लोकप्रियता हासिल गरिसकेको छ र त्यस्तै गोरे गुरुङद्वारा निर्माण भएका 'विदेशको माटो स्वदेशको पीडा' र 'कासी' चलचित्रले आफ्नै स्थान बनाएको छ । अभिनयमा नायक राजकुमार राई, द्रोण राई, युमा लिम्बू र नाट्य विधामा शशी थापा सुब्बाको अभिनय कला उत्कृष्ट रहेको छ ।

गोर्खा सैन्य नारी स्रष्टाका कृतिहरू

नाना चम्लिङ, गीतिएल्बम 'जीवन यात्रा' (वि.सं. २०५५ संयुक्त) दीपा लिम्बू राई, गीतिएल्बम 'कोसिस' (वि.सं. २०६३) कवितासङ्ग्रह 'युद्ध, सहअस्तित्व र सिर्जना' (वि.सं. २०६८) 'सुजात' कमला लिम्बू, उपन्यास 'अतृप्त चाहना' (वि.सं. २०५७) 'बन्धन' (वि.सं. २०५८) 'अन्त्यहीन पीडा' (वि.सं. २०६१) 'पराजित अस्तित्व' (वि.सं. २०६३) निलम आङ्बुहाङ राई, गीतिएल्बम 'जुनी जुनी १' (सन २००४) 'जुनी जुनी २' (सन २०११) गीतिसङ्ग्रह 'अन्तर मनको तरङ्ग' (सन् २०१४) चलचित्र हँसियामा गीत लेखन (सन् २०१४) 'निलम' (सन् २०१४), निर्मला राई, 'परिवेश' कविता /गीतसङ्ग्रह (वि.सं. २०६३), गीति अडियो एल्बम 'रोशनी' (वि.सं. २०६९) गीत/कविता र मुक्तकसङ्ग्रह 'परिवेशका पाइलाहरू' (वि.सं. २०७१), भावना परिष्कृत सुनुवार, कथासङ्ग्रह 'उन्मुक्त यात्रा' (वि.सं. २०७१), दुर्गा घले, गीतिएल्बम 'हस्ताक्षर' (२०६७), सुनिता लिम्बू (थेबे) गीतिएल्बम 'हौसला' (सन् २०१४) सुमाया राई, गीतिसङ्ग्रह 'तातो हावा' आदि ।

पल्टनघरमा गोर्खा सैन्य सृजनाका गतिविधि र पत्रपत्रिकाहरूको प्रकाशन

गोर्खा सैनिक मुखपत्रका रूपमा प्रकाशित हुँदै आएको पहिलो पत्रिका '**पर्वते"**, गोर्खा ब्रिगेडको स्मारिका 'द खुकुरी", १० गोर्खा राइफल्सको स्मारिका 'द विगुल एण्ड खुकुरी' (अङ्ग्रेजीमा प्रकाशित), ७ गोर्खा राइफल्सबाट भगवान् चम्लिङको सम्पादनमा 'साप्सुको छाल' र १० गोर्खा राइफल्सबाट पं. शिवचन्द्र निरौला र रमेश लिम्बूको सम्पादनमा 'अजम्बरी' पत्रिका प्रकाशन भएको पाइन्छ ।

भू.पू. गोर्खा आन्दोलन साथै विशुद्ध प्रकाशित पत्रपत्रिकाहरू

"खुकुरी बुलेटिन' भू.पू. गोर्खा जापानबाट, गोर्खा सैनिक चेतना' ब्रिटिस गोर्खा अध्ययन अनुसन्धान केन्द्रबाट, 'गोर्खा सैनिक आवाज' गेसो आन्दोलनबाट प्रकाशन हुँदै आएका छन् । पछिल्लो चरणमा साहित्यलाई केन्द्रमा राखेर अर्धवार्षिक पत्रिका विश्वासदीप तिगेलाको सम्पादनमा 'प्रवासी वेदनाका आवाजहरू' प्रकाशित भयो र विशुद्ध पत्रकारिताको उद्देश्य राखेर दयाकृष्ण राई, देवेन्द्र खेरेस र मिजास तेम्बेको सक्रियतामा द्वैमासिक पत्रिका 'ग्रीनविच टाइम्स' साथै अक्कलमान गुरुङद्वारा प्रकाशित विश्लेषणात्मक पत्रिका 'स्वाभिमान' आदि ।

पुस्तक सम्पादन

काङ्माङ नरेश, मिजास तेम्बेद्वारा सम्पादित 'सीमाहीन बिम्बहरू' काङ्माङ नरेश, मिजास तेम्बे र अप्जसे कान्छाद्वारा सम्पादित 'ग्रीनवीचका प्रतिध्वनिहरू' काङ्माङ नरेश, अप्जसे कान्छाद्वारा सम्पादित युद्ध कविताहरू 'युद्धमा हराएको प्रेम' काङ्माङ नरेश, मिजास तेम्बेद्वारा अङ्ग्रेजीमा सम्पादित 'गोर्खा वार पोएम्स' र काङ्माङ नरेश र अप्जसे कान्छाद्वारा सङ्कलित रचनाहरूको सँगालो 'खुकुरीको

धारमा दुई शताब्दी' आदि ।

नेपाली भाषा प्रचार-प्रसारमा गोर्खा सैन्यको योगदान

भारोपेली परिवार अन्तर्गत बोलिने मुख्य भाषाहरू मध्ये नेपाली भाषाको प्रचार-प्रसारमा गोर्खा सैन्यहरूले ठूलो भूमिका निर्वाह गरेका छन् । काजी अमरसिंह थापासित गरेको सम्झौतापछि जर्नेल डेभिड अक्टरलोनीको मातहतमा अङ्ग्रेजहरूले गढवाली, कुमाई र गोर्खालीहरूलाई भर्ना गरी तीनवटा पल्टन खडा गरेका थिए । ती पल्टनहरूलाई कमाण्ड गर्नको लागि अन्य भाषाका केही शब्दहरू (हिन्दी, गढवाली, कुमाई) मिश्रित खस (गोर्खाली) भाषालाई प्रयोग गरिएको थियो ।

नेपालको गाउँ ठाउँमा आफ्नो मातृ भाषा बोल्ने गढवाली, कुमाई, गोर्खाली (नेपाली), मगर, गुरुङ, राई, लिम्बू, सुनुवार, नेवार, सेर्पा र अन्य मातृ भाषा बोल्ने गोर्खा सैनिकहरूले पनि खस भाषालाई अभिव्यक्तिको माध्यम बनाए । उनै गोर्खा सैन्यहरूले खस/पर्वते अथवा गोर्खाली भाषालाई भारतको विभिन्न ठाउँमा मातृ भाषाको रूपमा प्रयोग गर्न थाले र नेपालको कुना काप्चासम्म फैलाउने काम गरे ।

दोस्रो विश्वयुद्धको समाप्तिपछि कति गोर्खा सैनिकहरू भारतको गढवाल, कुमाउ, आसाम, दार्जिलिङ, कालेम्पुङ, खर्साङ, घुम पहाड, बागडुगरा, सिलिगढी र डुवर्सतिर घरजम गरेर बस्न थाले । त्यस्तै बर्मा, फिजी, सिक्किम र भुटानतिर घरजम गर्ने गोर्खा सैनिकहरूको परिवार नेपाल फर्केनन् । उनीहरूले पनि नेपाली भाषालाई आफ्नो मातृ भाषाको रूपमा प्रयोग गर्न थाले । यसरी बाल्हीकी भाषाको वंश वृक्षबाट फैलिएको भाषा, आर्य-इरानी, वैदिक संस्कृत, खस, पूर्वी पहाडी (सिञ्जाली), पर्वते, गोर्खाली हुँदै नेपाली भाषा बनेको नेपाली भाषाले व्यापकता पाएको थियो । हाल उनै गोर्खा सैन्य परिवार साथै अन्य नेपालीहरू पुगेको विश्वका धेरै ठाउँमा नेपाली भाषा र साहित्यको विकास भएको छ ।

गोर्खा सैन्य सिर्जनामा नयाँ आन्दोलन, सिद्धान्त, चिन्तन र दर्शनको विकास

नेपाली साहित्यमा १९ भन्दा बढी कृतिहरूको रचना गरेर सन् १९३५ देखि मास्टर मित्रसेना थापामगरले गोर्खा सैन्य स्रष्टाका आदिकवि वा शिरोमणिको स्थानमा काम गरेको पाइन्छ । त्यस पश्चात् नेपाली सङ्गीतमा सन् १९७० को दशकमा तत्काल बेलायतको पप गीतका लोक प्रियताको शिखरमा रहेको 'विटल्स व्याण्ड' को प्रभावले ७ गोर्खा राइफल्समा 'हिमालय व्याण्ड' को स्थापना गरेर नोर्देन तेञ्जिङ भोटिया र उनका साथीहरूले अघोषित रूपमा नेपाली पप गीतको आन्दोलन सुरु गरे र धेरैपछि वि.सं. २०५० को दशकमा त्यो आन्दोलनले नेपाली पप सङ्गीतमा मूर्त रूप लियो ।

सन् २००८ मा स्थापना भएको नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत संस्थामा आबद्ध भएर गोर्खा सैन्य स्रष्टाहरूले पछिल्लो समयमा नेपाली साहित्यमा नयाँ सिद्धान्त, चिन्तन र दर्शनको विकास गरिरहेका छन् । मिजास तेम्बे र रक्ष राईद्वारा 'नवचेतनाग्रह' (वि.सं. २०६८) 'डायास्पोरिक सिर्जना सिद्धान्त' (वि.सं. २०६८) गणेश राई, काङ्माङ नरेश र अप्जसे कान्छाद्वारा 'युद्ध साहित्य सिद्धान्त' (सन् २०११) र विजय हितानद्वारा 'पर्यावरण लेखन' (वि.सं. २०७०) को विकास हुँदै आएको छ । यद्यपि तिनले भविष्यमा कतिको मूर्त रूप लिन सक्ला त्यो हेर्न बाँकी छ ।

गोर्खा पल्टनमा पर्वते पत्रिका र बि.एफ.बि.एस. रेडियोको सुरुआत

लाहुरे इतिहासमा पल्टनहरूको खबर एक अर्कामा आदान-प्रदान गर्न र लाहुरेहरूको दुःखसुख बाँड्न पर्वते पत्रिका प्रकाशन भएको करिब चार वर्षपछि सन् १९५२ (सिङ्गापुर) सालमा पहिलोपल्ट गोर्खालीहरूलाई आकाशवाणी बि.एफ.बि.एस. (ब्रिटिस फोर्सेस ब्रोड कास्टिङ सर्भेस) रेडियोद्वारा लाहुरेहरूलाई

सञ्चार माध्यममा प्रवेश गराइएको थियो। पर्वते पत्रिका लाहुरेहरूले सिर्जना गर्ने साहित्यको ब्याड राख्ने ठाउँ बनेको थियो। बन्दुक बोकेर पर्वते पत्रिकामार्फत् साहित्यको धरातलमा उत्रने धेरै लाहुरे र उनका परिवारले नेपाली साहित्यको सिर्जना गरे पनि निरन्तरता भने कमैले मात्र दिन सकेका छन्।

लाहुरे सञ्चारकर्मीहरू

गोर्खा सैन्यको लागि बि.एफ.बि.एस. (ब्रिटिस फोर्सेस बोर्ड कास्टिङ सर्भेस) रेडियो स्थापना गरिएको हुनाले सिङ्गापुर छाडेपछि हङकङ, बेलायत, बेलिज र ब्रुनाईका बि.एफ.बि.एस. रेडियोकर्मीहरू लाहुरे र लाहुरेकै परिवारबाट सञ्चालन गरिन्थ्यो/गरिँदै छ। रेडियोकर्मी लाहुरे र लाहुरे परिवार रि.मे.जि.सि.ओ. किशोर गुरुङ, उमा लामा, पुष्पकुमार राई, सोनाम सेर्पा, सन्तोष क्षेत्री, शुभद्रा क्षेत्री, सुबास प्रधान, सावित्री गुरुङ, दावा ग्याल्मो, सुसनबाला राई, बिमला सेनेहाङ, लक्ष्मी मादेन, दयाकृष्ण राई, मणि किरात बान्तवा, विनोदध्वज खड्का, लाल शाही, आशा पुन, शिरीष सुनुवार, रूपा राना, दीपा लिम्बू राई, योगराज राई आदि।

लाहुरे परिवारकै जग टेकेर नेपालको रेडियोकर्मी बनेका रीता लिम्बू र कला सुब्बा नेपाली सञ्चार जगत्मा परिचित नाम बनेका छन्। लाहुरे परिवारमा हुर्केका सुनिता सुब्बा, पवित्र सुब्बा र झुमा लिम्बूले पनि नेपाली आधुनिक गीत साथै मुन्धुम सङ्गीतको नौलो अभियान सुरु गरेर नेपाली सङ्गीतको क्षेत्रमा योगदान पुऱ्याएका छन्। कवि तथा साहित्यकार बिमला तुम्खेवा, कवि तथा गीतकार जानुका काम्बाङ लिङ्देन साथै उपन्यासकार शान्ति लिम्बू पनि लाहुरे परिवारमा हुर्किएका स्रष्टाहरू हुन्।

बिग्रेड अफ गोर्खाजले थुप्रै लेफ्टिनेन्ट, क्याप्टेन र गोर्खा मेजरहरू जन्मायो। तर पल्टनघरमै साहित्य सिर्जना गर्न सुरु गरेर त्यही बाटोमा लागिरहने स्रष्टा सर्जकहरू केही जना मात्र जन्माउन सकेको छ। कति स्रष्टाहरूलाई साहित्य सिर्जनामा लागेकै कारण पल्टन घरले पदोन्नतिको सिँढीमा काँडेतार तेर्स्याइदिएको थियो। तर उनीहरूको महान् साहित्यिक यात्रालाई त्यस्ता पैसा र पदोन्नतिका काँडेतारले रोक्न सकेन। न पल्टन घरका दुःखहरूले बार बार्न सक्यो। बरु त्यसैको सिको गर्दै अन्य धेरै नयाँ लाहुरे भाइहरूले पनि त्यही बाटो पछ्याइरहेका छन्।

दर्शन र विचारको नयाँ गोरेटोमा लाहुरेहरू

लाहुरेहरू केवल नेपाली साहित्यिक सिर्जनामा मात्र रमेका छैनन्। उनीहरूले 'नवचेतनाग्रह' (वि.सं. २०६८) 'डायास्पोरिक सिर्जना सिद्धान्त' (वि.सं. २०६८) 'युद्ध साहित्य सिद्धान्त' (सन् २०११) र 'पर्यावरण लेखन' (वि.सं. २०७०) जस्ता साहित्यिक दर्शन र विचारहरूको सुरुआतसमेत गरिसकेका छन्। पछिल्लो समय यी सिद्धान्त, चिन्तन र दर्शनहरूले पाठकहरूलाई आकर्षित गरिरहेको छ।

अर्को शब्दमा नेपाली साहित्यको मूल धारमा नलेखिएका वा नदेखिएका साहित्यिक दर्शन र विचारहरूको उठान भएको छ। अथवा यसो भनौँ लाहुरे स्रष्टाहरूले घरदेश र परदेशबीच चुँडिन आँटेको नेपाली साहित्य र संस्कृतिको साङ्लो जोड्न भरमग्दुर प्रयास गरिरहेका छन्। साहित्य कला हो धेरै वर्ष पुगेर बुढ्यौली हुँदैमा साहित्य सिर्जना गरिने होइन। बरु आफ्नो लगनशीलता, अध्ययन, साधना र कलाको विकास गर्दै साहित्यको गोरेटो भएर साहित्यिक मूल बाटोसम्म पुग्नु साहित्यिक कर्म गर्नु हो।

समग्रमा लाहुरेहरूको आ-आफ्नै खालको दुःख, सुख र बाध्यताहरू छन्। उनीहरूको पनि आफ्नै देश, परदेश, सांस्कृतिक, धार्मिक दृष्टिकोण र सामाजिक वातावरण छ। त्यस्तै परिस्थिति भोगेर भए पनि एक हातमा बन्दुक र अर्को हातमा कलम बोकेर कलम र बन्दुकको समयोजन गर्दै साहित्यिक सङ्घर्षमा जुटिरहेका छन्। अथवा लाहुरेहरू साहित्य, सङ्गीत र कलामा मात्र नभएर व्यापार, समाज

सेवा, राजनीति साथै अन्य विभिन्न क्षेत्रमा समेत आबद्ध हुँदै आएका छन् । उनीहरूको निधारमा लाहुरे नामको रङ पोतिएको छ । नश्ल शरीर लडाइँको मैदानमा दुश्मनको गोली थाप्न बाध्य भए पनि बन्दुक र कलमको युद्ध लड्न पछि हटेका छैनन् । दुई सय वर्षभन्दा लामो युद्ध र शान्तिको लामबद्ध यात्रामा यसरी अघि बढिरहनुपर्ने बाध्यता लाहुरेहरूको मात्र नभई सिङ्गो नेपाल र नेपाली जनताको बाध्यता हो । अर्काको देशमा लाहुरे बनेर जानु भनेको चिम्सो आँखा र थेप्चो नाक हुनेहरूको मात्र होइन । सम्पूर्ण नेपाल र नेपाली जनताको राष्ट्रिय समस्या हो ।

विभिन्न वेब पत्रिकाहरूको सञ्चालन

नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतद्वारा सञ्चालित, www.nepalipratibhapratishthana.org भूमिराज राईद्वारा सञ्चालित www.ajambari.com विश्वासदीप तिलाद्वारा सञ्चालित www.sahityaghara.co केदार सङ्केतद्वारा सञ्चालित www.onelineliterature.com र मणि वाङ्देलद्वारा सञ्चालित www.iamws.org रहेका छन् ।

साहित्यिक सङ्घ-संस्था, पुरस्कार तथा सम्मान

गोर्खा सैन्य स्रष्टाहरूद्वारा थुप्रै साहित्यिक सङ्घ-संस्थाहरूको स्थापना गरेर विभिन्न गतिविधि र सृजनात्मक कार्य सम्पादन गर्दै आएका छन् भने राष्ट्रिय स्तरका पुरस्कार कोष निर्माण गरेर पुरस्कार र सम्मान पनि प्रदान गर्दै आएका छन् ।

प्रवासी नेपाली साहित्य समाज (सन् २००१)

नेपाली कला, साहित्य, सङ्गीत मञ्च (सन् २००७)

नेपाली प्रतिभा प्रतिष्ठान (सन् २००८)

धनकुटा प्रतिभा प्रतिष्ठान (सन् २००७)

खोटाङ प्रतिभा पुरस्कार (सन् २००८)

भोजपुर प्रतिभा पुरस्कार (सन् २००८)

विश्व साहित्य महासङ्घ (सन् २०१०) स्थापना भएका छन् ।

सन्दर्भ सामग्रीहरू

(क) राई रक्ष, ग्रीनविच टाइम्स (द्वैमासिक, वर्ष-३, अङ्क-१२), वैशाख/जेठ, वि.सं. २०७२

(ख) वनेम टंक, 'लाहुर घरले जन्माएका स्रष्टाहरू' (वि.सं. २०६३) नेपाली सन्देश, बेलायत

(ग) लामिछाने प्रा.डा कपिल, अलि मिया खण्डकाव्यमा लोककवि अलि मियाको खोजी- समकालीन साहित्य, नेपाली साहित्यको सङ्ग्रह, प्रकाशित मितिः १० आषाढ, २०७३

(घ) हिमाल पत्रिका, विदेशी बर्दीका सिपाही, वर्ष-८, अंक ३ कात्तिक-मङ्सिर, वि.सं. २०५५

(ङ) पुरानो पर्वते पत्रिकाका अङ्कहरू

(च) गरिमा पत्रिका-पौष, २०४१/मङ्सिर, २०४७

(छ) गुरुङ डा.हर्क, लाहुरेको कथा-सम्पादन, वसन्त थापा/मोहन मैनाली

(ज) भारत सुब्बा, मनप्रसाद/तेम्बे बुद्धि (माइला)

(झ) सिङ्गापुर, आङ्बुहाङ हाङ्पाल

नोट :

दुई शताब्दीभन्दा लामो अवधिको लाहुरे इतिहासमा धेरै लाहुरे साहित्य स्रष्टाहरूले साहित्य, कला र सङ्गीतमा योगदान गरेका थिए, गर्दै आएका छन् । तर सबै स्रष्टाहरूको नामवली र योगदानबारे जानकारी हुन नसकेको हुनाले उपलब्ध भएका स्रष्टाहरूको नामवली मात्र सङ्क्षेपमा तयार गरिएको छ । विशेष गरेर छुटेका पुराना लाहुरे स्रष्टाहरूको बारेमा खोज अनुसन्धान गरी अन्य लेखहरूमा समेट्ने प्रयास गरिनेछ ।

tankawanem@hotmail.com

डायस्पोरा सिद्धान्त र सिर्जना

रक्ष राई
मिजास तेम्बे

प्रारम्भः

नेपाली साहित्यमा डायस्पोरा शब्दले ढिलै भए पनि नयाँ चासो र जिज्ञासाको विषय बनेर केही समय अघिदेखि द्रूत गतिमा यौटा भिन्नै पदको निर्माण र स्थापना गर्न गइरहेको अवस्था छ । पछिल्लो समय नेपाली साहित्यमा नयाँनयाँ विचार, चिन्तन र दर्शनको जन्म र विकास भइरहेको अवस्थामा डायस्पोरिक चिन्तनलाई पनि नेपाली साहित्यका चिन्तक, विद्वान् विदुषीका उदार हृदय र चेतनाले स्वागत गरिरहेको छ । यसले नेपाली साहित्यको विकास, व्यापकता र विविधताका निम्ति महत्त्वपूर्ण भूमिका खेलिरहेको छ । भाषाका कारणले साहित्य सिर्जना हुँदा कुनै खास जातिको वा मुलुकको जस्तो प्रतीत भए पनि प्रभावका कारणले त्यो सारा जीवन र जगत्को हुन्छ । साहित्य, सङ्गीत र कलाले सारा जीवन र जगतलाई साझा भूगोल बनाइरहेको हुन्छ ।

केही दशक अघिदेखि नेपाली डायस्पोराबाट भिन्न मौलिकतासहित प्रभावकारी साहित्य, सङ्गीत र कलाको सिर्जना भइरहेको छ । त्यसको छुट्टै विशेषता, मौलिकता र सुन्दरतालाई नयाँ पद दिनुपर्ने आवश्यकतालाई नेपाली साहित्यका चिन्तकहरूद्वारा बोध गरिएको विषय हो । यसले नेपाली साहित्यलाई अझ विकसित, व्यापक र विविधतामय बनाउँदै लगिरहेको छ । यसप्रति नेपाली साहित्यका विद्वान्हरूको चासो, विचार, विमर्श, शोध अनुसन्धान र समालोचना कार्य तीव्र गतिमा बढिरहेको छ । यसको गहन अध्ययन, अनुसन्धानले भविष्यमा नेपाली डायस्पोरिक सिर्जना विश्व सृजनामा गर्विलो र दर्बिलो विषय बन्नेछ भन्ने विश्वास पनि बढिरहेको छ ।

१.डायस्पोराको ऐतिहासिक अर्थ र वर्तमान

डायस्पोरा (Diaspora) ग्रीक भाषा diaspeirein बाट अङ्ग्रेजीमा diaspora हुँदै नेपाली साहित्यमा आएको आयतित शब्द हो । dia र spora को संयुक्त शब्द नै डायस्पोरा हो । प्राचीन ग्रीक भाषामा प्रचलित यो शब्द यहुदीहरूको जीवनको नियतिद्वारा निर्मित ऐतिहासिक अर्थ बोकेर आएको शब्द Diaspora को रूप ग्रहण गर्न अघि diaspeirein थियो, जसको अर्थ dai को अर्थ कुनै ठाउँबाट बाहिरिनु, पठाउनु, छुट्टिनु र speirein को अर्थ विकीर्ण हुनु, छरिनु, तितरवितर हुनु, फैलिनु हुन्छ । ग्रिसेली dia र speirein लाई अङ्ग्रेजीमा संयुक्त पद diaspora भनिन्छ[1] । (भट्टराई, गोविन्दराज (२०६४) उत्तरआधुनिक विमर्श, मोर्डन बुक्स, काठमाडौँ, पृ.११७) प्राचीन ग्रीसमा प्रचलित डायस्पोरा शब्दको अर्थ विभिन्न कारणवश यहुदीहरू आफ्नो मातृभूमि, समाज वा समुदायबाट विच्छेद भएर किनारा लाग्नु, भाग्नु भनेर लाग्दथ्यो । त्यसबेला प्यालेस्टाइनमा यहुदीलाई ईशापूर्व ५८६ देखि ५३८ सम्म लगभग ४० वर्ष बन्दी बनायो । बेबिलोनियालीहरूले जुडाहा अधिराज्यमा विजयपछि लामो समय बन्दी जीवन बिताएर मुक्त भएका यहुदी समुदायको ठूलो सङ्ख्या तत्काल बेबिलोनिया, पर्सिया, स्पेन, फ्रान्स, जर्मनी, पोल्याण्ड, अमेरिका हुँदै विभिन्न देशहरूमा छरिन

पुगे । डायस्पोरा शब्दको अर्थ तिनै यहुदीहरूको प्यालेस्टाइन बाहिर छरिनु, तितरवितर हुनु, फैलिएर जानु भन्ने हुन्छ । तर वर्तमान सन्दर्भमा डायस्पोराको अर्थ प्राचीन ग्रीक भाषामा प्रचलित अर्थमा मात्रै सीमित रहेको छैन ।

पश्चिमा साहित्यमा डायस्पोराको अर्थ, सृजनाको क्षेत्र र इतिहास निकै पुरानो र व्यापक छ । त्यो नेपाली साहित्यका लागि निकै ठूलो अनुसन्धान र शोधको विषय हुनेछ । कारण डायस्पोरा बहु अर्थबोधक द्वैदेशिक फरक सामाजिक चरित्रको संलग्नता वा सम्मिश्रणले निर्माण हुने भएकाले यसको अर्थ, व्याख्या र परिभाषा फरक र व्यापक हुने गर्दछ । बेविलोनिया समय अथवा यहुदीहरूले व्यतीत गरेको निर्वासित जीवनदेखि अगाडि बढेर विश्व समाजका डायस्पोराले थुप्रै चरण र कालखण्डहरू पार गर्दै जाँदा डायस्पोराको अर्थ पनि विस्तार हुँदै आएको छ । कारण शब्दले समय र परिस्थितिको सीमासम्म मात्रै अर्थ दिन सक्दछ र शब्दको अर्थ समयानुकुल विस्तारित हुँदै जान्छ । अहिलेको डायस्पोरा सूचना र सञ्चारको विकासले मानसिक रूपमा अर्ध डायस्पोरा जस्तो देखिए पनि भौतिक रूपमा फरक भूगोलका कारणले उस्तै छ ।

हिजोदेखि आजको वर्तमान अवस्थामा आइपुग्दा डायस्पोराको अर्को नयाँ विस्तारित अर्थ बसाइँ सरेजस्तो पनि हुन पुगेको छ, तर त्यो बसाइसराइ देशभित्रै नभएर परदेशतर्फ हुन्छ । नेपाली अर्थमा गैरआवासीय नेपाली वा प्रवासी नेपाली समाज र डायस्पोराको अर्थमा निकटता छ । नेपाली भाषामा प्रवासी, आप्रवासी, परदेशी वा गैरआवासी नेपाली जे भनिए पनि ती जातिको समाजविज्ञान, मनोविज्ञान, धर्म, इतिहास र भूगोलले त्यो डायस्पोरा अर्थात् मूल भूमिबाट अलग्गिएर परभूमिमा पुगेको जाति बन्दछ । यद्यपि नेपाली शब्दमा प्रवासी, परदेशी, गैरआवासीय नेपाली वा प्रवासी नेपालीभन्दा डायस्पोरा शब्दको ध्वनि शक्ति धेरै परसम्म पुग्न सक्ने सामर्थ्य राख्ने हुँदा विश्व साहित्यमा प्रचलित डायस्पोरा शब्द नै नेपाली साहित्यले पनि भाषिक निधिका रूपमा स्वीकार गरेको हो । नेपाली साहित्यका विद्वान् विदुषी एवम् भाषा विज्ञहरूको गहन छलफल विचार विमर्शपछि डायस्पोरा शब्दको मूल अर्थ र मर्मसहितको नेपाली शब्दानुवाद अपूर्ण हुने भएकोले सोझै विश्व भाषाकै रूपमा नेपाली साहित्यमा यसलाई स्वीकारिएको हो । डायस्पोरा शब्दको प्राचीन अर्थ त्यस समयमा घटित घटनाहरूको प्रक्रियाबाट लगाइए पनि आज त्यसको अर्थको रूपान्तरण मुलुक बाहिर बसाइँ सरेको समाज, देश छाडेर विदेशिएको समाज, परदेशिएको वा प्रवासिएको समाज भनेर बुझिन्छ ।

डायस्पोरा समाज निर्माणको प्रकृतिलाई अध्ययन गर्दा स्वेच्छाले होस् या बाध्यताले आफ्नो मातृभूमि र आफ्नो वंशको उद्गम थलो त्यागेर स्वजनहरूबाट विच्छेद भई सीमान्तकृत र किनारीकृत नयाँ भूमिमा बस्न पुगेका अल्पसङ्ख्यक समुदाय नै डायस्पोरिक समाज हो । यसरी कुनै न कुनै बाध्यताले विदेसिन बाध्य भएर आफन्तजनसँग अलग्गिएको सानो समूहले डायस्पोरा निर्माण भएको हुन्छ । यो समुदाय प्रवासमा हुने एकाङ्कीपन, मातृभूमिको प्रेम, आफन्तको मोह, धर्म, भाषा, संस्कृतिको प्रेमले एकत्रित र सङ्गठित भएर रहने गर्दछ ।

नेपाली साहित्यमा डायस्पोरा शब्द सर्वप्रथम बेलाययतका नागरिक नेपाली भाषा तथा साहित्यका विज्ञ प्रा.डा.माइकल हटले प्रयोग गरे र त्यसलाई स्थापित गराउने कार्यमा प्रा.डा. गोविन्दराज भट्टराई, प्रा.डा. खगेन्द्रप्रसाद लुइँटेल जस्ता अग्रजहरू र त्यसपछिका नयाँ पुस्ताहरू लागिपरेका छन् ।

२.डायस्पोरा निर्माणका कारणहरू:

हिजो र आजको परिस्थिति र विश्व परिवेशलाई अध्ययन गरिसकेपछि डायस्पोरा निर्माणका कारणहरू स्पष्ट हुन्छन् । ती कारणहरू हुन्-

(क) स्वेच्छाले

(ख) बाध्यताले

(ग) बाध्यात्मक-स्वेच्छाले

३. डायस्पोरा निर्माणका कारण हिजो र आज

हिजोदेखि आजसम्मको डायस्पोरा निर्माणका कारणहरू समयसँगसँगै बदलिँदै र विस्तारित हुँदै आएको छ । हिजो र आजको डायस्पोराका प्रवृत्तिहरू फरक छन् । डायस्पोरा निर्माणका बाह्य कारण अनेक देखिए पनि त्यसको आन्तरिक कारण दुईवटा हुन आउँदछन् । ती हुन्- मानसिक (ज्ञानको) सुख-शान्ति र भौतिक सुख-सयलको प्राप्ति । यही प्राप्तिका लागि अविकसित र अल्पविकसित राष्ट्रका नागरिकहरूको विकसित राष्ट्रप्रतिको आकर्षण बढ्न गएको हो ।

डायस्पोरा निर्माणमा हिजो र आजका भिन्नताहरू :

हिजो
आज

१. धर्म प्रचार
अध्ययन

२. कला विस्तार
श्रम बिक्री

३. ज्ञानको भोक
ज्यानको भोक

४. व्यापार व्यवसाय
बहुराष्ट्रिय कम्पनीहरूको स्थापना

५. दासहरूको व्यापार
वैदेशिक रोजगार

६. युद्ध र युद्ध बन्दी
सैन्य कर्म र सैन्य सङ्गठनको निरन्तरता

७. वैवाहिक सम्बन्ध
आश्रित भिसाको अधिकार

८. प्राकृतिक प्रकोप
राजनीतिक हिंसा, द्वन्द्व, पीडा र प्रकृतिक प्रकोप

९. युद्ध पराजय
पलायन

१०. राज्य विस्तार, उपनिवेश
राजनीतिक भूमण्डलीकरण

मूलतः यो नेपाली डायसपोराको सन्दर्भमा पूर्वका अविकसित राष्ट्रहरूको पश्चिमा विकसित र धनाढ्य राष्ट्रप्रतिको आकर्षणले बढेको हो । ती आकर्षणका कारण हुन् (क) पश्चिमा भौतिकवादी संरचना (ख) पूर्वीय चिन्तन परम्परामा स्खलन ।

४. डायस्पोराका कारणहरू

हरेक डायस्पोराको निर्माण आफ्नो पुर्ख्यौली भूमि अथवा राष्ट्र र आफ्ना जाति र वंशजहरू त्यागेर पराय मुलुकमा पुगेर स्थापना हुने अल्पसङ्ख्यक समुदायवाट बनेको हुन्छ । डायस्पोरा पराय मुलुकमा पुगेर स्थापना हुने भएकोले त्यो फरक भूगोल र प्रकृतिको वस्तुस्थितिले निर्माण भएको हुन्छ ।

(क) फरक भूगोल र प्रकृति
(ख) फरक व्यवस्था र भौतिक संरचना
(ग) द्वैध इतिहास र अभ्यास

५. डायस्पोराको दुःख

आफ्नो देश वा जन्मथलोबाट विच्छेद भएर पराय भूमिको फरक सामाजिक संरचनामा प्रवेश हुँदा त्यहाँ जीवनमा कल्पनासमेत नगरिएका दुःखहरूको पनि सामना गर्नु पर्दछ । तसर्थ डायस्पोराका दुःखहरू भौतिक र मानसिक गरी दुई प्रकारका हुन्छन् । भौतिक दुःख पनि मूल भूमिसँगको विच्छेद र नयाँ मुलुकमा अस्तित्व स्थापनाका लागि सङ्घर्ष गरी दुई प्रकारका हुन्छन् । भौतिक दुःख मात्र नभएर परदेशमा भौतिकभन्दा अधिक मानसिक दुःख हुने गर्दछ । मानसिक दुःखहरूमा गृहविरह (अतीत मोह), परदेश आफ्नो नहुनु र घरदेश पराय हुँदै जानु र अस्तित्व विलयको भय हुने गर्दछन् ।

कुनै राष्ट्रको भाषा, संकृति, संस्कार र धर्मले बनेको मानिस अर्कै राष्ट्रको सभ्यतालाई अँगाल्न पुग्नु डायस्पोराको बाध्यता हो । आफ्नोपनलाई बचाउँदै र अर्काकोपनलाई अपनाउँदै दुई संस्कृतिका बीचमा जोडिएर रहनु अत्यन्तै जोखिम कार्य हो । बहुसङ्ख्यकले अल्पसङ्ख्यकलाई आकर्षण गर्दै लानु र कालान्तरमा अल्पसङ्ख्यकलाई प्रभावित पार्दै लैजानु स्वाभाविक हुन्छ । जसले अल्पसङ्ख्यक समुदायको संवेदनशील अङ्गहरूमा प्रहार गर्दै जान्छ ।

(अ) धर्म र संस्कृतिमा

(आ) भाषामा

(इ) वंशानुक्रममा

६.डायस्पोराको सुख :

डायस्पोरामा दुःख मात्र हुँदैन । त्यहाँ भौतिक एवम् मानसिक दुःख र सुखको सम्मिश्रण हुन्छ । त्यहाँ मानसिक दुःख अधिक रहे पनि त्यही अनुपातमा भौतिक सुख पनि हुन्छ । त्यहाँको मानसिक दुःखले उसलाई स्वदेश फर्काइरहन्छ भने भौतिक सुखले अल्झाइरहन्छ । ऊ सधैँ मनले स्वदेश फर्किरहन्छ र शरीरले त्यहाँ बन्दी बनिरहन्छ । यसरी ऊ सधैँ अनिर्णयको बन्दी, द्वैध मानसिकताको रोगी र सिकार भइरहन्छ । डायस्पोरामा भोगिने भौतिक सुखहरूमा भौतिक सम्पन्नताको उपभोग र फरक जीवनशैली वा पद्धति पर्दछन् भने मानसिक सुखहरूमा स्वतन्त्रता र स्वच्छन्दताको अनुभूति र अनुभव, क्षमता र ज्ञानमा विकास आदि पर्दछन् ।

७. होष्ट मुलुक, उसको समस्या र अवसर

आफ्नो मूल भूमिबाट विच्छेद भएर स्थापित हुन पुगेको डायस्पोराको अर्को देश उसको होष्ट मुलुक हो ।

आगन्तुक समुदायका लागि होष्ट मुलुकलाई शान्ति र सुरक्षा चिन्ताको विषय हुन्छ । आफ्नो राज्य, नियम, कानुन अथवा अन्तर्राष्ट्रिय कानुन बमोजिम उनीहरूप्रति समान व्यवहार, आफ्ना नागरिक सरह हक र अधिकारमा समान व्यवहार हुनबाट चुकिने सम्भावना रहन्छ । जसका कारण मित्र राष्ट्रसँग सम्बन्ध बिग्रिन जाने र अन्तर्राष्ट्रिय रूपमा बेइज्जत खेप्नुपर्ने हुन्छ । आफ्ना नगरिकसँग आगन्तुक समुदायको स्थापनामा समस्या पर्न सक्दछ । फरक सभ्यता, संस्कृति, संस्कार र धर्म सम्प्रदायबाट आएका आगन्तुक समुदायले आफ्नो मुलुकको सभ्यता, संस्कृति, संस्कार र सामाजिक संरचनामा विचलन र विघटन ल्याउने सम्भावना अधिक रहन्छ । आजको सूचना र सञ्चारको तीव्र विकासले विश्वलाई एक विश्वग्राम्य परिवेशमा हुर्काउँदै ल्याएको अवस्थामा डायस्पोरा समाज प्रवासमा पुगेर विलय हुने नभएर त्यहाँ स्थापित हुने समाजका रूपमा रूपान्तरित हुन पुगेको छ । यसको उदाहरण विश्व नेपाली डायस्पोरिक समाजहरूले गर्दै आएका सामाजिक गतिविधिहरूले स्पष्ट पार्दछ ।

डायस्पोरिक समुदायले होष्ट मुलुक - भाषा, संस्कृति र संस्कारको विविधताले समृद्धशाली बन्दछ भने ती समुदायबाट आएका क्षमतावान् व्यक्तित्वहरूको क्षमता पनि होष्ट मुलुकले उपयोग गर्ने अवसर प्राप्त गर्दछ । ती समुदायबाट आएका प्रतिभाशाली व्यक्तित्व, कवि, साहित्यकार, कलाकार, खेलाडी, समाजसेवी, राजनेता, व्यापारी, उद्योग व्यवसायी- होष्ट मुलुकका निधि हुने गर्दछन् ।

८. डायस्पोरा मनोविज्ञान

नेपाली साहित्यमा नेपाली डायस्पोराको विषयको उठान प्रारम्भिक चरणमै भएको प्रतीत हुन्छ । डायस्पोरा जीवनको अत्यन्तै भावुक, नाजुक, सवेदनशील, गहिरो र शक्तिशाली प्रवृत्ति भनेको उसको मनोविज्ञान हो । नेपाली साहित्यमा डायस्पोरिक प्रकृति, प्रवृत्ति र मनोविज्ञानको गहन अध्ययन, अनुसन्धान, खोज, विवेचना र विरेचन हुन बाँकी नै रहेको अवस्था छ । भर्खर केही समय यतादेखि डायस्पोरा प्रवृत्तिलाई नोस्टाल्जिक या

अतीतमोही र गृहविरहीको मनस्तापी र अर्धमनोरोगीका रूपमा मात्र चित्रण गरिने प्रयास भएको छ । डायस्पोरामा उसले कस्तो जीवन भोग्छ र नोस्टाल्जियाको मनोग्रन्थीको विकास गर्दछ र त्यसले डायस्पोरिक मनोविज्ञानको रूप ग्रहण गर्दछ ? उत्तरआधुनिक कालको डायस्पोरा र डायस्पोराको प्रवृत्ति के हो ? डायस्पोरिक मनोविज्ञानले समाजमा, जनसङ्ख्यामा, संस्कृतिमा, धर्ममा, राजनीतिमा, अर्थनीतिमा, राष्ट्रियतामा, भाषामा, साहित्यमा र कलामा कस्तो प्रभाव उत्पन्न गर्दछ ? त्यसका प्रकार्य, क्रिया-प्रतिक्रिया र चरित्रमा प्रकटीकरणलाई जान्न या यसको विज्ञान बन्न पनि अत्यावश्यक देखिएको छ ।

प्रस्तुत तालिकामा डायस्पोराको सामान्य मनोविज्ञानलाई यसरी हेर्न सकिन्छ ।

१.नोस्टाल्जिया या अतीत मोहमा
गृहविरह र आत्मप्रेम

२.
गृहविरहमा
आफ्ना-आफन्त, गाउँघर, थातथलाको यादले व्याकुल बनाउनु, विच्छेदको भावना बढ्नु,

३.आत्मप्रेममा
ऐकान्तिकता बढ्नु, आफ्नो भौतिक अभौतिक, चल-अचल सम्पत्तिप्रतिको मोह जाग्नु, धर्म, संस्कृति, भाषा, राष्ट्र र राष्ट्रियताप्रति प्रेम बढ्नु,

४.
ऐकान्तिकताले
उदासी, पछुतो र हीनताबोध जाग्नु

५.
उदासी र पछुतोले
मनस्तापी, मनोरोगी, भय, त्रास, पश्चगामी बन्नु

६.हीनताबोधले
पलायनता, निरीहताको जन्म र त्यसको विपरीत विद्रोहीको जन्म हुनु,

७.
पलायनता, निरीहताले
आत्मसमर्पण र विलयन हुनु

८.
विद्रोहीको जन्म हुनुले
सङ्घर्षशीलता र पौरखको भावना जाग्नु, हीनताबोधलाई स्वाभिमानमा बदल्नु,

९. डायस्पोराको प्रवृत्ति :

डायस्पोरा फरक भूगोल र प्रकृति पुगेर निर्माण हुने भएकाले यो समुदायमा भिन्न प्रवृत्तिको विकास हुन पुग्दछ,

(क) अन्तर-सङ्घर्ष
(ख) अन्तर-मिश्रण
(ग) दोधार
(घ) द्वैचर-भाजन
(ङ) उभयता

(क) अन्तर-सङ्घर्ष :

डायस्पोरा समुदाय फरक प्रकृति र संस्कृतिले निर्माण भएको मानिस भिन्न समाज र संस्कृतिमा समावेश हुँदाको संक्रमणकालीन अवस्थामा द्वैध मानसिकताको अन्तरद्वन्द्व र सङ्घर्षमा फसिरहन्छ र त्यो पुस्तान्तरणपछि पनि सीमान्तकृत जातिका रूपमा अपरिचयको मानसिक पीडामा रहिरहन्छ । स्थानान्तरणपछिको स्थापनाकालमा फरक भूगोल र समाजमा नयाँ चुनौतीहरू आइलाग्दछन् । नयाँनयाँ अभाव, आवश्यकता, ज्ञान र सीपको अभावले समस्याको सामना गर्न सङ्घर्षको लागि तयार हुन पर्दछ । नयाँ ठाउँमा नयाँ चुनौतीको सामनाका लागि शारीरिक तथा मानसिक अन्तर सङ्घर्षमा फस्दछ र त्यो पछिसम्म पछुतो, हीनताबोध, अवहेलना र अपरिचयको पीडासँगै स्थायी रहन्छ ।

(ख) अन्तर-मिश्रण :

स्थानान्तरण कालदेखि नै मूल राष्ट्र र होष्ट राष्ट्रबीचको धर्म, संस्कृति, संस्कार र भाषाको अन्तरमिश्रणको प्रक्रिया तीव्र गतिमा आरम्भ हुन्छ र

त्यो पुस्तान्तरपछि दुई फरक जातिको मिश्रण अर्थात् वैवाहिक सम्बन्धबाट आएको सन्तान र परिवारले तेस्रो समाजको निर्माण हुन पुग्दछ । यी जातिको धर्म, संस्कृति, संस्कार, भाषा, साहित्य, सङ्गीत र कला सबैमा द्वैदेशीय रङको अन्तर मिश्रण हुन पुग्दछ । डायस्पोरा समुदाय अल्पसङ्ख्यक समुदाय हुनाले तिनको त्यहाँ सधैँ आफ्नो अस्तित्व निर्माण गर्ने क्रम जारी रहन्छ । फलतः पुस्तान्तरणसँगै भाषाको कारणले आफ्नो पूर्ववत् जातीय मौलिक विशिष्टता गल्दै जान्छ र तेस्रो संस्कृति र समाजशास्त्रको निर्माण हुन पुग्दछ ।

(ग) दोधार :

डायस्पोराको समुदाय भौतिक रूपमा पैतृक भूमि र नवभूमिमा र मन र मस्तिष्कले दुईतिर विभाजित हुने भएकाले सधैँ दोधार, दुविधा र अनिर्णयको बन्दी भइरहन्छ । मनले त्याग गर्न खोज्दछ, तर दिमागको स्वभावले लाभ लिन चाहन्छ । डायस्पोराको मन पैतृक भूमितिर हुन्छ तर बुद्धि नवभूमिमा प्राप्त हुने अवसर र लाभतिर हुन्छ । तसर्थ यी जातिमा मन र मस्तिष्कको मनोवैज्ञानिक विभाजनले सधैँ दोधार रहिरहन्छ ।

घ) द्वैभाजन :

डायस्पोरिक समुदाय भौगोलिक स्थिति र शारीरिक एवम् मानसिक रूपले द्वैदेशीय अर्थात् होष्ट राष्ट्र र मूल राष्ट्रको बीचमा जोडिएर रहेको हुन्छ । व्यक्ति शरीरले होष्ट राष्ट्रको हुन्छ र मनले मूल राष्ट्रकै रहिरहन्छ । ऊ स्वेच्छाले होस् या बाध्यताले विदेशिए पनि मन सधैँ मूल राष्ट्रमै छाडिराख्दछ । ऊ जन्मभूमि र कर्मभूमिको भावनाले विभाजित हुन्छ । यसको प्रभावले उसलाई सधैँ द्वैध मानसिकता र द्वैध चरित्रको बनाइरहन्छ ।

(ङ) उभयता :

आफ्नोपनप्रति प्रगाढ प्रेम त्याज्य विषय हुँदैन र परायपन परिस्थितिजन्य अवस्थाले अपनाउनुपर्ने बाध्यता पनि सँगै हुन्छ । यसले दुईवटै पनलाई सँगै लिएर हिँड्नुपर्ने बाध्यता डायस्पोरामा हुन्छ । यी समुदायमा धर्म, भाषा, संस्कृति, संस्कार, रीतिरिवाज, जन्म, मृत्यु, विवाह, खानपिन पकवान्, सरसमाना, पहिरन, आभूषण र शृङ्गार दुवै मुलुकको हुने गर्दछ । तिनले पनि यी सम्पूर्ण चीजहरू मूल राष्ट्रबाट लिएर त्यहाँ पुग्दछन् र तिनलाई त्यहाँ स्थापित गराउने कार्य गर्दछन् । त्यहाँ पुगेर उत्पन्न हुने मनोविज्ञानको उभय भावले दुई राष्ट्रको भावनालाई जोड्ने काम र आफ्नोपनको परिचय बनाउने र अरूकोपनलाई सम्मान गर्ने भावनाको विकास गर्दछ । यसले परोक्ष अर्को साझा संस्कृतिको पनि विकास गरिरहेको हुन्छ ।

१०. डायस्पोराका योगदान र अवसरहरू :

धेरै विकसित राष्ट्रहरूले विभिन्न कारणबस प्रवासिएका आफ्ना नगरिकहरूसँगको सम्बन्ध जोडिरहन दोहोरो नागरिकताको व्यवस्था मिलाई दिएर सुगमता प्रदान गरेका छन् । यसले डायस्पोराको महत्त्वलाई अझ बढाएर लगेको छ । पछिल्लो समय नेपाली चलचित्र, गीत-सङ्गीतका गायक, हास्य कलाकार र कवि तथा साहित्यकारहरूले प्राप्त गर्दै आएको विश्व भ्रमणको अवसर र नेपाली सङ्गीत र कलाले विश्वभरि प्रसारित हुन पाइरहेको अवस्था नेपाली डायस्पोराको महत्त्वपूर्ण योगदान हो । यसले नेपाली कलाकार र साहित्यकारहरूलाई आर्थिक रूपमा सबल बनाउन अवसर प्रदान गरिरहेको छ । नेपाली सङ्गीत र चलचित्रका कलाकारहरूलाई विदेशमा कार्यक्रम आयोजना गरेर सम्मान र पुरस्कृत गरिने कार्य पनि नेपाली डायस्पोरिक समाजद्वारा नै सम्भव हुँदै आएको छ । अहिले नेपालका राजनीतिक पार्टीका नेताहरूको विदेश भ्रमण र देश वा डायस्पोरामा रहेका नेपालीहरूसँगको भेटघाट र पार्टीहरूको विदेश शाखा वा भातृ सङ्गठनहरूको निर्माण र सञ्चालन गरिरहेका छन् । मूल राष्ट्रको जातीय तथा क्षेत्रीय सङ्घ-सङ्गठनको शाखा-उपशाखा गठन गरेर आफ्नो भाषा, संस्कृति, संस्कार र धर्मको संरक्षण र विस्तार गर्दै मुलुक र राष्ट्रसँगको

सम्बन्धलाई जोडिरहेका छन् । डायस्पोरिक नेपालीहरूको साझा अन्तर्राष्ट्रिय सङ्गठनका रूपमा गैरआवासीय नेपाली सङ्घको विश्व सङ्गठनले देश विदेशमा विभिन्न रचनात्मक कार्यहरू गरिरहेको छ । अन्तर्राष्ट्रिय गैरआवासीय नेपाली सङ्घले जलविद्युत् लगायत थुप्रै विषयमा आर्थिक लगानी गरेर आफ्नो मूल राष्ट्रको विकास र उन्नतिमा विशेष भूमिका निर्वाह गरिरहेको छ । डायस्पोराबाट नेपाली साहित्य, सङ्गीत र कलाको श्रीवृद्धिका निम्ति विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय साहित्यिक सङ्घ-सङ्गठनको स्थापना लगायत थुप्रै वेब तथा छापा पत्रपत्रिका, रेडियो र टेलिभिजनहरू सञ्चालन र प्रसारण भइरहेका छन् । विभिन्न देशमा स्थापना गरिएका साहित्यिक सङ्घ-सङ्गठनले अन्तर्राष्ट्रिय साहित्यिक प्रतियोगिताको कार्यक्रम सम्पन्न गर्दै आइरहेको छ । विभिन्न साहित्यिक पुरस्कार कोषको स्थापना गरेर नेपाली साहित्यका स्रष्टा एवम् सेवकहरूलाई पुरस्कृत र सम्मान गर्दै आएको छ । यिनै साहित्य, सङ्गीत, कला र सञ्चार माध्यमले डायस्पोरा र मूल राष्ट्रलाई निरन्तर जोडेर ल्याएको छ । डायस्पोरिक समाजका यिनै सत्कर्मले डायस्पोरा र मूल राष्ट्रबीचको दूराभाष मेटिँदै गएको छ र डायस्पोराले राष्ट्रभन्दा राष्ट्रियतालाई व्यापक बनाउँदै लागेको छ । हिजो राष्ट्रियता राष्ट्रको भौगोलिकतासँग सीमाबद्ध थियो । आज डायस्पोराका कारणले राष्ट्रको भौगोलिकताको सीमाबद्धतालाई तोडेर राष्ट्रियता सीमान्त बन्दै गएको छ ।

डायस्पोराबाट प्राप्त यो अवसरले आफ्ना पुर्ख्यौली राष्ट्रलाई दिन सक्ने योगदान पनि छन् ।

(क) भाषा, संस्कृति र धर्मको विस्तार

(ख) होष्ट मुलुकसँगको सम्बन्ध विकासमा सेतु

(ग) पुर्ख्यौली भूमि वा राष्ट्रको विषयलाई अन्तर्राष्ट्रियकरण गरिने क्षेत्र

(घ) अनेकन नयाँ सम्भावनाहरूको क्षेत्र

(ङ) मूल राष्ट्रको उन्नति र विकासमा सहयोग ।

११.डायस्पोराको जीवनः

डायस्पोराको फरक इतिहास, ऐतिहासिकता, सभ्यता, समाजविज्ञान, भौतिक विज्ञान, राजनीतिविज्ञानले भोक्तालाई प्रत्यक्ष- परोक्ष प्रभाव पारेको हुन्छ । यो एक प्रकारले विश्व ज्ञान प्राप्त गर्ने क्षेत्र पनि हो । तसर्थ यी तमाम बेग्लै अनुभव र ज्ञानहरूको आर्जनद्वारा उच्च चेतना र बौद्धिक सबलताले बन्न पुगेको अर्कै जिन्दगी डायस्पोराको जीवन हो । यी जातिले मूल राष्ट्रको भौगोलिक सीमा र सामाजिक बन्धनबाट स्वतन्त्र र उन्मुक्त रहेर विश्वलाई अध्ययन, अनुभव र ज्ञान आर्जन गर्ने अवसर प्राप्त गरेको हुन्छ । संसारका धेरै विद्वान्हरू जो महान् लेखक, साहित्यकार, कलाकार, चिन्तक, दार्शनिक र वैज्ञानिकहरू बने, ती अनुभव र ज्ञान आर्जनका लागि साहसिक यात्रामा निस्किएको इतिहास पाइन्छ । यसले आफ्नो ज्ञानलाई विश्वमा विस्तारित गर्दछ र विश्व ज्ञानलाई आफ्नो बनाउँछ । वर्तमान अवस्थामा मूल राष्ट्र र विश्व ज्ञानको संयोजनले डायस्पोराको चेतनामा गुणात्मक विकास हुन पुग्दछ ।

नेपाली साहित्य, सङ्गीत र कलाको क्षेत्रमा नयाँ सोच, चिन्तन र सिद्धान्तसहित विश्वज्ञानको प्रभावलाई नेपाली वाङ्गमयको मूल धारमा ल्याउने कार्य भारतीय डायस्पोराका स्रष्टा र कलाकारहरूद्वारा भएको सत्य र इतिहासलाई हामीले आँखा चिम्लिनु हुँदैन । हाल हङकङबाट भयवाद र रेखा साहित्य लेखन, बेलायतबाट नवचेतनाग्रह, डायास्पोरिक सिर्जना सिद्धान्त र युद्ध साहित्य सिद्धान्तको नेपाली साहित्यमा आगमन वादहरूका नक्कलका रूपमा मात्र हेरिनु हुँदैन ।

आज उच्च प्रविधिको विकासले द्रूत गतिमा स्थापित हुन पुगेको साइबर जगत्मा विश्वज्ञान एक ठाउँ बसेर पनि लिन सकिने अवस्था छ, तापनि फरक भूगोलमा पुगेर प्राप्त गरिने ज्ञानको महत्त्व

विशेष र उच्च कोटिको हुन्छ । डायस्पोराको समाज दुई फरक देशको सभ्यता र संस्कृतिको मिश्रित अनुभवले हाइब्रिड चेतनाले विकसित हुन्छ । विश्वका नागरिकहरूसँगको सम्बन्ध र व्यबहारले सङ्कीर्ण सोच र विचारहरूबाट बाहिर निस्किएर फराकिलो हुँदै यी जाति उदात्त भावनाले बनेएका हुन्छन् । यो समुदाय मूल राष्ट्रमा झैँ शान्त र स्थायीत्व प्राप्त समाज नभएर डायस्पोरा अत्यन्त अस्थिर, चलायमान, परिवर्तनशील र सङ्घर्षशील समुदाय हुन्छ । तिनले त्यहाँको अनुकुलता र प्रतिकुलतासँग जीवन सङ्घर्ष गर्दै स्थापित गर्ने इतिहास, मनोविज्ञान, संस्कृति र समाजशास्त्रको परिभाषा नै मूल राष्ट्रको भन्दा बेग्लै हुन पुग्दछ ।

१२. डायस्पोरिक सिर्जनाको विशेषता र महत्त्व :

मानिसले गर्ने साहित्य, सङ्गीत र कलाको सिर्जना उसको भौतिक तथा मानसिक जीवन र जगत्को अनुकरणात्मक कार्य हो । त्यसो हुँदा मूल राष्ट्रको भन्दा डायस्पोराको सिर्जना भिन्न भएर आउँदछ । डायस्पोरिक सिर्जनाका विषयवस्तु र लेखकीय सन्दर्भहरू अनेक भएर आउँछन् । विषयगत विविधता, वैश्विक परिवेश, अन्तर्राष्ट्रिय पात्र पात्रा, नौलो चरित्रचित्रण, फरक भौगोलिकता, फरक ऐतिहासिकता, फरक जीवन पद्धति र अनुभूतिले रङ्गिएर डायस्पोरिक सिर्जना मन, भावना, संवेदना र गहिरो अतीतमोहले मूल राष्ट्रसँग जोडिएर आउँदछ । यही नै डायस्पोरिक सिर्जनाको मौलिकता र विशेषता हो । डायस्पोरा जीवनलाई फरक ढङ्गले भोग्न र अनुभूत गर्न पाइने स्थान भएकोले डायस्पोरिक सिर्जनाको क्षेत्र व्यापक हुन्छ ।

डायस्पोरिक सिर्जनाले मूल राष्ट्रको वाङ्मयमा नयाँ आयाम भर्ने कार्य गर्दछ । मूल राष्ट्रको वाङ्गमयको श्रीवृद्धि र विस्तारका निम्ति डायस्पोरिक सिर्जनाको महत्त्वपूर्ण भूमिका रहन्छ । डायस्पोराले मूल राष्ट्रको सृजनालाई विश्वमा लैजाने र विस्तार गर्ने र विश्वको सिर्जना वा विश्व ज्ञानसहितको सिर्जनात्मक सन्दर्भहरूलाई मूल राष्ट्रमा ल्याउने दोहोरो राजमार्गको कार्य गर्दछ । मूल राष्ट्रको लागि मात्र नभएर होष्ट राष्ट्रको निम्ति पनि डायस्पोरिक सिर्जनाले महत्त्वपूर्ण प्रभाव पारिरहेको हुन्छ ।

१३. डायस्पोरिक मान्यताहरू:

क. भौगोलिक व्यापकता
ख. ऐतिहासिक विविधता
ग. सांस्कृतिक सम्मिश्रण (रसायनिकता)
घ. ठिमाहा संस्कृति (हाइब्रिड कल्चर)
ङ. नोस्टाल्जिया (गृहविरह, अतीतमोह)
च. डायस्पोरिक जीवन दर्शन

उपसंहार :

डायस्पोरालाई हेर्ने यस्तो सैद्धान्तिक अवधारणाले डायास्पोरिक सृजनाको मौलिक रूप र सौन्दर्य अथवा यसको वस्तुगत या रूपगत कलात्मकता, भावगत र विचारगत सौन्दर्यको पहिचान गर्ने क्षमता र कलाको विकास हुन मार्ग प्रशस्त गर्दछ । यो सिद्धान्त र चिन्तनले डायस्पोरिक सृजनाको मौलिक रूप, रङ, सौन्दर्य र उपादेयताको अर्थबोधलाई मात्र प्रकाशमा ल्याउँदैन, यसले मूलधारको वाङ्गमयको बहुलता, व्यापकता र आयामिकतालाई पनि विस्तारित गर्दछ ।

युद्धसाहित्य सिद्धान्त

गणेश राई
काङ्माङ नरेश राई
अप्जसे कान्छा

१. पृष्ठभूमिः

मानव जातिको सृष्टिसँगै कलभ्ह्मगडा, रिसइबी, आँखीडाही आदि भ्ह्मगडालु प्रवृत्तिको विकास भएको हो । तथापि सानो स्केलको (घरेलु) भ्ह्मगडा अर्थात् लडाइँलाई सस्थागत गर्ने काम भने भ्ह्मगडालु दस्तालाई हातहतियासद्वारा सशस्त्र पारिएपछि मात्र सम्भव भएको पाइन्छ । इतिहासलाई केलाउने हो भने मानव जातिको सृष्टि जतिखेर भयो त्यतिखेर सीमित ज्ञान, भाषा, संस्कार, संस्कृति, धर्म आदि थिए र पनि मानिसमा वैमनस्यता थियो, मान्छेबीच दुश्मनी थियो । जसको कारण युद्ध भएको प्रमाण इतिहासमा भेटिन्छ । अति प्राचीन कालमा समेत युद्ध लडिएको तथ्य पौराणिक ग्रन्थहरूमा पाइन्छ । पहिलेका धार्मिक लडाइँ र त्यसमा प्रयोग गरिएका लडाइँको सामग्री, अथवा गाउँ इलाकाका युद्ध सरदारले गठन गरेका लडाकु समूह र तिनले प्रचलनमा ल्याएका घरेलु हतियार, राजा महाराजाहरूद्वारा सङ्गठित सिपाहीका पल्टन र उनीहरूले चलाउने हातहतियारको विकसित रूप नै आजको अस्त्रशस्त्रको होडबाजिको चरम रूप हो ।

युद्ध सबै प्रयासको अन्तिम विकल्प अर्थात् निचोड (हारजित) को निम्ति प्रयोग गरिने अन्तिम अस्त्र भएको तथ्य वार्ता विफल भएपछिको परिणामले पुष्टि गर्दै ल्याएको छ । वार्ता असफलतातिर धकेलिनु भनेको सैन्य कारवाही नजिकिनु भन्ने बुभ्ह्मिन्छ । त्यसैले विशेष काल परिरुथितिमा युद्ध अवश्यमभावी हुन्छ भन्ने कुरा पनि इतिहासको विभिन्न कालखण्डमा भएका साना ठूला युद्धले पुष्टि गरिल्याएको छ । अतः चाहेर होस् या नचाहेरै किन नहोस् आफ्नो साख बचाउने उद्देश्यको खातिर वा आफ्नो स्वार्थ परिपूर्ति गर्नको लागि भए पनि युद्ध भएरै छाड्दोरहेछ । आदिम ढुङ्गे युगदेखि आजको अत्याधुनिक समयसम्म युद्ध रोक्ने जति प्रयत्न गरिए पनि युद्ध स्थायी रूपमा अन्त्य गर्न कसैले सकेको छैन र भविष्यमा पनि सक्ने छैन । युद्धको निरन्तरता जारी छ र जारी रहनेछ । फरक कति मात्र हो भने समयानुसार युद्धको स्वरूप भने अवश्य बदलिएको छ । परिवर्तित युद्धको प्रकृति मानव बौद्धिकताका कारण अरू घातक र बढी विनासोन्मुख बन्दो छ । यसरी आदिम कालदेखि नै युद्ध लडिँदै आए पनि केही धार्मिक ग्रन्थहरूमा युद्धबारे यदाकदा लिपिबद्ध हुनुबाहेक तिनको खासै चर्चा नभएको तथ्य इतिहासले प्रस्ट्याउँछ ।

भनिन्छ, अमेरिकी सिभिल वारको समयबाट लडाइँ अर्थात् युद्धसम्बन्धी लेखनको शुभारम्भ भएको हो । यस समयको लेखनलाई युद्धसाहित्यको थालनी मान्ने हो भने यो सन् १८६१–१८६५ को समय भनी बुभ्ह्मनुपर्ने हुन्छ, जुन समय अमेरिका आन्तरिक युद्धबाट आक्रान्त रह्यो ।। उसो त सन् १८५३ देखि १८५६ सम्म भएको क्रिमियमन (Crimean War) युद्धबारे लियो टोल्सटोयले Sevastopol नामक कृति (१८५५) प्रकाशित गरेको पाइन्छ । अमेरिकि सिभिल वार सकिएकै हाराहारीमा टोल्सटोयको अर्को

प्रख्यात कृति वार एन्ड पिसको लेखन भएको देखिन्छ, यद्यपि उक्त कृति सन् १८६९ मा पहिलोचोटि प्रकाशन भएको थियो । सन् १८७९ को एङ्गलो जुलु युद्ध (Anglo Zulu War), सन् १९१४ देखि १९१८ सम्म पहिलो विश्वयुद्ध (First World War), सन् १९३५ देखि १९४५ सम्म दोस्रो विश्वयुद्ध (Second World War), सन् १९५० देखि १९५३ सम्म कोरिया युद्ध (Korea War), सन् १९५५ देखि १९७५ सम्म भियतनाम युद्ध (Vietman War), सन् १९८२ सालको फोकल्याण्ड युद्ध (Falklands War) र सन् १९९० देखि १९९१ को गल्फ युद्ध (Gulf War) अहिलेसम्म लडिएका ठूला युद्ध हुन् । तीबाहेक अनगिन्ति अन्य युद्ध पनि लडिएका छन् । साथै ती बारे पनि साहित्य लेखिएका छन् । तथापि प्रथम र दोस्रो विश्वयुद्धको सयममा सबैभन्दा बढी युद्धसाहित्य लेखिएको पाइन्छ । यही समयमा युद्धबारे लेखिएका साहित्यले पाठकलाई अनन्त प्रभाव पार्न सफल भयो, जसको कारण युद्धबारे लेखिएका फरकफरक विधाका लेखनले स्पष्ट बाटो लियो र त्यसलाई वार राइटिङ war writing अथवा वार लिटरेचर war literature भनियो । युद्धसाहित्य यही समयमा स्थापितसमेत भयो । अन्य युद्धबारे पनि प्रसस्त साहित्य लेखिएका छन् र लेखिने क्रम निरन्तर छ, जसरी युद्ध चलिरहेको छ उसरी नै युद्धलेखन पनि चलिरहेको छ । साहित्य भनेको मानिसले भोगेको अर्थात् अनुभव र अनुभूतिबारे लेखिने भएको कारण युद्धको घातकता र संवेदनशीलताबारे लेखिन जति जरुरी छ उति नै पठन र मनन गर्नु पनि आवश्यक छ ।

२. विश्वसाहित्यमा युद्धसाहित्यः युद्धबारे विभिन्न भाषामा लेखिएका युद्धसाहित्य विश्वमा अनगिन्ति छन् । तीमध्ये केहीको यहाँ उल्लेख गर्न सान्दर्भिक ठानिएको छ । जस्तै बेलायतका कवि Lord Tennyson ले क्रिमियम युद्धको समय सन् १८५४ मा The charge of the light Brigade शीर्षकको कविता लेखेका थिए । त्यही समयमा अर्का बेलायती कवि Sir John Henry Birchenough ले पनि क्रिमियम युद्धको घातकताबारे कविता लेखे । विश्वप्रसिद्ध रुसी उपन्यासकार लियो टोल्सटोयले क्रिमियम युद्धबारे Sevastopol लेखे । उनै टोल्सटोयद्वारा लिखित युद्ध र शान्ति (War and Peace) विश्वविख्यात उपन्यासमा दरियो । यसरी क्रिमियम युद्धको घातकताबाट सुरु भएको युद्धसाहित्य लेखनलाई अमेरिकी सिभिल वारको संवेदनाले मलजल थपेर हरियाली बनायो, अझ झाँगियो । पहिलो विश्वयुद्धपछि झन् मौलायो ।

पहिलो विश्वयुद्धबारे बेलायती कवि Wilfred Owen ले The War poems of Wilfred Owen लेखे । विभिन्न कविहरूको संयुक्त कवितासङ्ग्रह Up the line to death पनि छापियो । त्यस्तै Rupert Brooker, Elenor Farjeon, Gilbert Grankau, Robert Graves, Julian Grenfell, Thomas Hardy, Rudyard Kipling, John Maccrae, Henry Newbolt, Robert Nichols आदिले समेत पहिलो र दोस्रो विश्वयुद्धबारे लेखे ।

युद्ध उपन्यासहरूमा Alfred Noyes को The Lusitania Waits र The Log of the Evening Star का साथै Erich Maria Remarque को I am Westen Nichts Neues प्रमुख हुन् भने इटालीमा स्वास्थ्यकर्मी भएर पहिलो विश्वयुद्ध लडेका अमेरिकी लेखक/साहित्यकार Ernest Hemingway ले प्रख्यात कृति A Farewell To Arms लेखे । नाटकमा RC Sheriff को Journey's End (1928), Joan Littlewood को Oh,

What a lovely War ! (1963), Peter Whelen को The Accrington Pals र Stephen Macdonald को Not about Heroes आदि प्रख्यात छन् ।

कोरिया युद्धको प्रभावमा युद्धकविता लेख्ने चर्चित अमेरिकी कविहरू Ronaldo Hinojosa र William Wantling हुन् । भियतनाम युद्धले पनि Michael Vasey, WD Ehrhart, Yusef Komuyakaa, Bruce Wegl जस्ता प्रभावशाली युद्धकवि जन्मायो । फोकल्याण्ड युद्धले Harry Benson, Chris Parry, Mike Seear आदिलाई लेखन क्षेत्रमा चिनायो । इराक युद्धका कवि Brian Turner को कवितासङ्ग्रह Here Bullet (2005) प्रसिद्ध छ । त्यस्तै मिजास तेम्बे, काङ्माङ नरेश राई र अप्जसे कान्छाद्वारा सम्पादित कवितासङ्ग्रह Gurkha War Poems (2013) पनि प्रकाशित भएको छ जसमा अफगान युद्ध र अन्य युद्धको अभिघात बारेमा लेखिएको छ । सन् २०१५ मा कवि कथाकार रक्ष राईको Poet in Killing Zone बजारमा आयो । काङ्माङ नरेश राईकै अर्को कृति Fearless Warrior र कैलाश लिम्बूको My Life in the Gurkhas कृतिहरू सन् २०१६ मा प्रकाशित भए । गोर्खाली योद्धा स्वयम्द्वारा सृजित यी कृतिले अन्तर्राष्ट्रिय पाठकलाई गोर्खालीको युद्ध विभीषिका र मनोविज्ञान बुझ्न मद्दत गर्नेछ ।

३. नेपाली साहित्यमा युद्धसाहित्य :

परिभाषा: उसो त अन्य साहित्यको तुलनामा नेपाली साहित्य लेखनको इतिहास उति लामो छैन । समग्र नेपाली साहित्य लेखनको छोटो इतिहासमा युद्धसाहित्य लेखनको लामो इतिहास खोज्नु ठट्टाकै विषय बन्न सक्छ । केही समय अघिसम्म पनि शिरीषको फूल या चपाइएका अनुहारजस्ता कृतिलाई नेपाली साहित्यले युद्धसाहित्य मान्नुपर्ने अवस्था थियो । योद्धाहरू बग्रेल्ती गाउँ ठाउँमा लडाइँका कथा सुनाई हिँड्दा पनि ती टाइम पास गर्ने विषयभन्दा माथि उठ्न सकेनन् या उठाइएन नेपाली समाजका विद्वानहरूद्वारा । यदि ती साहित्यमा उठ्न सकेको भए नेपाली युद्धसाहित्यको अवस्था यति निम्छरो निश्चय नै नहुने थियो । इतिहासको यौटा विशाल कालखण्ड नेपाली युद्धसाहित्यले गुमाएको यथार्थ माझ नेपाली युद्धसाहित्य लेखनले ताते गर्ने प्रयत्न गरिरहेको छ । हामीसित युद्धका कथाको ठाउँमा पश्चात्ताप मात्र बाँकी छ । चुकचुकाउनु या थकथकाउनुको विकल्प नेपाली युद्धसाहित्यसित छैन । समयले यो पक्षलाई स्वीकार्नु पर्छ ।

समग्र नेपाली समाजको शैक्षिक अवस्था विकराल रहेको त्यस समय पराया देशका लागि लड्न जाने 'लाहुरे' (नेपाली समाजले दिएको उपनाम) को स्थिति सामान्य कखरासम्म पनि छिचोल्न नसक्ने अवस्थाको रहनु उनीहरूको दोष थिएन । सामान्य अक्षर चिन्ने र चिठीसम्म लेख्न सक्ने उनीहरूलाई फौजी सिकाइले बनाएको हो । प्रकाशनको अति प्रतिकूल परिस्थिति, अविकसित पठन परम्परा र कमजोर शिक्षाका कारण योद्धाहरू स्वयम्द्वारा युद्धका अनुभूति, संवेदना, भयावहता, बर्बरता आदिबारे लेखिन असम्भव हुनुका यावत कारण युद्धजन्य कुनै पुस्तक नेपाली साहित्य भण्डारमा नपाइनु खेदको विषय हो । भोट र अङ्ग्रेज युद्धबारे पनि शून्य छ नेपाली युद्धसाहित्याकाश ।

समय एक नासे रहिरहँदैन । आजका योद्धा पुस्ताले विगतको गल्तीबाट शिक्षा लिई आफूले भोगेको सिपाही जीवन लेख्न थालेका छन् यद्यपि त्यो पर्याप्त छैन । र जति लेखिएको छ, लेखिँदै छ त्यतिले नेपाली युद्धसाहित्य समुन्नत बन्न यथेष्ट हुँदैन । तथापि गोरेटो खन्ने काम निरन्तर चलिरहेको छ । यति नै भनेको पनि नहुनु मामाभन्दा कानो मामा ठीक भनेजस्तै

हो ।

युद्धको नाउँमा मनपरि गर्ने छुट कसैलाई हुँदैन । युद्धको जसरी नियम हुन्छ, युद्धसाहित्य लेखनको पनि नियम हुनुपर्छ, परिभाषा हुनुपर्छ, सिद्धान्त हुनुपर्छ । सैद्धान्तिक कसीबाट लेखिएको हुनुपर्‍यो युद्धलेखन । त्यसैले सिद्धान्त अनुरूप लेखिएको युद्ध विवरणलाई युद्धसाहित्य मान्नुपर्ने हुन्छ । युद्धसाहित्य बुझ्न द्वन्द्व र युद्धको प्रकृति र प्रभाव बुझ्न सक्नुपर्छ, साथै प्रवृत्तिगत विशेषता पनि चिन्न सक्नु पर्दछ । द्वन्द्वले नै युद्धको रूप लिए तापनि या युद्धमै द्वन्द्व भए पनि यसको प्रकृति, प्रवृत्ति, भूगोल, आचरण, संरचना, कर्म, कर्ता आदिले द्वन्द्व र युद्ध बीचको असमानता छुट्टिने गर्छ । गृहयुद्ध, जनयुद्ध, क्रान्ति आदिको प्रकृति र प्रभावसित देश देशबीच लडिने युद्ध अथवा विश्वयुद्धसँग छिटफुट समानता रहे पनि तिनको प्रवृत्तिगत विविधता अनि संरचनात्मक अन्तरका कारण द्वन्द्व र युद्धमाझ व्यापक असमानता र पृथकता हुने गर्दछ । यसरी द्वन्द्व र युद्ध हेराइमा यौटै जस्तो देखिए तापनि बुझाइमा व्यापक फरक हुने हुनाले त्यसबारे लेखिएका साहित्य पनि फफाल्टो हुनु द्वन्द्व र युद्धको प्रवृत्तिगत एवम् संरचनात्मक विशेषताकै कारण हो । युद्ध अथवा लडाइँ भन्ना साथ हातहतियारको प्रयोग हुन्छ, त्यसमा कुनै असमानता छैन । असमानता कति, कसरी र कस्तो अवस्थामा असमानता हुन्छ भन्ने प्रश्न प्रमुख हो ।

विश्वसाहित्यमा युद्धसाहित्यको अभिन्नता र उपलब्धि महत्त्वपूर्णका अतिरिक्त ऐतिहासिक रहे तापनि नेपाली साहित्यमा युद्धसाहित्यको इतिहास लेखिएको पाइँदैन । कस्तो साहित्यलाई युद्धसाहित्य मान्ने भन्ने स्पष्ट सिद्धान्त र मापदण्ड (मानक) पनि तयार नपारिएको अवस्था छ । केही गोर्खाली अर्थात् लाहुरे कवि लेखकहरूले युद्धबारे लेखे पनि उनीहरूद्वारा लिखित साहित्यले स्पष्ट आकार र मार्ग तय गर्न नसकिरहेको स्थिति हामी माझ छ । नेपाली युद्ध लेखनको यदाकदा चर्चाबाहेक खासै चर्चा हुन नसकिरहेको स्थितिमा युद्धसाहित्यको उपलब्धि कृतिबारे चर्चा गर्ने र त्यसको सैद्धान्तीकरण गर्ने जमर्को गरिएको छ ।

युद्ध चेतना भएको पहिलो नेपाली कृति तुलाचन आलेको **मणिपुरको सवाई** सन् १८९३ हो भन्ने तथ्य पुरण राईको कृति **डायस्पोराः लाहुरे स्रस्टा र कविता**ले बताउँछ । तुलाचन आलेदेखि अप्जसे कान्छासम्म (डेढ शताब्दी) आइपुग्दा पनि युद्धसाहित्यलाई नेपाली साहित्यमा स्थापित गर्न तथा युद्धसाहित्य लेखनको संरक्षण र प्रवर्धन गर्न गतिलो पहल भएको छैन । युद्ध चेतनामय थुप्रै कृतिहरू नेपाली साहित्यमा जन्मिए पनि ती कृतिले नेपाली युद्धसाहित्यको स्पष्ट बाटो लिन सकेको छैन । स्पष्ट आकार अनि अस्तित्व ग्रहण गर्न नसकी रहेको नेपाली युद्धसाहित्य डाँडापारि टिलपिलाइरहेको मधुरो जूनजस्तो मात्र छ । यिनै तीतो सत्यलाई हृदयङ्गम गर्दै युद्धसाहित्यलाई नेपाली साहित्यको अभिन्न अंगको रूपमा परिचित र स्थापित गर्ने गहन एवम् चुनौतीपूर्ण उद्देश्यका साथ युद्धसाहित्य सिद्धान्त तयार पार्ने प्रयत्न गरिएको हो ।

युद्धसाहित्यलाई सैद्धान्तिकृत गर्नका लागि यसका केही ऐतिहासिक तथ्य र सन्दर्भहरू जोड्न अपरिहार्य हुन्छ । यही अनुरूप नेपाली युद्धसाहित्यको इतिहासलाई तीन भागमा वर्गीकरण गरिएको छ ।

प्रारम्भिक नेपाली युद्धसाहित्य : नेपालले सन् १७८८–१८८९ मा तत्कालीन भोट (तिब्बत) विरुद्ध र सन् १८१४–१८१६ नालापानीमा अङ्ग्रेज मातहत इष्ट इन्डिया कम्पनी विरुद्ध सर्वथा पहिलो र दोस्रो युद्ध लडेको इतिहासमा पाइन्छ । ती युद्धहरूको प्रभावमा लेखिएका युद्धसम्बन्धी कृतिहरू नेपाली साहित्यको भण्डारमा अद्यापि भेटिएको छैन । तथापि तिनको प्रभावबारे लेखिएको युद्धसाहित्यलाई प्रारम्भिक नेपाली युद्धसाहित्य मान्नुपर्ने हुन्छ ।

मध्यकालीन नेपाली युद्धसाहित्य : इ.सं. १८१५ को सुगौली सन्धिपछिका दिनहरूमा नेपालले कुनै अर्को राष्ट्रसित युद्ध नगरे तापनि नेपाली अथवा

गोर्खालीहरूले बेलायती साम्राज्य बिस्तारको लागि पहिलो र दोस्रो विश्वयुद्धमा प्रत्यक्ष सहभागी भई युद्ध लडे । संसारभर नेपालीलाई बहादुर, वीर, पराक्रमी भनी चिनाए । ती युद्धहरूको असर, प्रभाव, प्रकृति, प्रवृत्ति आदि विषयवस्तुमाथि लेखिएका साहित्यलाई मध्यकालीन युद्धसाहित्य मान्न सकिन्छ । यिनै महायुद्धको समयमा युद्धबारे अत्यधिक साहित्य रचिएको र सबैभन्दा बढी युद्धको प्रभावसमेत यही समय साहित्यमा परेको हो । यही कालखण्डमा विश्वमा धेरै कालजयी युद्धसाहित्यहरू लेखिए । विश्वमा युद्धसाहित्यले आफ्नो घनिभूत उपस्थिति दर्शाएको र स्थापित भएको स्थितिमा पनि थोर बहुत लेख्ने गोर्खाली कवि लेखकहरूले लेखेको युद्धसाहित्य अझै पनि ओझेलमा परेको देखिन्छ । युद्धसम्बन्धी केही प्रख्यात गीतहरू मास्टर मित्र सेनले यही समयको सेरोफेरोमा लेखेका र गाएका हुन् ।

आधुनिक नेपाली युद्धसाहित्य : दोस्रो विश्वयुद्धको समाप्तिपछि संसारमा थप युद्ध हुन नदिने उद्देश्यका साथ संयुक्त राष्ट्र सङ्घको स्थापना गरियो । यद्यपि युद्ध रोकिएन, अर्थात् संयुक्त राष्ट्र सङ्घले युद्ध रोक्न सकेन । बरु त्यसको रूप व्यापक परिवर्तन भयो । संयुक्त राज्य अमेरिका र सोभियत सङ्घको गुटबन्दीका कारण चरम दुश्मनीको विकास हुन गयो । शीत युद्धको भय र असर विश्वभर फैलाइयो । अत्याधुनिक हतियारको होडबाजिको शृङ्खलाले विश्व आतङ्कित बन्यो । कुनै कारण या निहुँमा संयुक्त राष्ट्र सङ्घ या उत्तर अटलान्टिक सन्धि सङ्गठन (NATO) को सङ्लग्नता होस् या वार्सा प्याक्टको नाउँमा सोभियत सङ्घको हस्तक्षेप होस् शक्तिशाली देशले निर्बल देशमाथि प्रत्यक्ष या परोक्ष हस्तक्षेप गर्ने कामको थालनी गरियो । आतङ्कवाद समाप्त पार्ने बहानामा युद्धको निरन्तरता कायमै छ । प्रथम र द्वितीय विश्वयुद्ध बाहेक गोर्खालीहरूले बोर्नियो युद्ध, फोकल्याण्ड युद्ध, कोसोभो युद्ध, कारगिल युद्ध, चीन भारत युद्ध, इष्ट टिमोर युद्ध, इराक र अफगानिस्तान युद्ध लगयतका युद्ध लडेका छन् । यिनै युद्धहरूको घटना र प्रभावबारे लेखिएका युद्धसाहित्य आधुनिक नेपाली युद्धसाहित्य हुन् ।

आधुनिक युद्धसाहित्यको मेसोमा हर्षध्वज राईको **एक गोर्खाली आत्मकथा,** लेखक/साहित्यकार गणेश राईकृत **राइफलले फलाकेको जिन्दगी** कवितासङ्ग्रह, **राइफलको नालबाट जीवन नियाल्दा** उपन्यास, **युद्ध एम्बुसमा राइफलको सङ्गीत** उपन्यास, **राइफलको मूर्च्छना** उपन्यास, भीम विरहीको उपन्यास **विदेशी सिपाही,** काङ्माङ नरेश राईको उपन्यास **युद्ध बोकेको सिताङ,** दीपा लिम्बू राईकृत कवितासङ्ग्रह, **युद्ध सहअस्तित्व र सृजना**, काङ्माङ नरेश राई र अप्जसे कान्छाद्वारा सम्पादित युद्ध कवितासङ्ग्रह **युद्धमा हराएको प्रेम,** मिजास तेम्बे, काङ्माङ नरेश राई र अप्जसे कान्छाद्वारा सम्पादित कवितासङ्ग्रह **Gurkha War Poems (2013)**, रक्ष राईकृत poet in killing zone: war poem आदि कृतिहरू पर्दछन् । त्यस्तै काङ्माङ नरेश राईको **खुकुरीको धारमा दुई शताब्दी** विभिन्न योद्धाहरूको अनुभवलाई समेटी सम्पादन गरिएको युद्धकृति हो । यस कृतिलाई Fearless Warrior नाउँ दिई अङ्ग्रेजीमा अनुवाद गरी सन् २०१६ मा प्रकाशन गरिएका कारण अन्तर्राष्ट्रिय पाठकलाई समेत यसले ठूलो प्रभाव पार्न सफल भएको छ । त्यस्तै कैलाश लिम्बूबाट अङ्ग्रेजी भाषामै लिखित अर्को सफल पुस्तक My Life in the Gurkhas (2016) ले पाठकलाई अफगानिस्तानको युद्ध क्षेत्रमा पुऱ्याउँछ । सम्भवतः यही कृति नै गोर्खाली योद्धाद्वारा अङ्ग्रेजी भाषामा लिखित प्रथम युद्धसाहित्यको पुस्तक पनि हो ।

सन् २०१७ मा प्रकाशित कृतिहरूको सूचीमा गणेश राईको फोकल्याण्ड युद्धबारे लेखिएको **फोकल्याण्ड जर्नल** कथालयले प्रकाशन गरेको नयाँ कृति हो भने काङ्माङ नरेश राईको **पपिफूल** पनि

हालै छापिएको नवीन कृति हो । उनको **नोभेम्बर ११** (छापामा) रहेको निकट भविष्यमा आउने युद्धसाहित्यको अर्को कृति हो । युद्धसाहित्यका थप कृतिहरू पनि आगामी दिनमा अवश्य आउनेछन् । भारतीय सेनामा कार्यरत या सेवा निवृत्तबाट पनि युद्धसाहित्यका पुस्तक लेखिएका होलान् दुर्भाग्य ती पुस्तक हात पर्न नसकेका कारण लिपिबद्ध हुन सकेनन् ।

यसका साथै युद्ध चेतना नजिक रही लेखिएका केही कृतिहरूमा रक्ष राईको कवितासङ्ग्रह **शालिक उभिएर गोर्खाली**, मुलीवीर राईको उपन्यास **हरियो पर्खाल** हुन् । यसका अतिरिक्त नेपाली युद्धसाहित्य बारे यदाकदा कलम चलाउनेहरू टंक वनेम, देवेन्द्र खेरेस, मुकेश राई, अन्जु अञ्जली, लारा, विजय हितान, मनोरमा सुनुवार, विशद, बिमल चाम्लिङ, देश सुब्बा, टंक सम्बाहाम्फे, अशोक राई, बिमल गिरी, नरेश सुनुवार, स्व. स्वप्निल स्मृति, हाङयुग अज्ञात, नरेश नाति, जगत नवोदित, ईश्वर चाम्लिङ लगायतसमेत पर्दछन् ।

४. युद्धसाहित्यको उद्देश्यः

युद्ध लेखन योद्धा जीवनको टिपोट हो चाहे त्यस लेखनमा युद्धको कुनै पनि अवस्थाबारे विवरण समेटिएको किन नहोस् । युद्धपूर्वको अवस्था युद्धकै निम्ति गरिने तयारी भएकाले त्यो युद्धसाहित्यकै यौटा पाटो हो । जहाँ युद्धमा जस्तो जीवनको हदै जोखिम नभए तापनि जीवन जोखोन्मुख निश्चय नै हुन्छ । भय, त्रास, पीडा, प्रताडना र बीभत्सता अभिघातको अर्को रूप हो । जो युद्धपूर्वको स्थितिको तुलनामा युद्धरत अवस्थामा बढी घनिभूत हुन्छ । युद्धरत अवस्था युद्धको विकराल रूप हो अर्थात् 'क्लाइमेक्स' जहाँ योद्धाको जीवन उत्सर्ग पनि हुन सक्छ । युद्ध पश्चात्को अवस्थासमेत कम भयावह किमार्थ हुँदैन । त्यसमा पनि योद्धा जीवनको र योद्धासित थुप्रै प्रत्यक्ष वा परोक्ष अन्तरनिहित जोखिम र चुनौती हुने गर्छ । तथापि यो अवस्थाबाट गुज्रिनुपर्ने बाध्यता जो कोहीलाई नभई सीमित केही जो युद्धमैदानमा घाइते वा अपाङ्ग हुन्छन् त्यस्तालाई बढी हुने हुन्छ । मानसिक अवस्थामा गम्भीर असर परेका, युद्धमा आफन्त गुमाई सहाराविहीन बनेकाहरूको मानसिक व्यवस्थापन गर्न युद्धमा परेकालाई जस्तै गाह्रो हुन्छ । त्यसैले युद्धसाहित्यको विशेषता भनेको योद्धा जीवनको विभिन्न अवस्थितिको सही र साँचो टिपोट पेश गरी समाजलाई युद्ध विभीषिका बारे अपडेट गराउनु हो । युद्धको संवेदना पाठकलाई अनुभव गर्न सिकाउनु हो । र सबैभन्दा महत्त्वपूर्ण विषय भनेको युद्ध हुन नदिने समाजको तयार गर्नु हो ।

युद्धसाहित्य पढ्दा पाठकको मनोविज्ञान भयोन्मुख अथवा डर, त्रासमय बनिनु युद्धसाहित्य लेखिनुको लक्ष्य वा उद्देश्य नभई त्यसो हुनु युद्धसाहित्यको प्रकृति हो । युद्धसाहित्यको प्रभावको असली चरित्र हो । जस्तो कि बम देखेपछि त्यो बिस्फोट होस् या नहोस् देख्नेको अन्तरआत्माभित्र भय अर्थात् डर त्रासको सृजना स्वाभाविक (आप से आप) हुन्छ । युद्धसाहित्यले पनि त्यस्तै जस्तो आफ्नो प्रभाव पार्नु, प्रभाव छाड्नु युद्धसाहित्यको खास विशेषता हो । तर, युद्धसाहित्यको उद्देश्य भनेको मानिसमा डर त्रास सृजना गरी पाठकलाई अथवा समाजलाई त्रासमा पारी सन्त्रासको आहालमा चुर्लुम्म डुबाउनु कदापि होइन । युद्धसाहित्यले त बरु जीवनबारे फाल्टै मनोविज्ञानले जीवनलाई हेर्न र बुझ्न पो सिकाउँछ । अप्ठ्यारो परिस्थितिमा जीवनप्रतिको धैर्यता र जीवनलाई अरू साहसिकसमेत बनाउन मद्दत गर्छ । सिपाही हुनुको काम, कर्त्तव्य, व्यवहार र अनुशासन अनि युद्धको भयावहतामा उसको जोखिमता उन्मुख जीवनले खेपेको जोखिमको खाटी पाठ पढाउँदै जीवनलाई हेर्ने र बुझ्ने अर्को ज्ञान अथवा नवीन दृष्टिचेतको विकाससमेत गराउँछ युद्धसाहित्यले । पाठकको हृदयभित्र मानवता अङ्कुराउने बनाउँछ युद्धसाहित्य अध्ययनले । घृणा हैन प्रेम गर्न सिकाउँछ युद्धसाहित्य लेखनले ।

५. द्वन्द्व र युद्धसाहित्यको विभेद :

द्वन्द्व र युद्धको प्रकृति उस्तै देखिए पनि प्रवृत्ति फरक हुन्छ । जसरी द्वन्द्व र युद्धबीच विभेद छ, उसरी नै द्वन्द्व र युद्धसाहित्य माझ पनि विभेद छ किनभने साहित्य भनेको मूल भोगाइको छाया भनी स्वीकारिएकोले मूल रूप जस्तो हुन्छ उसैअनुसारको छायाकपि अर्थात् प्रतिकपि पनि हुने गर्दछ । त्यसैले द्वन्द्वसाहित्य र युद्धसाहित्य उस्तै लागे पनि तिनमा व्यापक अन्तर हुन्छ । अन्तरनिहित विभेद बुझ्न तिनको प्रवृत्तिगत विशेषता केलाउनुपर्ने हुन्छ साथै प्रकृतिगत अध्ययन गर्नुपर्ने हुन्छ ।

द्वन्द्वसाहित्य

युद्धसाहित्य

१. छापामार शैली हुन्छ ।

१. छापामार शैली हुँदैन ।

२. बाल सेनाको प्रयोग हुन्छ ।

२. बाल सेना प्रयोग हुँदैन ।

३. चन्दा आतङ्क हुन्छ ।

३. चन्दा आतङ्क हुँदैन ।

४. आत्मघाती बम आक्रमण हुन्छ ।

४. आत्मघाती बम आक्रमण हुँदैन ।

५. अवैधानिक हतियार/माइनको प्रयोग हुन्छ ।

५.अवैधानिक हतियार/माइन प्रयोग हुँदैन ।

६. फरक भूगोल हुँदैन ।

६. फरक भूगोल हुन्छ ।

७. छापामार या विद्रोहीको मापदण्ड र तालिम ।

७. सेनाको निश्चित मापदण्ड र तालिम निश्चित हुँदैन । हुन्छ ।

८. युद्धको अन्तर्राष्ट्रिय मापदण्डको पालन हुँदैन ।

८.अन्तर्राष्ट्रिय मापदण्डको पालन हुन्छ ।

९. सैन्य संरचना र चेन अफ कमाण्ड फेरबदल

९. सैन्य संरचना र चेन अफ कमाण्ड (अनिश्चित) हुन्छ । निश्चित हुन्छ ।

१०. सेना अस्थायी हुन्छ ।

१०. सेना स्थायी हुन्छ ।

६. युद्धसाहित्यको विशेषताहरूः

युद्धसाहित्यका विशेषताहरूलाई तीन वर्गमा वर्गीकरण गरी तिनको व्याख्या गरिएको छ साथै ती वर्गका पनि उपवर्गहरू हुने हुनाले तिनलाई पनि समावेश गरी प्रस्ट्याइएको छ ।

क. **विषयगत विशेषताः**

ख. प्राविधिक विशेषताः

ग. मनोगत विशेषताः

क. विषयगत विशेषताः

अ. युद्ध पूर्व

१. सैन्य दैनिकी

२. युद्धको तयारी

३. अनिश्चित भविष्यको चिन्ता र चिन्तन

४. सैन्य संस्कृति र विकृति

आ. युद्ध काल

१. विजयको आशा

२. मृत्यु भय

३. बीभत्सता

४. निर्भयता

इ. युद्ध पश्चात्

१. युद्ध सम्मान

२. परिवर्तित आचरण

३. पारिवारिक विग्रह

अ. युद्ध पूर्वः जब कुनै व्यक्ति सैन्य सेवामा प्रवेश गर्छ त्यसपछि उसको सैन्य तालिमसितै युद्धकला सिकी सैन्य जीवनको आरम्भ हुन्छ । सैन्य सेवामा अनुबन्ध हरेक सैनिकले युद्ध लडेकै हुन्छ भन्ने हुँदैन । समय र परिस्थितिका कारण कतिपय सिपाही युद्धमा

सहभागी हुने अवसरबाट वञ्चित रही युद्ध नै नलडी सेवा निवृत्त पनि हुनुपर्ने हुन्छ । यद्यपि युद्ध नभएको अवस्थामा युद्धमैदानमा दुश्मन विरुद्ध लड्न नपरे तापनि सैन्य हुनुको नाताले ऊ सधैँ युद्धकै तयारीमा रहन्छ । जसको निम्ति उसले युद्ध लड्न र विजयी बन्नका लागि सिक्न पर्ने सम्पूर्ण युद्धकला सिक्छ र पारङ्गत बन्छ । युद्धको रणनीति, कार्यनीति लगायतका यावत सीपहरू सिक्दै युद्धकै तयारीमा सैन्य जीवन बिताउनु सिपाहीको कर्म र कर्त्तव्य हो । यसै अर्थमा युद्ध पूर्वको अवस्था भनेको सैन्य जीवनको आरम्भदेखि युद्धको निम्ति तयारी गरिन्जेलको अवस्था हो भनी बुझ्नु पर्दछ ।

युद्ध पूर्वका दुई अवस्था हुन्छन् । युद्धको घोषित अवस्था र युद्धको अघोषित अवस्था । युद्धको घोषित अवस्थामा मनोवैज्ञानिक त्रास, भय, चिन्ता, असर आदि व्याप्त हुन्छ साथै मानसिक, शारीरिक र व्यवहारिक व्यवस्थापन र तयारी असामान्य हुन्छ । तर युद्धको अघोषित अवस्थामा गरिने युद्ध अभ्यासका समस्त क्रियाकलाप सहज, सामान्य र भयमुक्त स्थितिमा हुने गर्छ । युद्ध पूर्वको विषयगत विभिन्न अवस्थालाई अझ प्रस्ट्याउन तल गरिएको व्याख्याले थप मद्दत गर्नेछ ।

१. सैन्य दैनिकीः सिपाही भइसकेपछि उसको मुख्य कर्त्तव्य भनेको युद्धको निम्ति सधैँ तयारी रहनु हो । जसको निम्ति उसले परेड खेल्ने, शारीरिक तालिम गर्ने, अनुशासित बन्ने, ट्रेनिङ प्रोग्रामअनुसार युद्ध तालिम गर्ने, विभिन्न हातहतियार लगायत सैन्य सामग्रीको प्रयोग गर्न उचित ज्ञान लिने कार्यमा लागी पारङ्गत बन्छ । फिल्ड क्राफ्ट, वार ट्याक्टिस्, गोली (सुटिङ) हान्ने, दुश्मनलाई झुक्याउने आदि लगायतका आवश्यक युद्ध कला सिक्छ । यसका साथै अझ परिस्कृत बन्न विभिन्न कोर्स क्याडर गर्ने, देश विदेशका सेनासित विभिन्न भूगोलमा संयुक्त युद्ध अभ्यासका एक्सरसाइज गर्ने, युद्धको समयमा सम्पर्कका निम्ति प्रयोग गरिने रेडियो कम्प्युटरबारे आवश्यक अभ्यास गर्ने पनि सैन्य दैनिकीकै अभिन्न भाग भएकाले त्यसबारे पनि अभ्यास गर्छ ।

सिपाही भइसकेपछिको माहौल अर्थात् वातावरण निश्चित फरक हुन्छ । तारबारभित्रको नियन्त्रित जीवन अनुशासन, हुकुम र सैन्य नियम कानुनले बाँधिन्छ । सिभिलियन अर्थात् सामान्य मानिसको पारिवारिक वातावरण, रहनसहन, जीवनशैली आदि भन्दा सिपाहीको जीवनशैली नितान्त पृथक् हुन्छ । यिनै कारणको प्रत्यक्ष प्रभाव प्रत्येक सिपाहीमा पाउन सकिन्छ । चाहे सिपाही फ्यामिलीवाला होस् या फ्यामिलीविहीन मुगलिसे होस् उसको हरेक क्रियाकलापमा सैन्यपनको प्रभाव परेको हुन्छ । सैन्य पेसा र जीवन सैन्य इतरका अर्थात् अन्य पेसा र जीवन यापन गर्न जस्तो सहज र स्वतन्त्र हुँदैन ।

२. युद्धको तयारीः युद्धको तयारी भनेको रियल वार अर्थात् पक्का युद्धमा लड्न जानको निम्ति गरिने बन्दोबस्तीको प्रक्रिया हो । सिपाही र युद्ध एक अर्कामा अन्योन्याश्रित रहेकाले सिपाही जहिले पनि युद्धको तयारी अवस्थामै रहेको हुन्छ । फरक कति मात्र हो भने ऊ कुन भूगोल (ब्याटल थिएटर) र वातावरणीय प्रभाव (ब्याटल थ्रेट) को सामना गर्न जाँदै छ, त्यसैको तयारी हो युद्धको तयारी । जसको निम्ति म्यान्डेटोरी (गरिनै पर्ने) ट्रेनिङ, प्रिडिप्ल्योयमेन्ट तालिम, युद्ध अभ्यास, फिजिकल फिट्नेस, बर्गन मार्च, फोर्स मार्च आदि जस्ता फिजिकल्लीका अतिरिक्त मेन्टल्ली डिमान्डिङ र च्यालेन्जिङ युद्धको पूर्व तयारी पूरा गर्छ । यी सारा प्रक्रिया सफलता साथ पूरा हुनु भनेकै युद्धको सम्पूर्ण तयारी हुनु हो । युद्धमा होमिनु हो ।

३. अनिश्चित भविष्यको चिन्ता र चिन्तनः युद्धको घोषित अवस्थामा हरेक सिपाहीको मनमा आफ्नो अनिश्चित भविष्यप्रतिको गहिरो चिन्ता हुन्छ, चिन्तन हुन्छ, साथै मृत्युको डर पनि उस्तै हुन्छ । युद्धको घोषित अवस्थामा युद्धमा जानु अघि हरेक

सिपाहीले मनभित्र आफ्नो अनिश्चित भविष्यको बारे अनेक कल्पना गर्छ। आफूलाई जति माया गर्छ उत्तिकै माया आफ्नो घरपरिवार, आफन्तलाई गर्छ। मर्न पनि सकिन्छ भन्ने सिपाहीलाई बोध हुँदाहुँदै पनि युद्धमा जानु उसको बाध्यता मात्र नभई परम कर्त्तव्य पनि हुनाले बलिमा चढाएको बोकाजस्तो अवस्थामा ऊ युद्धमा नारिन्छ। यस स्थितिमा सिपाही आफ्नो बाहेक पारिवारिक चिन्ताले ग्रस्त बन्छ। भावशून्य बन्छ। विह्वल बन्छ। युद्धमा मारिएँ भने आफन्त परिवारको के हालत होला भन्ने चिन्ताले उसलाई कड्याप्प अठ्याउँछ। मारिएँ भने त लीलै खत्तम तर, घाइते अङ्गभङ्ग भएँ भने कसरी बाँकी जीवन बिताउने, सामाजिक दृष्टिकोण, व्यवहार या दुर्व्यवहार आदि जस्ता विराट चिन्ता र चिन्तनले सिपाहीको मनलाई अत्यन्तै सताउँछ।

४. सैन्य संस्कृति र विकृतिः सैन्य सेवामा लागिसकेपछि पल प्रतिपल व्यारेकभित्रको अनुशासित जीवनले उसलाई पछ्याइरहन्छ। फौजी रहनसहनका कारण जीवनशैली बदलिन्छ, संस्कार फेरिन्छ। चाडपर्व छुट्टै किसिमले र सामूहिक रूपमा मनाउनुपर्ने स्थितिको अभ्यास गरिन्छ। कोठे र सेक्सन मेसिङ प्रायः कुकहाउसको खान्कीबाट स्वाद फेर्नलाई गरिने चलन हुन्छ। त्यही प्रकृतिको मेसिङ मन मिल्ने साथीभाइ, गुरुजी, गाउँले, साहेब या पूरै इन्टेक (नम्बरी) मिलेर पनि गर्ने गरिन्छ। यसका अलावा समयसमयमा प्लाटुन पार्टी लगायत कम्पनी र बटालियन स्तरसम्मको पार्टीको पनि आयोजना गरिने सैन्य चलन चल्तीमा हुन्छ। यी पार्टी वा मेसिङले मनोरञ्जन दिनुका साथै भेटघाट, आपसी चिनजान, आत्मीयता र सामूहिक भावनाको विकास गराउन ठूलो भूमिका खेल्ने गर्छ। यसो गरिनु सैन्य जीवनको संस्कार अर्थात् काइदा हो जसले आपसी रिसइबी घटाई सम्बन्ध बढाउने र समग्रमा टिम स्पिरिट मजबुत बनाउन सहायता गर्छ।

पदोन्नति हुनेलाई बधाई दिन प्रोमोसन पार्टी, प्लाटुन कम्पनी छाडी अन्य प्लाटुन या कम्पनीमा पोष्टिङ हुनेलाई बिदाइ पार्टी, पेन्सन जानेलाई चिनोसहित फेरवेल पार्टी गरिनुका साथै प्लाटुन कम्पनीमा पोष्टिङ भई आउने र नवागन्तुक फ्यामिलीहरूलाई पल्टने काइदासित परिचित गराउन स्वागतका कार्यक्रम पनि पार्टी गरेरै गरिन्छ। दर्जाअनुसारका विभिन्न मेसहरूमा पार्टीको आयोजना गरिनु सैन्य जीवनको अभिन्न अंगकै रूपमा लिइन्छ। जस्तो कि अफिसर्स मेस, वारण्ट अफिसर्स एण्ड सिनियर एनसिओस् मेस, जुनिएर एनसिओस्हरूका मेस क्लबहरूमा पनि विभिन्न पार्टी फङ्सनको आयोजना गरी सद्भाव, माया स्नेह साटासाट गरिने सैन्य चलन चल्तीमा रहिआएको हुन्छ। खुसीमा मात्र नभई दुःखको बेलामा पनि कसैको मृत्यु भएमा फ्युनेरल परेड खेली सैन्य परम्पराअनुसार दाहसंस्कार गरिन्छ। मृतकको लागि चन्दा सहयोग सङ्कलन गर्ने पनि चलन छ। फ्यामिलीवालाहरू पार्टी फङ्सन गर्ने, नयाँ ठाउँ घुमफिर गर्ने, सौदापात गर्ने, फ्यामिली भिजिटको लागि कम्पनी र वेलफेयर सेन्टरले आयोजना गरेका विभिन्न स्थानहरूको भ्रमण गरी ज्ञान र मनोरञ्जन बटुल्ने चलन पनि पुरानो फौजी परम्परा (काइदा) अन्तर्गत पर्दछ। सामूहिक भावना विकास गर्ने उद्देश्यले गरिने यस प्रकारका जमघटहरू पल्टनघरको धेरै पुरानो चलन हो।

यति गर्दागर्दै पनि संस्कृतिमा विकृति जहाँ पनि हुने गर्छ। त्यसो हुनु मानवीय स्वभाव वा कमजोरी हो। अनुशासन, नियम कानुनले मान्छेको चाहना र भावना या सद्गुण अथवा दुर्गुणलाई बार बेरेर रोक्न नसक्दो रहेछ भन्ने प्रमाण सैन्य जीवनमा पनि बाक्लै पाइन्छ। ती विकृति विरुद्ध जति सजाय, दण्ड जरिवाना गर्दासमेत विकृति नहटी अझ मादक पदार्थ सेवन गरी झगडा कलह गर्ने, तास जुवा खेल्ने, कोरलमा पैसा स्वाहा पार्ने, परस्त्री गमनमा सङ्लग्न हुने, मुकुन्दे प्रवृत्तिमा लागि आफूजस्तै सिपाहीको बिल्लीबाठ पार्ने, पारिवारिक किचलोमा

फस्ने, अर्काको देखासेखी गर्ने, राम्रोभन्दा नराम्रो प्रभावमा चाँडै फसिने आदि जस्ता विकृतिका शृङ्खलाले कतिको सैन्य जीवनका साथै पारिवारिक जीवन पनि धरापमा पर्ने गरेको पाइन्छ। यसका अतिरिक्त प्रोमोसनको निम्ति मोलमाल, चाकरी चाप्लुसी गर्नेको पनि जत्थै हुने गर्छ फौजमा। प्रत्यक्ष वा परोक्ष भाइबन्धु गर्ने, गाउँले आफन्त उकास्नेहरूको भीड पनि रमितलाग्दो भेटिनु सैन्य (विशेष गोर्खाली) परम्पराको विरासतकै रूपमा लिनुपर्ने हुन्छ। कामकाजी बन्ने निहुँमा आफ्नो भाषा, धर्म, संस्कार संस्कृति आदि छाड्ने वा तिरस्कार गर्नेहरू पनि कतिपय पाइने गरिन्छ। विशेष बाल बच्चाहरूलाई घरमा समेत अभिभावकजनले आफ्नो भाषामा नबोलाई अङ्ग्रेजी भाषामा बोलाइनुको परिणाम बाल बच्चाहरू आफ्नै भाषाबाट विमुख हुन परेको अवस्थासमेत विकृतिकै रूपमा विकसित हुँदै गरेको स्थिति छ।

आ. युद्धकालः युद्धको आरम्भदेखि अन्त्यसम्मको अवस्था युद्धकाल हो। अथवा सिपाही युद्धको लागि ब्यारेकबाट निस्केर युद्ध अन्त्य भई पुनः ब्यारेकमा नफिर्दासम्मको अवधि र अवस्थालाई युद्धकाल भनी बुझ्नु पर्दछ। ट्रेनिङ र एक्सरसाइजको दौरानताका गरेको सिकेको सैन्य कार्यको क्लाइमेक्स हो युद्ध। फरक भूगोल, नौलो युद्धभूमि र दुश्मनको अति खतरा (हाइ थ्रेट) हुने भएकाले युद्ध नितान्त फरक र असामान्य हुन्छ। ट्रेनिङ र एक्सरसाइज जस्तो युद्ध पूर्व नियोजित सिलसिलेवार हुँदैन, आपतकालीन अवस्थामा रणनीति प्रायः परिवर्तन भइरहने हुन्छ। जीवनको जोखिम उठाई जीवन मरणको युद्ध लड्नु सिपाही कर्मको अन्तिम लक्ष्य र कर्म भएकाले युद्ध स्वीकार्नु र युद्धमा होमिनु सिपाहीको कर्त्तव्य अनि सर्त हो। युद्धकालको संदिग्नतालाई निम्नानुसार विभाजन गरी सविस्तार व्याख्या गरिएको छ, ताकि युद्धकाल बुझ्न अझ सहज र सरस होस्।

१. मृत्यु भयः युद्धमैदानमा पाइला टेक्नबित्तिकै मृत्यु सम्भावना चरम चुलीमा उक्लिन्छ। पाइला पाइलामा सिपाही जीवन दुश्मनको निशाना बन्छ। फरक भूगोल, दुश्मनको बेगल युद्धकला, बमबार्डको थर्काइ र गोलीको अनवरत पड्काइले परिस्थिति अझ जटिल र हुँदै सन्त्रासपूर्ण बनेको हुन्छ। जस्तोसुकै विषमता रहे पनि सिपाही हुनुको नाता र खाएको कसमका कारण निडरताका साथ युद्ध लड्नैपर्ने हुन्छ। आफूसँगै रणभूमिमा नारिएको सहयोद्धा साथी, गुरुजी, साहेबको आफ्नै आँखा सामु दुश्मनको गोली लागी मारिनु पर्दाको क्षण वा घाइते हुनुपर्दाको अवस्था अति हृदय विदारक हुन्छ। यस प्रकृतिका विषम परिस्थितिले योद्धाको संवेदना अनि मानवताको कठिन परीक्षा लिन्छ। मृत्यु भयले सिपाहीको मन मस्तिष्कलाई नराम्रोसित ऐठन लगाउँछ।

२. बीभत्सताः जब युद्धमा कुनै भयङकर अप्रिय घटना घट्छ र त्यो चरमोत्कर्षको सिपाही हृदयले सामना गर्नुपर्ने हुन्छ, युद्धमा सङ्लग्न निडर योद्धा हुँदाहुँदै पनि ऊभित्र मानवता मूर्च्छा पर्नु सिपाही क्रूरता उन्मुख नहुनुको परिचय हो। युद्धमैदानमा सामना गर्नुपर्ने यस्ता घटनाले सिपाहीको मोरल (आत्मबल) र सोचाइमा असर पर्न जान्छ। युद्धताका बम बिस्फोट हुँदा, दुश्मनको सरप्राइज अट्याकमा पर्दा, माइन/आइइडी (इम्प्रोभाइज एक्प्लोसिभ डिभाइस) अचानक पड्किँदा, दुश्मनसित भीडन्त हुँदा, एम्बुसमा पर्दा, क्रस फायर अर्थात् इनडाइरेक्ट फायर आदिमा परी मरेका र घाइते भएकाहरूका रगत पक्ष अङ्गभङ्ग शरीर आफ्नै आँखाले देख्नुपर्दा, चीत्कार वा याचना कानले सुन्नुपर्दा कल्पनै नगरिएको बीभत्सताको साक्षी बन्न योद्धाहरू बाध्य हुन्छन्। यस्तो स्थितिमा समेत सिपाही कर्तव्यनिष्ठ रही युद्धकर्ममा निरन्तर खटिनु कम चुनौतिपूर्ण हुँदैन।

३. विजयको अभिलाशाः सास रहिन्जेल आस भनेजस्तो युद्ध लडिरहेको दारुण अवस्थामा पनि सिपाही मनको क्षितिजमा विजयको आशा टिलपिलाइरहेको हुन्छ। युद्ध विजेता बनी सकुसल

फर्कन पाऊँ भन्ने असिम आकाङ्क्षा ऊभित्र हुन्छ । विजयको अभिलाशा जीवनप्रतिको सकारात्मक सोच हो जसले सिपाहीको आत्मबल उकास्न मद्दत गर्छ । दुश्मनलाई परास्त गर्न सक्छु भन्ने हिम्मत ऊभित्र भरिन्छ । दुश्मनको थ्रेट विरुद्ध युद्धको योजना बनिन्छ, त्यही मुताबिक आक्रमण र प्रत्याक्रमण गरी दुश्मनलाई परास्त गरी विजयी बन्ने प्रत्येक योद्धाको अभिलाशा हुन्छ । विषमता विरुद्ध जुध्नु र विजयी बन्नु चानचुने विषय होइन । दृढ सङ्कल्पले मात्रै जित हात पर्दैन युद्ध रणनीति र युद्धकलाको सही संयोजन र प्रयोगले मात्र युद्ध जितिने कुरो सिपाहीले बुझेका हुन्छन् र नै उनीहरू विजयको अभिलाशा राख्छन् ।

४. निर्भयता: युद्ध भङ्खालोमा पर्दा नडराउने कोही सिपाही हुँदैन । डर त्रासको बीच पनि कर्त्तव्यपथमा अनवरत खटिरहनु सिपाहीको बाध्यता हुन्छ । मृत्यु नभई जीवन भेट्नु हरेक योद्धाको उद्देश्य हुन्छ । मृत्यु त एकै गोलीले भेटिन्छ तर जीवन भेट्न अदम्य साहस र धैर्यता चाहिने हुन्छ । दुश्मन विरुद्ध जब आमने सामनेको स्थिति आइपर्छ तब सुरु हुन्छ जीवन र मृत्युबीच होडबाजि । सहयोद्धा साथीहरू मारिन्छन्, दुश्मनहरू मर्छन्, कति घाइते हुन्छन्, चिच्याहट र क्रन्दनले व्याप्त हुन्छ युद्धभूमि । दोहोरो गोली हानाहान हुन्छ, बम धरती थर्काउँदै पड्किन्छ, हवाई आक्रमण त्यही बेला सातो खाने गरी आउँछ, यस्तो विकराल अवस्थामा गोला बारुदको बीचबाट सहयोद्धा घाइते साथीहरूको उद्धार गरी सुरक्षित ठाउँमा पुऱ्याई उपचार गरी जीवन बचाउनुपर्ने हुन्छ । पानी मागिरहेकै अवस्थामा कति साथीहरूले वीरगति पाउँछन्, युद्ध युद्धकै क्रूरतामा मच्चिरहेको हुन्छ, दुश्मन मौका छोप्दै यही बेला अगाडि बढिरहेको हुन्छ । ढलेको सहयोद्धा, उसको शरीरबाट बगेको रगत, तत्कालीन माहौल आदिका कारण योद्धामा एक प्रकारको मनोबल सृष्टि हुन्छ कि मर्छु कि मार्छु । यो युद्धको त्यही अवस्था हो जुन अवस्थामा योद्धाभित्र स्वतः अदम्य साहस भरिएर आउँछ, उसको चेत (चेतना) ले केही सोच्दैन शिवाय दुश्मनलाई परास्त गर्न । यो क्षण योद्धाको सोचाइमा डर त्रास हुँदैन । आफ्नै ज्यानको समेत उसलाई उति परवाह हुँदैन । युद्धमा आउने यस्तो अवस्थालाई निर्भयता भनिन्छ ।

इ. युद्ध पश्चात: युद्धको समाप्तिसँगै योद्धाहरूको दुश्मन विरुद्ध लड्नुपर्ने नियतिको अन्त्य हुन्छ । युद्धको अन्त्यसँगै विजयी बनी या पराजित बनी नै किन नहोस् योद्धाहरू (आफ्नो देशको) ब्यारेक फिर्ता हुने प्रक्रियाको आरम्भ हुन्छ । युद्ध लड्न निस्कँदा जस्तो योद्धामा यस अवस्थामा मनोवैज्ञानिक त्रास नभए तापनि उनीहरूमा मानसिक प्रभाव र शारीरिक असर परेको हुन्छ । सिपाहीले युद्धमा भयावह स्थितिदेखि, भोगी पटकपटक मृत्युको ढोकामा पुगी बाँचेर आएको हुन्छ । त्यसैले योद्धामा युद्धको सकारात्मक र नकारात्मक प्रभाव मात्र नपरी प्रत्यक्ष अनि अप्रत्यक्ष असर पनि परेको हुन्छ । यसको फाल्टो फाल्टो चरणलाई तल वर्णन गरिएको छ ।

१. युद्ध सम्मान: युद्धवाद अविजित बनी फर्किने क्रममा योद्धाहरूको सराहना गर्न अनि मनोबल उकास्न ठाउँठाउँमा सानाठूला स्वागत र सम्मानका कार्यक्रमहरू आयोजना गरिएका हुन्छन् । विजयीहरूको सम्मानमा विशाल परेड र मार्च पार्सको कार्यक्रमहरू तय गरी युद्धसम्मान र विभूषण तक्मा दिइन्छ । युद्धमा असाधारण वीरता प्रदर्शन गर्ने अदम्य बहादुरहरूलाई विशेष युद्धपदक (भिक्टोरिया क्रस, मिलिटरिक्रस आदि) मेडलबाट विभूषित गरिने सैन्य परम्परा रहेको हुन्छ । युद्ध विजयी बन्ने क्रममा वीर गति प्राप्त गर्नेहरूको योगदानको पनि उत्तिकै उच्च मूल्याङ्कन गरी फ्युनेरल परेडको आयोजनाका साथ सैन्य सलामी टक्राउँदै दाहसंस्कार गरिन्छ । उनीहरूका परिवारलाई सहानुभूति र राहतस्वरूप क्षतिपूर्ति दिइन्छ । घाइतेहरूलाई उपचार, क्षतिपूर्ति, विशेष पेन्सन र सुविधाको व्यवस्था गरिन्छ ताकि घाइतेका बाँकी जीवन सहजतापूर्वक बितोस् ।

२. परिवर्तित आचरणः युद्धको अभिघात भोगी फर्किएका कति सिपाहीहरू युद्ध लड्न जाँदाको तुलनामा प्रायः उस्तै फर्केका पाइँदैनन् । उनीहरूको आचरण, सोचाइ, शैली परिवर्तन भएको पाइन्छ । कोही विजयको घमण्डले दम्भी हुन्छन् भने कोहीचाहिँ युद्धबाट बिरक्तिन्छन् । कोही युद्धको मनोवैज्ञानिक असरबाट सामान्य प्रभावमा हुन्छन् भने कोही अति प्रभावित हुन्छन् । कति मानसिक रोगी बन्छन् । त्यस्ता व्यक्ति सानोतिनो कुरो र विषयमा पनि अनावश्यक रिसाउने, झर्किने, तर्सिने गर्छन् भने कति युद्धको झझल्कोले झस्किने र डराउने लक्षणले ग्रस्त हुन्छ । युद्धमा गुमेको अंगका परिणाम शारीरिक दुर्बलता र युद्धमा लुटिएको आशाका कारण उजाड जिन्दगीप्रति युद्ध घाइतेहरू आफ्नै जीवनप्रति निराश र उदास बन्छन् । यति हुँदाहुँदै पनि युद्धमा भोगेको सन्त्रास र बीभत्सता सम्झँदा आफ्नो जीवनप्रति प्रेम बढेर आउने पनि हुन्छ ।

युद्धको मानसिक असर कतिसम्म घातक हुन सक्दोरहेछ भन्ने उदाहरण पटकपटक इराक र अफगानिस्तानमा कार्यरत अमेरिकी सेनाका स्टाफ सार्जण्ट दर्जाका सिपाही रोबर्ट बेल्स जो अफगानिस्तानमा कार्यरत रहँदा २०१२ मार्चमा निहत्था अफगानीको घरभित्र पसी अन्धाधुन्दा उनले गोली चलाए । १६ जना निर्दोष अफगानी बालबालिका र महिलाहरू मारिए । उनलाई निहत्था र निर्दोषका हत्याको अभियोगमा गिरफ्तार गरियो र मुद्दा चलाइयो । अनुसन्धानबाट के पत्ता लाग्यो भने पटकपटकको युद्धमा सहभागीका कारण उनी पोष्ट ट्राउमाटिक स्ट्रेस रोगको मानसिक रोगी भेटिए । जुन रोगको समयमै पहिचान हुन नसक्नु ठूलो दुर्भाग्य भयो, जसको कारण सोह्र सोह्र जना निर्दोष अफगानी महिला र बाल बालिकाको अमूल्य ज्यान निरर्थक मारिनु पऱ्यो ।

३. पारिवारिक विग्रहः लामो समयसम्म युद्ध लडी युद्धबाट सामान्य परिवेशमा फर्कंदा घरको अवस्था र पारिवारिक वातावरण कतिपय अवस्थामा आफू अनुकूल नरहेको पाइनु सिपाही जीवन सहस्योन्मुखतिर डोरिनुको सङ्केत हो । कति सिपाहीका श्रीमती परपुरुषसित लहसिई सम्बन्ध बिग्रिएको अवस्थामा हुन्छ भने कतिका श्रीमती अर्कैसँग पोइला गइसकेको वास्तविकता पनि हुन्छ । जसको कारण पारिवारिक विग्रह हुने गर्छ । यसो हुनु योद्धा श्रीमान्को लामो समयसम्म भौतिक अनुपस्थिति रहनु र फिराइको निश्चितता नरहनु नै हो भन्न सकिन्छ । युद्धमा मरेकाका कतिपय विधवाहरू बाँकी जीवन सहजताको लागि अर्को विवाह गर्न बाध्य हुन्छन् । घाइते सिपाहीका सन्दर्भमा चाहिँ घायल श्रीमान्बाट सुनिश्चित भविष्यको आशा श्रीमतीले फितलो देख्नाकै कारण सम्बन्धमा खटपट भइरहने र अन्ततः सम्बन्ध विच्छेद नै गर्नुपर्ने अवस्थासम्म पुग्ने गर्छ । यसको प्रत्यक्ष प्रभाव श्रीमान् श्रीमतीमा मात्र सीमित नरही बाल बच्चामा समेत पर्दछ ।

ख. प्राविधिक विशेषताः

अ. हातहतियार

आ. युद्ध सामग्री (सरसामान)

इ. युद्ध भाषा

ई. सैन्य संरचना

अ. हातहतियारः विभिन्न देशका सेनाहरूले भिन्नभिन्न प्रकृतिका हातहतियार (armaments) चलाउने गर्छन् । प्रयोग गरिने हातहतियारमा एकरूपता नभई विविधता हुन्छ । हतियार (weapon) थरिथरिको भएपछि तिनीहरूको नामकरण पनि आआफ्नो हुने नै भयो । धारिलो ढुङ्गा, भाला आदिदेखि सुरु भएको हतियारको उत्पादन, किनबेच र प्रयोग आज चरम रूपमा पुगको छ । तीमध्ये उदाहरणका लागि केहीका नाउँ यहाँ उल्लेख गरिएको छ जस्तै- टैंक, मोर्टर, आर्टिलरी, जेभलिन, मिलान, एस्ए ऐटी (small arms 80) राइफल, एके फोर्टी सेभेन राइफल, लाइट मेसिन गन (एलएमजी), जनरल परपोज मेसिन गन

(जिपिएमजी), रकेट प्रोपेल ग्रिनेड (आरपिजी), मिसाएल आदि इत्यादि ।

आ. युद्धसामग्रीः सेनाले दैनिक प्रयोग गर्ने सरसामानहरू युनिफर्म, बरगन, डेस्याक, वेबिङ अथवा पाउच, क्यामल ब्याग, हेलमेट, पञ्चो, इसिएम, मोनोकुलर, बाइनोकुलर, मेक्सिक्याइट, सिडब्ल्युएस, म्याप, कम्पास, कम्पो रासन आदि पर्दछ ।

इ. युद्धभाषाः युद्धभाषा (Language Terminology) भनेको सेनाले चलाउने गोप्य र सुरक्षित भाषा हो । आम मान्छेले बोलेजस्तै भाषा मूलतः सेनाले पनि बोल्दछ । यद्यपि युद्धको अवधिभर सेनाले विशेष भाषा (code word) को प्रयोग गरी अति गोप्य समाचार, खबर आदान प्रदान गर्नु पर्दछ ताकि दुश्मनले उनीहरूको योजना थाहा पाउनबाट बन्चित होऊन् । हाते इसारा यानेकि ह्याण्ड सिग्नल पनि युद्धमा चलाइने अर्को सम्पर्कको भाषा हो । तथापि यो रातमा चलाउन सम्भव हुँदैन । सैन्य रेडियोद्वारा युद्धताका समाचारहरू आदान प्रदान गरिने भएकाले रेडियो भाषा हरेक सिपाहीले सिक्नै र जान्नैपर्ने हुन्छ । केही उदाहरणः म्यासेज ओभर, सेन्ड ओभर, रोजर आउट, विल गो, रोजर सो फार ओभर, आउट आदि । अलि लामो म्यासेज–हेल्लो जिरो दिस् इज् वान् टु चार्ली एक्नलेज माइ लास्ट ओभर । सामान्य रेडियो भाषाको प्रयोग मात्र लडाइँमा पर्याप्त हुँदैन, त्यसैले इनकोडिङ डिकोडिङ लगायत ब्याट्को (Battle Communication) सिपाही सबैले सिक्न र उत्तीर्ण हुनैपर्ने प्रावधान राखिएको हुन्छ ।

युद्ध या एक्सरसाइजमा चलाइने शब्दहरूमा पनि पृथकपन हुने गर्छ । जस्तै हुकुम, फरमेसन, ड्रिल, एम्बुस, डिएम्बुस, डेलिबरेट, र्‍यापिड, फिबुवा, डिबुआ, हारवर एरिया, एफयुपी, वाटर पोइन्ट, डिओपी, पियुपी आदि । यसका अतिरिक्त एकापसमा गुरुजी, साथीभाइ, नम्बरी आदिसित बारम्बार चलाइने भाषा पनि फरक खाले हुन्छ, जस्तो कि खरानी, माल, चकाप, ह्याप्स, आइगइस्, वान ठप, आजिबार, ओखेती आदि ।

ई. सैन्य संरचनाः सैन्य निर्माण अथवा बनावटको निश्चित मापदण्ड अर्थात् संरचना हुन्छ । जो सङ्ख्यात्मक आधारमा तहैतह थपिँदै जान्छ । सेक्सन, प्लाटुन, कम्पनी, बटालियन, ब्रिगेड, डिभिजन आदि यसका विभिन्न तह र रूप हुन् । त्यस्तै प्रकारले विभिन्न तहमा आवश्यकीय भूमिका निभाउने र त्यसलाई नेतृत्व गर्ने नेतृत्वदायी व्यक्तिको पनि पदोन्नति उही तरिकाले हुनु आवश्यक पर्दछ । राइफलम्यान, लेन्स कर्पोरल, कर्पोरल, सार्जण्ट, कलर सार्जण्ट, वारण्ट अफिसर हुँदै यो दर्जाको क्रम जेनेरल र फिल्ड मार्सलमा पुगी टुङ्गिन्छ । यसरी तहगत रूपमा पदअनुसारको जिम्मेवारी र अधिकार दिइने हुनाले सेना चेन अफ् कमाण्डको नीति परिपालन हुन्छ, जसले गर्दा कार्यशैली चुस्त र सहज हुने गर्छ ।

ग. मनोगत विशेषता

अ. मृत्युको स्वीकारोक्ति

आ. अभिमानी चिन्तन

इ. जीवन दृष्टिकोणमा परिवर्तन

अ. मृत्युको स्वीकारोक्ति : बाध्यता वा चाहना, रहर या लहड, करकाप अथवा स्वेच्छा, जुनै कारणले सैन्य सेवामा नारिए पनि सेनाको यौटै र अन्तिम लक्ष्य भनेको युद्ध लड्नु हो । युद्ध विनासको अर्को रूप हुने हुनाले, मर्ने र मार्ने कलाको चरमोत्कर्षको खेलमा सहभागी हुन प्रत्येक सिपाहीलाई युद्धकलाद्वारा दीक्षित र शिक्षित दुवै गरिन्छ । सैन्य सेवामा सङ्लग्न हरेक सिपाहीले युद्धको अभिघात बारे पूर्वकल्पना गरेको हुन्छ कि कुनै पनि समय ऊ युद्ध लड्न जानुपर्ने हुन्छ र लड्दालड्दै मारिन या अङ्गभङ्ग घाइते बन्नुपर्ने स्थिति आइपर्न सक्छ । मृत्यु र जीवनबीचको दोधारोमा अल्झिन सिपाही कर्मको बाध्यता भएकाले बाँच्ने असिम इच्छा, गहिरो आकाङ्क्षा हुँदाहुँदै पनि योद्धा जीवनको जोखिमपूर्ण बाटोमा अन्ततोगत्वा असामयिक र असहज आफ्नै

मृत्यु स्वीकार्न बाध्य बन्नुपर्ने समेत हुन्छ सिपाहीले ।

आ. अभिमानी चिन्तन : शक्ति र सम्पत्तिले मान्छेलाई अर्कै मान्छे बनाउँछ । सेनाभित्र पनि पदको हैकम देखाई तल्लो दर्जाकालाई हेप्ने, उही खाले हेपाहा व्यवहार गर्ने, होच्याई बोल्ने, सही कुरोको सुनुवाई नगर्ने, नजानेको कुरो पनि दर्जाको रवाफमा जानेको अभिनय गर्ने, हरेक विषयमा आफै सर्वेसर्वा हुने, आफूलाई मन नपरेकालाई दबाउने, अनावश्यक हरकत गरी दुःख दिने पाइनु मानवीय स्वभावकै एक पक्ष हो । सैन्य सेवामा रहँदा यस्तो खराब किसिमको व्यवहार गर्ने आदत बसेकाहरू निवृत्तिपछि समेत पदीय रवाफ र अहंकारका कारण त्यही प्रकृतिको दुर्व्यवहार गर्न उद्दत हुने र आलोचित हुने भेटिनु सैन्य सेवाको अर्को पाटो हो । अधिनायकवादी चरित्रका केही त्यस्ता व्यक्तिहरू सङ्लग्न सामाजिक सस्थाहरूमा हैकमवादी शैलीको पुनरावृत्ति हुनु शरम र दुःखको विषय हो । युद्ध विजेताको दम्भले पनि कति सिपाहीहरू ग्रस्त हुने गर्छन् र सोहीअनुसारको दम्भी व्यवहार गर्न उद्दत हुने हुन्छन् ।

इ. जीवन दृष्टिकोणमा परिवर्तन : युद्धमा मृत्युको नजिक पुगेर संयोगवस बाँच्ने या घाइते हुने जति सिपाहीहरू हुन्छन् तिनीहरूमध्ये कतिपय सिपाहीहरूको जीवन दृष्टिकोणमा परिवर्तन आउँछ । युद्ध लडेर सकुशल फर्केका सिपाहीहरू र युद्धमा मृत्युको नजिक पुगेर संयोगवस बाँचेर फर्केका या घाइते भएका सिपाहीहरू हुन्छन्, तिनीहरूको जीवनप्रतिको दृष्टिकोण तुलनात्मक रूपमा फरक हुने गर्छ । जन्म, मृत्यु, जीवन, धर्म, भाग्य, ईश्वर र संयोग आदिमा कतिपयको विचार बदलिन्छ । सेनामा पनि आस्तिक र नास्तिक दुवै धारका सिपाहीहरू हुन्छन् तीमध्ये कतिपय सिपाहीहरू आस्तिकबाट नास्तिक र कतिपय नास्तिकबाट आस्तिक हुन्छन् भने कतिपय सिपाहीको जीवन दृष्टिकोणमा परिवर्तन हुँदैन ।

युद्ध सकिएपछि कति सिपाहीहरूमा युद्ध विजेता हुनुको अहंकार चढ्छ । कतिमा जीवनको क्षितिज च्यातिन्छ । बाँकी जीवन जिउनुको पीर र चिन्ताले घाइते सिपाहीहरू मानसिक रूपमा थलिन्छन् । युद्धको विभीषिका, जीवनको मूल्यविहीनताको नाङ्गो भोगपछि कतिलाई आफ्नै जीवनमाथि निरास लाग्ने वातावरणको सृष्टि हुन्छ । त्यसैले कोही साधु सन्त बन्छन्, बनेका पनि छन् । कोही युद्ध विरोधि बन्छन् र शान्तिको पक्षमा वकालत गर्छन् भने कोही युद्धको पक्षपोषण गर्छन् । कोही जीवनप्रति विरक्त बन्छन् र निस्क्रियतामा जीवन खेर फल्छन् । आत्महत्या गर्छन् । तथ्याङ्कले पुष्टि गरेको छ कि युद्धको भयावहताका कारण योद्धाहरूमा मानसिक आघात परी आत्महत्या गर्नेहरू बढिरहेको अवस्था छ । युद्धको भयानक रूप देखेपछि र मृत्युको नजिक पुगेर फर्केका कतिपय सिपाहीहरूको जीवनप्रति शून्यबोध पनि हुने गर्दछ भने कतिपय सिपाहीहरूको चाहिँ जीवनप्रतिको मोह झन् बढेर जान्छ र उनीहरूलाई अब उपरान्त युद्ध लड्न नपरोस् भन्ने लाग्छ ।

७. उपसंहार

युद्धको विभिन्न चरण हुन्छ । युद्ध पूर्वको अवस्थाको जति महत्त्व हुन्छ त्योभन्दा कम महत्त्व हुँदैन युद्ध त्रासदी भोगिसकेको युद्ध पश्चातको स्थिति पनि । यसरी युद्धका विभिन्न चरणहरू, तालिम र कोर्स क्याडरमा युद्धका निम्ति गरिएका अभ्यासहरू अर्थात् माथि परिभाषित विषयवस्तु युद्धसाहित्य सिर्जनाको आधार हो । यिनै विषयको प्लेटफर्ममा रही लेखिएका कृतिहरू युद्धसाहित्यका अपार सम्पत्ति हुन् । युद्धको असर, त्यसको घातकताको परिणाम र प्रभाव युद्धरत सेनालाई मात्र नपरी सिङ्गै समाजलाई पनि पर्ने हुनाले युद्धसाहित्यले युद्धको प्रत्यक्षताबारे ज्ञान दिन्छ । त्यसो हुनाले युद्धसाहित्य भनेको पाठक र समाजलाई युद्धको बीभत्सताको बारेमा, जीवनको जोखिमताको विषयमा, जीवन दर्शनको निम्ति सही र साँचो विवरण पेश गरी समाजलाई जागरुक गराउनु हो भने युद्धसाहित्य सिद्धान्त भनेको लडाइँ

र लडाइँजन्य विभिन्न स्थितिका साथै अवस्थाहरूबारे लेखिने/लेखिएका रचना, सृजना कर्मलाई व्यवस्थित र पठनीय बनाउनु हो । त्यसका साथै युद्धसाहित्यको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको युद्धको लागि नभई युद्ध विरुद्ध जनमत खडा गर्नु हो । युद्धसाहित्य लेखनको लक्ष्य भनेको मानव समाज र मानव विकासलाई विनास गर्ने मिसाइल, बम, फाइटर, गोला, बारुद अर्थात् अति खर्चिलो युद्ध सामग्रीको निर्माण, उत्पादन, ओसारपसार र बिक्री वितरण रोकी लाखौँ भोक, रोग र अशिक्षाग्रस्त मानव समाजको विकासको निम्ति लगानी गर्ने वातावरणको सिर्जना गर्नु हो । युद्ध भनेको विनासबाहेक अर्थोक केही होइन भन्ने ज्ञान दिनु र युद्ध विरोधी जनमतको निर्माण गर्न चेतना दिनु पनि हो युद्धसाहित्य लेखिनुको उद्देश्य ।

अन्त्यमा, सिपाहीले लेखेका कृति युद्धसाहित्य हुने र गैरसिपाहीद्वारा लिखित कृति युद्धसाहित्य नहुने भन्ने होइन । मुख्य कुरो कन्टेन्ट हो । युद्धका विभिन्न अवस्थाबारे युद्धको विविध विषयमा लेखिएका साहित्य नै युद्धसाहित्य हुन् । चाहे ती सिपाही स्वयम्द्वारा लेखिएका हुन् या गैरसिपाहीबाट लेखिएका नै किन नहुन् ।

सन्दर्भ सामग्री

विभिन्न पुस्तक र वेभसाइटहरू

पल्टनघरका नारी स्रष्टाहरू
दीपा लिम्बू राई
नोरम्याण्डी ब्यारेक्स, जर्मनी

नेपाल अङ्ग्रेज (इष्ट इन्डिया कम्पनी) युद्ध समाप्तिपछि ब्रिटिस सेनामा गोर्खा भर्ती सुरु भएको दुई सय भएको छ । गोर्खा भर्ती परम्पराले धेरै लामो यात्रा पार गरेको छ । यति लामो यात्रा पार गरिसकेको ब्रिटिस गोर्खा सैनिकहरूको आफ्नो गौरवशाली इतिहास छ, चुनौती नै चुनौतीले भरिएका कथाहरू छन् र छन् बेलिविस्तार लगाई नसकिने व्यथाहरूको असङ्ख्य भण्डार ।

त्यति मात्रै होइन उनीहरूसित विकास र आधुनिकताको पाटो पनि छ । दुःख, कष्ट, अभाव, अवहेलना आदि बीच अनुभव र अनुभूतिको उज्यालो ज्ञान (सीप) पनि छ । समाज विकासको निमित्त खेलेको भूमिकाको आफ्नै महत्त्व छ । गीत सङ्गीतको क्षेत्रमा उनीहरूको योगदानको छुट्टै इतिहास छ । तथापि आज यस लेखको मूल उद्देश्य भनेको ब्रिटिस गोर्खा सैनिकका बारेमा नभई तिनै गोर्खा सैनिकका जीवनसङ्गी अर्थात् श्रीमतीहरूका सृजनात्मक पक्षबारे उठान गर्ने जमर्को गरिएको छ । पल्टनघरमा रही नेपाली गीत सङ्गीत र साहित्यमा कलम चलाएका र चलाइरहेका सृजनशील नारी स्रष्टाहरूबारे चर्चा गर्ने सङ्क्षिप्त प्रयत्न हो ।

पल्टनबाट प्रकाशित पर्वते मासिक पत्रिकाको उदयसँगै जसरी गोर्खा सैनिकले साहित्य कर्मको आरम्भ गरे उसै गरी नारी सृष्टाहरूले पनि पर्वतेकै माध्यमद्वारा साहित्यिक यात्राको थालनी गरेको इतिहास पाइन्छ । सिङ्गापुरबाट प्रकाशन आरम्भ गरेको पर्वतेले सुरुआती दिनमा मलायामा उति सारो नारी हस्ताक्षर पाउन सकेन । तथापि हङकङ स्थानान्तरणपछि भने पर्वतेमा सैनिकका श्रीमती अथवा नारीद्वारा रचित साहित्यिक खुराक विशेष कविता फाटफुट प्रकाशन गर्न थालेको इतिहास भेटिन्छ ।

प्रारम्भिक अवस्थामा नारी सहभागिता पातलो रहे तापनि समयको कालक्रमसितै उनीहरूको उपस्थिति बाक्लिँदै गरेको देखिन्छ । तीसको अन्त्य र चालीसको सुरुको दशकमा पर्वतेको प्रायः प्रत्येक अंकमा अनवरत आइरहने नाम थियो श्रीमती वीरेन्द्र राना । उनी कविता लेख्थिन् । भानु सुब्बा, सरिता राई, सावित्रा गुरुङहरू पनि यही समय पढिएका सृजनात्मक नाउँ (कवि) हरू थिए । यसपछि पनि कविता नै कोसेली लिई आएकी अर्की नारी सर्जक थिइन तुलसी सुब्बा । ब्रिटिस गोर्खा श्रीमान्ले फ्यामिली परमिसन पाई करिब तीन वर्ष बाल बच्चासहित फ्यामिली क्वाटरमा रहँदा रचिएका माया पिरतिका कविता धेरै रचिन्थे त्यस समय भने शिक्षामूलक र सन्देशात्मक रचनाहरू पनि केही मात्रामा रचिएको पाइन्छ ।

परिवर्तित समयको परिवर्तनले आज सिङ्गापुर, हङकङ अनि ब्रुनाईमा मात्र सीमित गोर्खा सैनिकका श्रीमतीहरूलाई बेलायत, जर्मनी र साइप्रसतिर पनि सघन पुऱ्याएको छ । शैक्षिक विकास, प्रकाशन सहजता र सुविधा, चेतनाको व्यापकता, सैनिक नियम कानुन सूचना/प्रकाशनमैत्री रहनु आदि जस्ता अनुकूल

वातावरणका कारण भूगोलको जुनै कुनामा रहनु परे तापनि जीवनको गतिशीलतालाई सृजनाको माध्यमबाट आफूलाई सृजनामा समर्पित गरेका र गरिरहेका नारी स्रष्टाहरूको लर्को निकै लामो बन्न सफल भएको छ । जो उत्साहजनक र प्रेरणादायी त हो नै, यसका अलावा अनुकरणीयसमेत हो ।

सृजनाकर्मी नारीहरूबीच नाट्यकर्मी शशी थापा सुब्बा गीत लेखनमा समेत परिचित नाउँ हो । प्राध्यापन पेसामा आबद्ध प्राध्यापक सुमाया राईका गीत र कविताका कृति छापिएका छन् । त्यस्तै दीपा लिम्बू राई, लीला सेलिङ माबो, निर्मला परिवेश राई, जानुका राई, अन्जु अञ्जली भावना सुनुवार परिष्कृत आदिका एकल कृति प्रकाशित भएका छन् । निलम आङबुहाङ राई गीत लेखनको क्षेत्रमा चिनिएको नाम हो । उसो त सरिता नाना चाम्लिङ, दुर्गा घले, सङ्गीता बायुङ राई, रन्जना राई आदिका आफूद्वारा रचित गीतका एल्बम सीडी उपलब्ध छन् । बिमला शालीन, आशा सुब्बा, बबी बाङ्देल, सुमित्रा गुरुङ, रत्न चोङबाङ, कमला लिम्बू, रोजी लाबुङ, अन्जु पिठाकोटे मगर, अमृता मादेन, लक्ष्मी यक्सो, सुष्मा रूपाबुङ राई, करिष्मा घाम, चन्द्रा राई, बिमला सुच्चा राई, कला राई, सीता शेरचन आदि पनि साहित्य सृजनामा लागिपरेका नाउँहरू हुन् ।

भनिन्छ-नारी वात्सल्य प्रेम, स्नेह, समर्पण, करुण आदिकी सागर हो । नारीमा यी गुणहरू अन्तरनिहित भएकै कारण उनीहरूको स्वाभावमा संवेदनशीलताले व्यापकता पाएको हो । त्यही सूक्ष्म सौन्दर्यलाई आत्मसात गरेर पल्टनघरका नारी स्रस्टाहरू नेपाली गीत सङ्गीतका अतिरिक्त साहित्यको विविध पाटोमा सक्रिय रहँदै साहित्याकाशमा नयाँ आयाम थप्न प्रयासरत छन् । आसा गरौँ यो क्रमले भविष्यमा अझ मौलिने मौका पाउनेछ । सफलताको शुभकामना ।

बेलायतमा नेपाली सङ्गीतको बिकाश

चोक गुरुङ

भनिन्छ, सङ्गीतलाई कुनै भूगोलले छेक्न सक्दैन । यो सर्वव्यापी हुन्छ र यसको परिभाषा पनि ब्रह्माण्डजस्तै अथाह छ । तर बिभिन्न समयमा धेरै मानिसहरूले आआफ्नै तरिकाले सङ्गीतलाई परिभाषित गरेको पाइन्छ । कोही देवताहरूले बोल्ने भाषा हो, भन्छन् । कोही भन्छन्, दुःख शुःखमा साथ दिने एउटा माध्यम हो । कसैले थकाई मार्ने चौतारी हो भने, त कसैले जादु हो भने । सङ्गीतलाई जसले, जसरी परिभाषित गरेता पनि सङ्गीतको झङ्कारले मानिसको मन मुटुलाई छोईरहेको हुन्छ । मानिसको जीवनमा शरिरको नङ र मासुजस्तै सङ्गीतको सम्बन्ध रहेको हुन्छ ।

बेलायतमा नेपाली सङ्गीतको चर्चा गर्दा नेपाल र बेलायतको सम्बन्ध स्थापना भएको दुई सयवर्ष भए पनि सुरुको वर्षहरूमा अत्यन्त थोरै नेपालीहरू कुटनितिक सम्बन्ध बिस्तारको लागि बेलायत रहने गरेका थिए । बेलायती सेनामा रहेको बृटिश गोर्खा सैनिकहरू बेलायत बाहिर कार्यरत थिए । तर समय वित्दैजादाँ बेलायतमा नेपालीहरूको सङ्ख्या बृद्दि हुदै गएको छ र नेपाली सङ्गीतको विकाश तिब्रगतिमा भईरहेको छ । हाल बेलायतमा रहेर नेपाली सङ्गीतको विकाशको लागि कार्यरत गायक, सङ्गीतकार र गीतकारहरूको केही चर्चा गर्ने कोसिस गरिएको छ ।

गायक गायिकाः

नोर्देन तेन्जीङ्ग भूटिया – विगत ३५ वर्षदेखि बेलायत बस्दै आएका नोर्देन तेन्जिङ भूटिया नेपाली पप गायन क्षेत्रको अग्रज नाम हो । सन् १९७१ मा बृटिश गोर्खा सेनामा भर्ती भएर हङकङ प्रवेश गरेपछि उनको गायन प्रतिभाले मौलाउने अवसर प्राप्त गरेको हो । सन् १९७३/७४ सालमा बीएफबिएस गोर्खा रेडियो हङकङ र सन् १९७६ /७७ ब्रुनाईमा रेकर्ड गरिएका उनको गीतहरू निकै लोकप्रिय रह्यो । नोर्देनका गीतहरूमा गाजलुले आँखै छोप्ने, मुसुमुसु हाँसी देऊ, चिसो वतासले, मायाले माया गासीदेउँ, कहाँ तिम्रो माया पाउँ र मलाई धेरै माया जस्ता धेरै गीतहरूले स्रोताहरूको मन जीतेपछी नेपाली सङ्गीतमा उनको लोकप्रीयता चुलियो । नोर्देनलाई साथ दिने गायकहरू नबीन राई, फ्रेङ्क्लीन् मुखिया, विजय थापा र दीपक राई हुन ।

पवित्रमान शाक्य– वि.सं. २०३९ सालमा रेडियो नेपालबाट स्वर परिक्षा पास गरेर गायन क्षेत्रमा प्रवेश गरेका हुन, पवित्रमान शाक्य । गीत गाउन सुरु गरेको छोटो समयमा वि.सं. २०४०/२०४१ सालमा रेकर्ड गरिएको 'कति बस्छौ..' र 'उन्नत राखौं देशको शीर' जस्ता गीतहरू रेडियो नेपालमा धेरै बजेको गीत हो । सन् १९९५ सालबाट बेलायत बस्दै आएका पवित्रमान शाक्यको पहिलो गीति एल्बम 'आँसु' सन् १९८१, दोस्रो 'बारवनी' सन् १९९०, तेस्रो 'लाइफ एण्ड लाइभ' सन् १९९३, चौथो 'सीरिमा' सन् १९९५, पाँचौं 'वेष्ट अफ पवित्रमान शाक्य' सन् १९९८, छैटौं 'धैर्य' सन् २००८ र सातौं एल्बम 'धरातल' सन् २०१८ को तयारीमा रहेको छ । उनले गाएका आशु, आखाहरूमा, कुहिरोले ढाक्यो र निम्त्यायो तिमीलाई बोलको गीतहरू निकै चर्चित

छन् ।

शर्मिला बर्देवा- बेलायतको पुराना गायिकाहरूमा शर्मिला बर्देवा एक स्थापित गायिका पनि हुन् । सन् २००१ सालबाट बेलायत बस्दै आएकी उनले वाल्यकालबाट गीत गाउन सुरु गरेकी हुन् भने शात्रीय सङ्गीतमा उच्च दीक्षित गायिका पनि हुन् । उनको पहिलो गीति एल्बम 'तिमीबिना पनि' सन् १९९५, दोस्रो 'भेट्न मन लाग्छ' तेस्रो 'फूलको आवाज' चौथो 'स्पर्श' सन् २०१० र पाँचौं एल्बम 'मुस्कान' सन् २०१४ । छैटौं एल्बमको तयारीमा रहेका शर्मिलाले नेपाली, मैथिली, भोजपुरी र नेवारीमा गरेर ७ सय गीतहरू गाइसकेकी छन् । फूलको आवाज, आँखैमा झलझली, सुनको बिहानी, चाँदीको पानी, सरसर, माया जालजस्ता उनका थुप्रै गीतहरू लोकप्रीय छन् ।

भगवान चाम्लिङ- बृटिश सेनामा भर्ती हुनु अघिनै स्वर परिक्षणको लागि रेडियो नेपाल छिरेका भगवान चाम्लिङ सुरुमै महेन्द्र राईसँग गाएको 'टेम्के रानी वन' बोलको गीत निकै चर्चा चलेको थियो । उनको पहिलो 'नजर' एल्बम सन् १९९२ सालमा बजारमा आएको थियो । त्यस पछि 'रहर', 'सम्झे नजीक', 'सौगात', 'साकेला' र पछिल्लो पटक सन् २०१६ सालमा 'परिवर्तनका स्वरहरू' गीति एल्बम प्रकाशीत भएको छ । भाग्य कोर्ने विधाताले.., हङकङ सहर.. र भन्देऊ है सन्देशलानेले.. जस्ता निकै लोकप्रिय गीतहरू उनैका सिर्जना हुन । सुरुमा लोक गीतबाट गायन यात्रा सुरु गरेका चाम्लीङले आधुनिक हुदै पछिल्लो समयमा अधिकारवादी गीतहरू पनि गाउँने गरेको पाइन्छ ।

अनिला राई- सन् २००४ सालमा बेलायत प्रवेश गर्नु अघिनै गीत गाउन सुरु गरेकी अनिला राईको गायन क्षेत्रमा दिनदिनै सकृयता बढिरहेको छ । उनको पहिलो गीति एल्बम 'यो मनको रहर' सन् १९९९ सालमा बजारमा आयो । त्यसै गरेर 'जुन ठुली' सन् २००१, 'कालीको लाली जोवन' सन् २००२, 'द लाइफ' सन् २००९ र सन् २०१५ मा 'स्वाराङ्कन' बजारमा ल्याएकी छिन् । पछिल्लो समयमा चलचित्र बिरबिक्रममा राजेश पायलसँग गाएको 'टलटल टल्किने' बोलको गीत निकै चर्चामा आएको गीत हो । यसबाहेक यो मनको रहर, तिमी बाहेक र मेरो नजरजस्ता गीतहरू पनि श्रोताहरूको मन जीत्न सफल गीतहरू हुन । लोक गीतबाट गाउन सुरु गरेकी अनिलनले लोक, आधुनिक र लोकपपजस्ता गीतहरू गाउने गरेको पाइन्छ ।

बेलायतमा रहेका अन्य गायक गायिकाहरूको चर्चा गर्दा गायिका सितु खरेलको नाम पनि अग्रपङ्क्तिमै आउँछ । उनका एल्बमहरूमाः -'स्मारिका', -'सिम्रिक', -'परी', -'निर्माण', 'सितु' र 'बतास सँगै' रहेका छन् । त्यसैगरी गायक बि सी राईका एल्बमहरूमा- 'तिमीलाई', 'ती पलहरू', 'बिहाइन्ड द क्राउड' 'सिली' र 'अर्को पाइला' । अर्का गायक भूमिराज राईका एल्बमहरूमा- 'सृष्टि', 'दसी', 'भेट भो माया' र 'मोशन' । गंगाराज राईको 'आभाष' र 'उपमा' । दीपक गुरुङको- 'यो मन', त्यसै गरी गायक मान तबेबुङको -'इन्टेक १९९३' ।

त्यसै गरी बेलायतलाई पछिल्लो समय कर्मथलो बनाएका गायकहरूमा सपन राई, धन गुरूङ्ग, गणेश पुन, नीर पुमा, उमाकान्त गुरुङ, सुसन बाला राई, कल्याण गुरुङ, नयन लिम्बु, भिमसेन लामा, मिलन लामा, मोहन गुरुङ, किसन राई, पूर्ण लिम्बु, प्रकाश राई, पारू राई, ध्रुव लामा, मोहन गुरुङ किशोर मूखिया, आकाश सुनुवार, सुजित गुरुङ, गौरी माया साउदेन, छबिन्द्र चोङवाङ, जग पुन, दीपक थापाजस्ता धेरै गायक गाईकाहरू क्रियाशील रहेका छन् । कुनै समयको चर्चित गीत 'सरकारी जागीर'का गायक क्रान्ति आले बेलायतमा रहेका छन् । कन्दरा व्याण्डका गायक बिवेक श्रेष्ठ लामो समय पछि नेपाल फर्किएका छन् ।

गीतकार :

बेलायतमा पुराना गीतकारहरू त्यति धेरै नभए

पनि गीत लेख्नेहरूको सङ्ख्या भने अत्याधिक रहेको छ । नेपाली सांगीतिक बजारमा गीति लेखन व्यावसायिक हुन नसकिरहेको अवस्थामा रहरले मात्र गीत लेखेजस्तो पनि देखिन्छ । धेरै गीतकारले एक/दुई एल्बममा सिमित रहेका छन् भने केही गीतकारहरू फुटकर गीत लेख्ने गरेका छन् । दिपा लिम्बू राई- 'कोसिस' सन् २००० । निलम आङ्गबुहाङ्ग राई- 'जुनी जुनी' सन् २००५, 'जुनी जुनी-२' सन् २००९, गीति सङ्ग्रह 'अन्तर मनका तरङ्गहरू' सन् २००९ र 'नीलम' सन् २०१४ । निर्मला राई परिवेश- 'रोशनी' सन् २००९ र 'रोनाशा' सन् २०११ । मिजास तेम्बेको 'उदगार' सन् २००६, हेम कुमार राई- 'उधारो' सन् २००९ । निरा पुन -'निराशा' सन् २०१३ र 'निरन्तरता' एल्बम बजारमा ल्याउने तयरिमा छिन् । सूर्य गुरुङ -'तिम्रो माया' । दुत पुन- (चिमखोले काइला) 'लण्डनको कोशेली' सन् २००९ र 'युके तिर जाउली' सन् २०१३ । कल्पना आङबुहाङको 'आमा' सन् २०१२ र 'आमा'-२ सन् २०१५ । रन्जना राई -'रोज' सन् २०१२, मुकेश राई 'मनोकांक्षा' सन् २०१३ । लछुमन गुरुङको -'अतीत' सन् २०१५ । जानु काम्बाङको- 'अनुभव' सन् २०१५ ।

अन्य गीतकाहरूमा अग्नि प्रसाद लिम्बु, दिलसिं मेन्याङबो, ईश्वर चाम्लिङ्ग, बिश्वकाजी राई, डिल्ली राई, विश्वासदीप तिगेला, योगराज राई, भावना परिस्कृत, नवराज राई, आनन्द रानोहाछा राई, जितेन्द्र चेम्जोङ, नरेश काङमाङ, घनबहादुर थापा मगर बेलायतलाई कर्मभूमि बनाएर गीत लेखनमा लागि परेका सर्जकहरू हुन् ।

सङ्गीतकारः

गायक र गीतकारहरूको तुलनामा सङ्गीतकारको सङ्ख्या थोरै रहेको पाइन्छ । सङ्गीत बिधा केही गहन र प्रयोगात्मक भएकोले औपचारिक शिक्षा सिक्नै पर्ने हुन्छ । सङ्गीतमा राम्रो शिक्षा लिएका मध्ये एक सङ्गीतकार बि.सी राई पनि हुन । बेलायत बसाईको कारण उनले त्यति धेरै गीतहरूमा सङ्गीत संयोजन गर्न नसके पनि उनको एल्बमहरूमा आफैले सङ्गीत गर्ने गर्दछन् । बि सीको आफ्नै सङ्गीत रहेको एल्बमहरू 'बिहाईन्ड द क्राउड' 'सिली' र 'अर्को पाइला' हो ।

विद्यार्थी जीवन देखिनै गीत सङ्गीत मा निरन्तर लागिरहेका सङ्गीतकार हुन्, चोक गुरुङ । सन् २००० मा बेलायत प्रवेशसँगै 'त्यो पारि गाउँको डाँडामा' बोलको पहिलो गीत रेकर्ड गराएर नेपाली सङ्गीत आकाशमा उदाएका हुन् उनी । त्यसपछि लगातार देशै रमाइलो, दुःखी जीवन, अप्रिल फोर अनि अनुरोध गीति एल्बममा शब्द, स्वर तथा सङ्गीत दिएका छन् । इलाम कोसेली भाग एक भिसिडी साथै एकल सङ्गीतमा प्रकट र साँचो एल्बम बजारमा ल्याएका छन् । अर्का सङ्गीतकार हुन्, नरेश नाति । उनले एल्बम नल्याए पनि दर्जन बढी गीतहरूमा सङ्गीत गरेका छन् ।

नेपाली प्रतिभा प्रतिष्ठान बेलायतद्वारा पुरस्कृत र सम्मानित प्रतिभाहरूको सङ्क्षिप्त परिचय

नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतले विगत सन् २००८ बाट अनवरत रूपमा नेपाली साहित्य सङ्गीत र कलामा योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई पुरस्कृत र सम्मान गर्दै आएको छ ।

१. सन् २००८ मा युवा पत्रकार **नवीन विभास**लाई पुरस्कृत गरियो । उहाँको जन्म २०३६ साल मङ्सिर २९ गते राङ्कोट गाविस वडा नं. ७ जैपा, रोल्पामा भएको हो । खास नाम किरण पुन भए पनि साहित्य जगतमा नवीन विभास नामबाट सुपरिचित छन् । बिपन्न र समाजको नेपथ्यमा छेकिएका मानिसहरूको कथालाई कविता, निबन्ध तथा कथाका माध्यमबाट प्रस्तुत गर्न माहिर नवीनका आधा बाटो हिँडेपछि (कथासङ्ग्रह २०५७), मौसमका हरफहरू (संयुक्त कवितासङ्ग्रह २०५८), उनका गजल (संयुक्त गजलसङ्ग्रह २०५९) र रात पनि ऐठन परेको रातमा (निबन्धसङ्ग्रह २०६०) प्रकाशित छन् । माओवादी जनयुद्धमा आधारित आधा दर्जन संस्मरण र कथाका किताब, राप्तीका गीत नामक राप्तीका प्रतिनिधि गीतसङ्ग्रहका साथै आँखीझ्याल, पहल र बहिङ्गा लगायतका साहित्यिक पत्रिकाहरूको सम्पादन गर्नुभएको छ । त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजीमा र पूर्वाञ्चल विश्वविद्यालय आमसञ्चार र पत्रकारितामा स्नातकोत्तर गर्नुभएको छ ।

यस वर्ष वरिष्ठ साहित्यकार **ईश्वर मानन्धर**लाई सम्मान गरियो । सन् १९३१ जुलाई २३ मा राजविराजमा माता अष्टमाया मानन्धर र पिता सुन्दरप्रसाद मानन्धरको कोखबाट जन्मिनुभएका ईश्वर मानन्धर नायिका करिष्मा मानन्धरका पिता हुन् । उहाँको लण्डनदेखि बद्रीनाथसम्म यात्रा, अपरितुष्टि (लघु उपन्यास), कैदीको पत्र (कथासङग्रह), रित्तो क्यानभास (कवितासङग्रह), अन्तर्भावना (कवितासङग्रह), ठट्यौली (हाँस्यव्यङ्ग्य सँगालो), स्मृतिका पानाहरू नमक कृतिहरू प्रकाशित छन् । उहाँको २०६८ सालमा लण्डनमा निधन भयो ।

२. सन् २००९ मा गायक **कुवेर राई**लाई पुरस्कृत गरियो । उहाँको जन्म इलाम जिल्लाको श्रीअन्तुमा भएको हो । गायकले २०५० सालमा रेडियो नेपालको आधुनिक गीत प्रतियोगितामा प्रथम स्थान प्राप्त गरेको छ । मायाले मूल बाटो भुलेछ ..जस्ता कालजयी गीत लगायत चार सयको हाराहारीमा गीत रेकर्ड गराइसक्नुभएको छ । उहाँको जीवनीमा **इतिहास जित्नेहरूका लागि** नामक वृत्तचित्र बनेको छ ।

यसै गरी यस वर्षको सम्मान वरिष्ठ सङ्गीतकार **अम्बर गुरुङ**लाई गरियो । उहाँको जन्म वि.स. १९९४ फागुन १४ मा बाबु उजीरसिंह गुरुङ र आमा रेणु गुरुङको कोखबाट भारतको दार्जिलिङको लालढिकीमा भएको थियो । पुर्ख्यौली घर नेपालको गोर्खा जिल्लाको रिसिङ हो । तीन छोरा र एक छोरीका पिता अम्बर नेपाली सङगीतका क्षेत्रमा विशिष्ट योगदान दिए बापत नेपाल सरकारका साथै अनेकौं सङ्घ संस्थाबाट पुरस्कृत भइसक्नुभएको छ । उहाँको पहिलो रचना 'नौ लाख तारा उदाए' हो । उहाँका समालेर राख (गीतसङग्रह) का साथै १५० जति गीत रचना छन् । उहाँले दुई सय जति गीत गाउनुभएको छ भने मुनमदन गीतिनाटक र पहाड चिच्याइरहेछ

लगायत पाँच सय गीतको सङ्गीत रचना गर्नुभएको छ। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको कुलपतिसमेत रहनुभएका नेपाली साङ्गीतिक फाँटका एक धरोहर व्यक्तित्व अम्बर गुरुङले हट्ने होइन डटी लड्ने...., रातो र चन्द्र सूर्य...., सयौं थुँगा फूलका हामी.. जस्ता राष्ट्रिय गीतमा पनि सङ्गीत भर्नुभएको छ।

३. सन् २०१० मा युवा कवि तथा साहित्यकार **उपेन्द्र सुब्बा**लाई पुरस्कृत गरियो। उहाँको जन्म पाँचथर जिल्लाको आङसाराङ गाविस ८ मा पिता मेजरसिं आङ्देम्बे तथा माता (खास कुरा त थाहा छैन, आमाको नाम आमा नै हो, आमालाई कुनै नाम वा विशेषण आवश्यक लाग्दैन. उपेन्द्र) को कोखबाट जन्म लिएका कवि उपेन्द्र सुब्बा एक शक्तिशाली युवाकविका रूपमा नेपाली काव्य जगत्मा परिचित हुनुहुन्छ। कवि उपेन्द्र सुब्बाका डाँडामाथिको घाम जून र गङ्तीरका राँके भूतहरू २०५९ र होङग्रायो, भोक र पाङ्ग्रा २०६१ कवितासङ्ग्रह, लाटो पहाड कथासङ्ग्रह लगायत थुप्रै कृतिहरू छापिएका छन्। उहाँको जीवन आखिर के नै हो र ? (गीति एल्बम २०६३) प्रकाशित छ। उहाँ सृजनशील अराजकता आन्दोलनका एक अभियन्ता पनि हुनुहुन्छ। नेपाली साहित्यमा नयाँ शैली र हाँस्य रसका कविता लेख्ने कविका रूपमा पनि उपेन्द्रलाई चिनिन्छ। पछिल्लो समयमा फिलिमका पटकथाहरू लेखेर सो क्षेत्रमा चर्चा कमाउनुभएको छ

यसै गरी यस वर्षको सम्मान वरिष्ठ व्यक्तित्व **जी.बी. लुगुन**लाई गरियो। साहित्य क्षेत्रमा योगदान पुऱ्याउनुभएका लुगुनको वास्तविक नाम गणेशबहादुर राई हो। गाउँघरमा हलोकोदालो गर्दागर्दै १७ वर्षको किशोर उमेरमा नै वि.स. २००१ मा ब्रिटिस सैन्य सेवामा भर्ती हुन पुग्नुभएका जी.बी. लुगुनको जन्म वि.स. १९८४ मा १६ गते भोजपुरमा बाबा रहरवीर तथा आमा हीराश्वरी राईको कोखबाट भएको हो। उहाँका (म मेरै कवितामा रोएको छु (२०३६), साहित्य सौरभ (कवितासङग्रह २०४२) समेत गरी संस्कृति र समीक्षाका करिब दर्जन कृति प्रकाशित छन्। आच्छा राई रसिक साहित्य प्रतिष्ठानका अध्यक्ष लुगुन भोजपुर प्रतिभा प्रतिष्ठान बेलायत र अनेकौं सङ्घ-संस्थाबाट पुरस्कृत र सम्मानित भइसक्नुभएको छ। राई जातिको संस्कृतिविज्ञका रूपमा समेत रहनुभएका लुगुन स्वअध्ययनबाटै जीवनमा पर्याप्त ज्ञान आर्जन गर्नुभएको छ।

४. २०११ मा कवि तथा गीतकार साहित्यकार **श्रवण मुकारुङ**लाई पुरस्कृत गरियो। बिसे नगर्चीको बयान शीर्षकको कवितामार्फत् आधुनिक नेपाली गद्य कवितालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा जनस्तरसम्म पुऱ्याउने शक्तिशाली कवि श्रवण मुकारुङको जन्म वि.स. २०२५ साल जेठमा भोजपुरको अन्नपूर्ण, दिल्पामा भएको हो। उहाँको पहिलो कविता २०४०-४१ सालतिर आजकाल 'रानीपोखरी' मा प्रकाशित भएको थियो। त्यसपछि उहाँका देश खोज्दै जाँदा (२०४९), जीवनको लय (२०६०), बिसे नगर्चीको बयान (कवितासङग्रह २०६८), हिउँको दरबार (गीतसङग्रह २०५३), यलम्बर (नाटक २०५३), तर्कहरूको विपक्षमा (लेखसङग्रह २०६४), साथै फूलको आवाज (२०५५), निष्कर्ष (२०५७), गेसो मुभमेन्ट फर इक्वालिटी (एल्बम २०६३) र बिसे नगर्चीको बयान र अन्य कविता (भीसीडि २०६३) प्रकाशित छन्। माथि माथि सैलुङ्गेमा चौरी डुलाउनेलाई...., तिमी तारे भीर म त लहरा .. जस्ता थुप्रै गीतहरू लेखिसक्नुभएका कवि श्रवण मुकारुङ नेपाल प्रज्ञा प्रतिष्ठान सदस्य पनि हुनुहुन्छ। विभिन्न पुरस्कार र मान सम्मानद्वारा पुरस्कृत तथा सम्मानित भइसक्नुभएका मुकारुङ नेपाली प्रतिभा प्रतिष्ठान बेलायतद्वारा नगद राशि एक लाख र ताम्रपत्रसहित पुरस्कृत हुनुभएको छ।

भजन शिरोमणि **भक्तराज आचार्य**ले सन् १९४२

मा धनकुटामा आमा रेनुका आचार्य र बुबा बलभद्र आचार्यको कोखबाट जन्म लिनुभएको थियो । उहाँले जन्मेको साढे एक वर्षमा नै आफ्नो बुबाको मायाबाट वञ्चित हुनुपरेको थियो । मलाई जीवन चाहिन्छ बोलको गीत रेकर्ड गरी साङ्गीतिक क्षेत्रमा लाग्नुभएका आचार्यले वि.स. २०३० देखि २०४६ सालसम्मको साङ्गीतिक यात्रामा करिब ४५० गीतहरू गाउनुभएको थियो । २०४६ सालमा उहाँमा एउटा बज्रपात पर्‍यो र उहाँले सधैँका लागि आफ्नो सुरिलो स्वर गुमाउनुपर्‍यो उहाँका मुटु जलिरहेछ...., हजार सपनाहरूको माया लागेर आउँछ...., कोही नगरोस् प्रेम अमर...., एक दिन मैले प्रभुसँग सोधेँ जस्ता कालजयी गीतहरू गाउनुभएको छ ।

कोही नगरोस् .... प्रेम अमर प्रेमको मूल्य कहाँ छ र ? यो गीत नै उहाँको लागि अन्तिम गीत बन्न पुग्यो । सुगम सङ्गीतका क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै यस वर्षको सम्मान वरिष्ठ गायक **भक्तराज आचार्य**लाई प्रदान गरियो ।

५. २०१२ मा कवि तथा निबन्धकार **मोमिला जोशी**लाई पुरस्कृत गरियो । हजार पीडाहरूलाई माया गर्दै जीवनको बक्ररेखामा आफ्नो अस्तित्व खोजिरहेको एक आउटसाइडरको रूपमा आफूलाई आफ्नै नजरले परिभाषित गर्ने मोमिलाको जन्म वि.स. २०२४ साल साउनमा धनकुटा हुलाक टोलमा भएको थियो । २०३३ सालदेखि नै साहित्य क्षेत्रमा हेलिनुभएकी मोमिलाको 'प्रतिबिम्बित मानवता' शीर्षकको रचना पहिलो पल्ट २०४२-४३ सालमा प्रकाशन भएको थियो । २०४४ सालमा 'प्रतीक्षा फेरि चिताको' प्रकाशन भएपछि निरन्तर सिर्जनामा हिँड्न थालेकी मोमिला युवा पुस्ताकी सशक्त प्रतिभा हुनुहुन्छ । उहाँको पैयुँ फुल्न थालेपछि (२०५२), जुनकिरीहरू ओर्लिरहेछन् (२०५५), दुर्गम उचाइमा फूलको आँधी (२०५०) कवितासङ्ग्रह, नीलो-नीलो आकाश दई थोपा आँसु (२०५३) तथा ईश्वरको अदालतमा आउटसाइडरको बयान (२०६३), निबन्धसङ्ग्रहकी स्रष्टा मोमिलाले सगरमाथाको नृत्यमग्न आत्मा (प्रतिनिधि-आधुनिक नेपाली कविता) को सम्पादनसमेत गर्नु भएको छ । नेपाली भाषा, साहित्य एवम् कला तथा संस्कृतिका क्षेत्रमा पुऱ्याउनुभएको अनुकरणीय योगदानको उच्च मूल्याङ्कन गर्दै उहाँलाई **नेपाली प्रतिभा प्रतिष्ठान बेलायत**ले नगद राशि एक लाख र ताम्रपत्रसहित पुरस्कृत गरेको थियो ।

यस वर्षको सम्मान वरिष्ठ समालोचक तथा साहित्यकार **प्रा.डा. गोविन्दराज भट्टराई**लाई गरियो । प्रा.डा. गोविन्दराज भट्टराई अनुवाद साहित्यमा विद्यावारिधि (पिएचडी) गर्ने पहिलो नेपाली हुनुहुन्छ । उहाँको जन्म २०१० साल चैत ४ गते झापामा भएको हो । उहाँका मुग्लान (उपन्यास २०३१), मणिपुरको चिठी (उपन्यास २०३४), तीनधारा (कथासङ्ग्रह सहलेखन २०३५), काव्यिक आन्दोलनको परिचय (२०६१), एक्लै एक्लै एक्लै (निबन्धसङ्ग्रह २०६०), सेलेक्टेड नेपाली एसेज (अनुवाद २०६०), आख्यानको उत्तरआधुनिक पर्यावलोकन (समालोचना २०६१), पश्चिमी बलैंसीका बाछिटा (समालोचना २०६१), विश्वविद्यालयमा अग्निपूजा (निबन्धसङ्ग्रह २०६१), सेलेक्टेड स्टोरिज फ्रम नेपाल (अनुवाद २०६१), उत्तरआधुनिक ऐना (समालोचना २०६२), सकरातका पाइला (उपन्यास २०६३), उत्तरआधुनिक विमर्श (समालोचना सिद्धान्त २०६४), सँगै बसौँ यो रात (निबन्धसङ्ग्रह २०६४), र सुकरातको डायरी (उपन्यास २०६८) आदि प्रकाशित छन् ।

६. २०१३ मा पत्रकार तथा साहित्यकार **राजकुमार दिक्पाल**लाई पुरस्कृत गरियो । उहाँको जन्म वि.स. (......) भएको हो । उहाँको आतङ्कको छायामुनि (कथासङ्ग्रह २००७), सम्पादकः सप्तकोशीको किनारबाट (संयुक्त गजलसङ्ग्रह १९९८), सम्पादकः उन्नयन (अर्धवार्षिक जर्नल २०१३), कार्यकारी सम्पादक : न्यूज टाइम्स साप्ताहिक (१९९७ - १९९९), संवाददाता : (रेडियो नेपाल १९९७

), समाचारदाता : श्रीसगरमाथा दैनिक (१९९७-१९९९), समाचारदाता : जनमञ्च साप्ताहिक (१९९४- १९९६), समाचारदाता : जनआस्था साप्ताहिक (१९९४-१९९६), समाचारदाता : कान्तिपुर (१९९३ -१९९४), सम्पादक मण्डल सदस्य : प्रक्षेपण (साहित्यिक त्रैमासिक १९९१), र विगत २५ वर्षदेखि कविता, कथा र गद्य लेखनमा सक्रिय हुनुहुन्छ ।

यस वर्षको सम्मान वरिष्ठ गजलकार **बूँद राना**लाई गरियो । उहाँको जन्म वि.स. २००३ साल भदौ ३० गते धैरीचौर (कुर), अर्घखाँचीमा भएको हो । उहाँको पुष्टकारी (बाल कवितासङ्ग्रह २०५०), खै गुजी (बाल कवितासङ्ग्रह २०५४), चनाचटपटे (बाल कवितासङ्ग्रह), अब किन मान्थिन् (व्यङगात्मक कवितासङ्ग्रह २०५१), रातो मलाई प्यारो (गजलसङग्रह २०५६), रतौन्डीको दो दो धन्दा (अनुवाद), चल्दै छ जिन्दगी (गजलसङ्ग्रह २०६४), तिल्मा लेङ्गमा (गीति नाटक २०६६), चक्रव्यूह (खण्डकाव्य), छिनोफानो (.......) लगायतका पुस्तकहरू प्रकाशित छन् ।

उहाँले साहित्य सन्ध्या पुरस्कार (२०५१), व्यथित काव्य पुरस्कार (२०५२), केवलपुरे किसान प्रतिभा पुरस्कार (२०५४), नुरगंगा प्रतिभा पुरस्कार २०६२), पारिजात स्मृति पुरस्कार (२०६४) प्राप्त गर्नुभएको छ । उहाँ अमरज्योति सांस्कृतिक परिवार २०२४ र सिद्धार्थ साहित्य परिषद २०३८ को संस्थापक पनि हुनुहुन्छ ।

७. २०१४ मा कवि तथा गीतकार **भूपाल राई**लाई पुरस्कृत गरियो । उहाँको जन्म भोजपुरमा भएको हो । उहाँका कृतिहरूमा सुम्निमाको तस्बिर (२०५३), दाजै ! कविता गाउँमै छ (२०५६), पैलो हरफ शिरबन्दी (२०५९), सीमान्त सौन्दर्य (२०७०) प्रकाशित छन् । उहाँका श्रव्य कृतिहरूमा बिम्ब, मट्टीको कसम जस्ता सांस्कृतिक गीत रहेका छन् । उहाँले रामप्रसाद राई स्मृति ग्रन्थ (२०५२), रामप्रसाद राई स्मारिका (२०५३), पहार (साहित्यिक त्रैमासिक २०५४), नव चोमोलोङमा (विचारप्रधान) को सम्पादन गर्नुभएको छ । आफ्नो पुस्ताका सर्वाधिक शक्तिशाली कवि तथा गीतकार भूपाल राई साहित्यिक संसारमा स्थापित हस्ताक्षर हुनुहुन्छ । उहाँले किरातीहरूको सौन्दर्यलाई र संस्कृतिलाई आफ्नो लेखनको माध्यमबाट बुलन्द गर्दै समसामयिक राजनैतिक चेतना फैलाउँदै समाजलाई साहित्यबाट नयाँ दृष्टिकोण प्रस्तुत गरिरहनुभएको छ ।

यस वर्षको सम्मान वरिष्ठ कलाकार तथा चित्रकार **टेकवीर मुखिया**लाई गरियो । उहाँको जन्म सन् १९३८ जनवरी २५ मा काठमाडौँमा भएको हो । उहाँले ४५०० भन्दा धेरै पुस्तकहरूको कभर डिजाइन गर्नुभएको छ । ३० वटा जति बाल किताबहरूको तस्बिर चित्र कोर्नुभएको छ । उहाँले (प्रवल गोर्खा दक्षिण बाहु) राजा वीरेन्द्रबाट प्राप्त गर्नुभयो । यसै गरी राष्ट्रिय प्रतिभा पुरस्कार (२००२), निश्चल बाल पुस्तक पुस्कार १९९९, २००१, २००३ र अन्य थुप्रै प्रथम र द्वितीय पुरस्कारहरू प्राप्त गर्नुभएको छ । मुखियाको पेन्टिङ कलाको अद्भुत कला र योगदानलाई जति नै कदर र सम्मान गरे पनि कमै हुन्छ ।

८. २०१५ मा युवा सङ्गीतकार **बी.बी. अनुरागी**लाई पुरस्कृत गरियो । उहाँको जन्म वि.स २०३२ साल पुस ७ गते भकुन्डे २ इन्द्रेणी गाउँ बाग्लुङमा भएको हो । उहाँ रेडियो नेपालबाट आधुनिक गीतमा भोकल टेष्ट पास गर्दै गीत सङ्गीतमा अगाडि बढेको सफल सङ्गीतकार हुनुहुन्छ । उहाँका सोलो एल्बमहरूमा तस्बिर, आभार, फूल, मोहनी, निरमाया, आकर्षण, विकल्प, शुभयात्रा, राम कसम, तरङ्ग, तरङ्ग-२, सङ्कल्प, समय, दुरी, साक्षी, आऊ न प्रिय निस्केका छन् । अनुरागीले लगभग ७०० आधुनिक गीतहरूमा सङ्गीत भर्नुभएको छ भने ६००० हजार लोक आधुनिक र फिल्मी गीतहरूको एरेन्ज गरिसक्नुभएको छ । बाटुली, जीवन लीला, गोर्खा पल्टन, नागबेली, निशानी, दृष्टिकोण, परदेशी, रित्तो

जस्ता १२ वटा फिलिमको सङ्गीत संयोजन पनि गर्नु भएको छ । झन्डै २५ वटा जति गीतहरू आफैले पनि गाउनुभएको छ । उहाँको 'उडेर जून छुन्छु भन्थेँ... जस्ता कालजयी गीतहरू श्रोता माझ लोकप्रिय छन् । एक दर्जनभन्दा धेरै सम्मान र पुरस्कार पाउनुभएका अनुरागी नेपाली प्रतिभा प्रतिष्ठान बेलायतद्वारा नगद राशि एक लाख र ताम्रपत्रसहित पुरस्कृत हुनुभएको थियो ।

यस वर्षको सम्मान वरिष्ठ साहित्यकार **प्रद्युम्न श्रेष्ठ**लाई गरियो । उहाँको जन्म सन् १९५४ मार्च २१ तारिखका दिन देन्ताम बजार पश्चिम सिक्किममा भएको हो । उहाँका प्रकाशित कृतिहरूमा पुष्प बाटिका कवितासङ्ग्रह (१९८५), मेरा केही स्मृतिहरू (संस्मरण १९९४) प्रथम, मेरा केही स्मृतिहरू (संस्मरण १९९६) दोस्रो, मेरा केही यात्रा संस्मरणहरू (निबन्धसङ्ग्रह १९९५), मह (कवितासङ्ग्रह), मोह (कवितासङ्ग्रह), आत्मा साक्षात्कार (निबन्ध २००३), माया (कवितासङ्ग्रह २००५), मन (कवितासङ्ग्रह २०१३), मेरा केही अभिव्यक्तिहरू (निबन्ध २०१०), चाँदनी रात (गीति एल्बम), तिम्रो मुस्कान (गीति एल्बम), लगायत अन्य धैरै कृतिहरू प्रकाशित छन् । मेरा केही गीत, गजल र भजनहरू मेरा केही कथाहरू लगायत केही एल्बमहरू प्रकाशोन्मुख कृतिहरू पनि रहेका छन् । उहाँ भानु जयन्ती समारोह समिति रङ्गेलीबाट अभिनन्दन, युवा साहित्य प्रतिष्ठान गान्तोकबाट अभिनन्दन, एम्बास्डर फर पिस युपीएस काठमाडौँबाट सम्मान लगायत दर्जनौं संस्थाबाट अभिनन्दित र सम्मानित हुनुभएको छ । उहाँ विभिन्न सङ्घ संस्थाहरूमा सङ्लग्न रहनुका साथै सल्लाहकारका रूपमा पनि रहनुभएको छ ।

९. २०१६ मा गीतकार **टीका चाम्लिङ**लाई पुरस्कृत गरियो । उहाँको जन्म वि.स. २०३० पुस ४ गते नुनथला ५ दिक्तेल खोटाङमा भएको हो । नेपाली साहित्यमा स्नातकोत्तर गरिसक्नुभएका चाम्लिङका मुन्दुम र मालिङ्गो (गीतिसङ्ग्रह २०७१), जूनको बस्ती (गीतिसङ्ग्रह २०६८), समयको रङ (गीतिसङ्ग्रह २०६४), सपनाको रङ (२०६०), राखौँ सम्झना लोक दोहोरी गीति अडियो (२०५१), सोमबारे हाटैमा लोक दोहोरी गीति अडियो (२०५९), सधैँभरि गीति अडियो (२०५८), साथै १०० भन्दा बढी फुटकर रचनाहरू विभिन्न पत्रपत्रिका तथा अडियो भिडियोहरूमा प्रकाशित/प्रशारित र सङ्गृहीत छन् । गीतकार टीकाले २०६१ सालमा रेडियो नेपालद्वारा आयोजित राष्ट्रव्यापी प्रतियोगितात्मक आधुनिक सङ्गीत सम्मेलनमा सर्वोत्कृष्ट गीतकार, सृजनशील युवा समाज सोलुखुम्बूद्वारा सम्मान, खोटाङ सेवा समाज बेलायतद्वारा पुरस्कृत, जिमी राई उत्थान समाज केन्द्रीय कार्यसमितिद्वारा प्रदान गरिने गीति सम्मान २०६२ द्वारा सम्मानित र किरात राई यायोक्खा कार्यसमितिद्वारा संरक्षित र आयोजित छत्र-विष्णु कृति सम्मान २०७२ द्वारा सम्मान पाउनुभएको छ । चाम्लिङ नेपाल प्राज्ञिक अनुसन्धान केन्द्रका उपाध्यक्ष लगायत विभिन्न सङ्घ संस्थामा सङ्लग्न हुनुका साथै पत्रपत्रिकाका सम्पादकसमेत गर्नुभएको छ ।

यस वर्षको सम्मान वरिष्ठ कथाकार **भागिरथी श्रेष्ठ**लाई गरियो । उहाँको जन्म २००५ साल भाद्र १७ गते लुम्बिनी अञ्चल, रिडी बजार गुल्मीमा भएको हो । स्नातक तहसम्मको अध्ययन गर्नु भएकी श्रेष्ठका क्रमशः (कथासङ्ग्रह २०४२) विभ्रम (कथासङ्ग्रह २०५०), मोहदंशः (कथासङ्ग्रह २०४३), रङ्गीन पोखरी (कथासङ्ग्रह २०५०), भूमिगत (कथासङ्ग्रह २०६२), मालती (उपन्यास २०३४), रातो गुलाफ (कथासङ्ग्रह २०६४), यस्तो एउटा आकाश (उपन्यास नेपाल प्रज्ञा प्रतिष्ठान २०४६, अग्नि पर्व (हिन्दी अनुवाद उपन्यास २०६४, 'कगार की आग'), after the sun set (कथासङ्ग्रह २०६९), बालकथा, स्वाबलम्बन, रिमोट कन्ट्रोल, घ्याम्पे काका, कृतिहरू प्रकाशित छन् । उहाँले राष्ट्रिय प्रतिभा पुरस्कार २०५७, रत्नश्री सुवर्ण पदक २०४३, गरिमा पुरस्कार २०६४,

मैनाली कथा पुरस्कार २०४८, गोभा साहित्य पुरस्कार २०६८, महाकवि देवकोटा पुरस्कार २०७२, पारिजात स्मृति साहित्य मितेरी सम्मान २०६२, लगायत झन्डै एक दर्जनभन्दा धेरै पुरस्कार र सम्मान पाउनुभएको छ । नेपाली कथा क्षेत्रमा एउटा भुल्न नसकिने नक्षत्र भगिरथी श्रेष्ठ उत्कृष्ट कथाकार हुनुहुन्छ ।

१०, यस वर्षको पुरस्कार........?........?........?........लाई प्रदान गरियो । यस वर्षको सम्मान........................लाई गरियो ।

साँघु भएँ कि म ?
टीका चाम्लिङ

आज वि.सं. २०७४ साल असार महिनाको ४ गते आइतबार, तदनुसार ई.सं. १८ जुन, २०१७। करिब सत्र वर्ष अगाडिको समयतिर फर्किरहेको छु म। र फर्किरहेको छु, आफ्नै उर्वर, कञ्चन उमेर र स्वप्निल समयको सुदूर अतीतमोहतिर।

प्रसङ्ग हो, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतद्वारा निकट भविष्यमा गरिने स्मारिका प्रकाशन र त्यसका लागि लेख्नुपर्ने संस्मरण सन्दर्भ। प्रतिष्ठानका मानार्थ सदस्य, वर्तमान नेपाल संयोजक कवि एवम् प्राज्ञ शशी लुमुम्बूले यो विषयमा कुरा गर्नुभएको त निकै समय पो भइसकेछ। निश्चित दैनिकीबिनाको मान्छे साह्रै नै व्यस्त भइँदोरहेछ भन्दा सायद धेरैलाई हाँसो लाग्न सक्छ, जुन हाँसो अस्वाभाविक मान्दिनँ म। सत्यचाहिँ यही नै हो मेरो जीवनको। चुनावमा उठेका प्रतिनिधिलाई त चुनावको बेला मात्रै चटारो हुन्छ। तर, मजस्तो बिन्दासलाई जहिल्यै चटारो।

कहाँ कुन लेखकको किताब विमोचन छ, त्यहाँ पर्म लगाउन हाजिर हुनु। कता कसको मुटुको भल्भ फेर्न वा किड्नी फेल भयो आर्थिक सहयोग जुटाइदिन देश-विदेशका आफन्तहरूलाई अनेकौं माध्यमबाट अनुरोध गरिदिनु। कहाँ कुन कलाकारको निधन भयो, श्रद्धाञ्जलीका लागि पुग्नु। कहाँ कसको बिहे, छेवर, गुन्यूचोली वा पास्नी भयो, त्यहाँ इज्जत धान्न उपस्थित हुनु। यस्तै व्यस्तताले त पछि कतै आफ्नै मलामी पो जान नभ्याइने हो कि ? शङ्कै लाग्छ। यस्ता धेरै लामो फेहरिस्त छ लेख्दै जाने हो भने। तर, यो गन्थन यही रोक्न चाहें अहिलेलाई।

सन् २००० जस्तो लाग्छ। वि.सं. २०५६ सालको वैशाखतिरै हो। कवि, लेखक, सिद्धान्तकार, प्रतिष्ठानका संस्थापक अध्यक्ष रक्ष राई (साइनोले मेरो आफ्नै भेनाजु) मार्फत् उपन्यासकार मूलीवीर राईसित पहिलोचोटि फोनमा परिचयसहित कुराकानी भयो। म त्यसबेला कीर्तिपुर बस्थेँ। घरपटी अलिक राम्रै भएकोले अनुरोध गर्दा फोन रिसिभ गर्न पाइन्थ्यो। वा आफू पनि ठीकै स्वभावको भएको कारण पनि त्यस्तो हुन्थ्यो कि ? लाग्छ। जेहोस् बोल्न पाइन्थ्यो त्यो नै त्यसबेला निकै ठूलो कुरा थियो। फोनमा भेट्ने सल्लाह भयो र स्थान तोक्नुभयो धरहराको फेँदमा भेट्ने भनेर उहाँले नै। भलै वि.सं. २०७२ साल वैशाख १२ गतेको महाभूकम्पले भत्काएर धरहरा सतहमा मिलिसकेको पनि २ वर्ष भइसकेको छ। आशा छ, धरहरा फेरि अर्को इतिहास निर्माणसँगै चाँडै नै नयाँ तर सोही स्वरूपमा उठ्ने छ र चढाउने छ नवयुगका अरू धेरै प्रेमजोडीहरूलाई आफ्नो समरथ काँधमाथि।

उहाँले मलाई भेट्न चाहनुभएको खास कारण रहेछ, उहाँको तेस्रो उपन्यास कृति प्रकाशनका लागि भूमिकाकारको खोजी गर्न। कुराकानीका क्रममा उहाँको इच्छा रहेछ साहित्यकार मञ्जुललाई भूमिका लेखाउने। अब पऱ्यो है मलाई फसाद ! मञ्जुललाई म हल्का मात्रै चिन्थेँ। कसरी भेटाउने ? तर हरेक समस्यासँगै समाधान पनि आएको हुन्छ भनेजस्तै मेरो मानपटलमा तत्कालै आइहाल्यो, प्रसिद्ध कवि, गीतकार श्रवण मुकारुङको झरिलो व्यक्तित्व। उहाँसितको भेटले सहज बनायो मञ्जुलसम्म पुग्ने वातावरण। र, पूराभयो उहाँको कृतिमाथि भूमिका लेखाउने इच्छा। छापियो *हरियो पर्खाल* नामको सुन्दर उपन्यास। त्यसपछि बाक्लियो उहाँ र मेरो लेखनसहित पारिवारिक सम्बन्ध पनि।

यही समय सेरोफेरोमा बेलायतमा रहनुभएका लेखकहरू मूलीवीर राई, ईश्वर चाम्लिङ,

विश्वासदीप तिगेलालगायतको सकृयतामा गठन भयो, प्रवासी नेपाली साहित्य समाज (प्रभात)। मलाई पनि नेपालको प्रतिनिधि भएर काम गर्ने मौका दिनुभयो । काम त के गर्नुथियो र एक भाइ, साथी जो साहित्यबारे चासो राख्ने कारणले सहकार्यमा संलग्न गराउनुभयो । र, जोडिएँ म पनि साहित्यिक साइनोमा समुद्रपारिको एक विशुद्ध साहित्यिक संस्थासित । विशुद्ध शब्दको प्रयोग चाहिँ संस्थाको लागि मात्रै गर्न चाहेको हुँ । व्यक्तिगत रूपमा हामी कोही पनि विशुद्ध रहन सक्दैनौँ । कुनै न कुनै गुट, वाद वा समूहविना अबको मानिस खासगरी हामी नेपालीहरू न रहनै सकिन्छ न भेटाउन नै । नेपालमै त यस्तो निरपेक्ष व्यक्ति भेटाउनु भनेको कल्पनाभन्दा बाहिरकै कुरा भइहाल्यो । नेपाल बाहिर पनि जहाँ-जहाँ नेपालीहरूको बाक्लो घनत्व छ, त्यहाँ यस्तो प्रवृत्ति पाइनु अस्वाभाविक मान्ने प्रश्नै उठ्दैन । जेहोस् यो बाध्यता वा सत्यलाई स्वीकार्न नसकिए पनि नकारिहाल्न पनि सच्चा मनले चाहिँ सकिन्न ।

प्रवासमा रहेर निजी काममा व्यस्त हुँदाहुँदै पनि साहित्य जस्तो जटिल कर्ममा लाग्नु । त्यो पनि सङ्गठित भएर संस्था निर्माण गर्नु । आफैमा एक चुनौती र महत्त्वपूर्ण प्राप्ति पनि हो । आफैमा पुस्तौँपुस्ता बाँचिरहने प्रयत्नको सुरुवात गर्नु हो । यही सकरात्मक सोचको उपज हो प्रवासी नेपाली साहित्य समाज, बेलायतको निर्माण । नेपाली साहित्यको विकास र उन्नयनमा यो समाजले धेरै राम्रा कामहरू गर्ने प्रयत्न गऱ्यो । नेपालमा रहेर साहित्य क्षेत्रमा लागेका थुप्रै प्रतिभाहरूलाई पुरस्कृत र सम्मानित गर्न सफल भयो भने साहित्यिक कृतिहरूको प्रकाशन पनि भए । जसको एउटा उदाहरण हो मेरो पहिलो गीति कृति *सपनाको रङ* प्रकाशन । प्रकाशनका लागि आर्थिक भार उहाँहरू जो-जोबाट या जसरी बेहोरिएको भए पनि त्यो हौसलाले मेरो सिकारु लेखनमा अरू पाइन थपिदिने भरपुर काम गऱ्यो । यद्यपि, सिक्ने कार्यबाट कोही पनि मुक्त हुन सकिन्न । जुन क्रम मभित्र पनि चलिनै रहेछ र बाँचिञ्जेल चलिनै रहने छ ।

सन् १९९७ पश्चात् जागिर निवृत्तिभरण (पेन्सन) पाएका बृटिस गोर्खा सैनिकका परिवारलाई आवासीय सुविधा प्राप्त भएकाले अधिकार पाएका धेरै गोर्खाहरू त्योबेलासम्म बेलायत पुगिसकेका थिए । (बेलायतले गरेको समस्त गोर्खाहरूमाथिको थुप्रै-थुप्रै असमानता सहितको अपमानका विरुद्ध पूर्व बेलायती गोर्खा सैनिकहरूद्वारा गरिएका विभिन्न चरणका आन्दोलनले हाल सबै गोर्खा र तिनका परिवारले बेलायतमै बस्न पाउने एउटा सानो अधिकार प्रदान गरेको छ) यही समय पूर्व बेलायती गोर्खा सैनिकहरूमध्ये पल्टनघरमै रहँदा त्यहाँको (तत्कालिन सैनिकहरूमा लागू गरिएको नियमको पराकाष्ठा) कडा अनुशासनको दायरा अवज्ञा गर्दै साहित्य क्षेत्रमा अनवरत लागिपर्नुभएका अब्बल स्रष्टाहरू रक्ष राई, दयाकृष्ण राई, गणेश राई लगायतको पुनः बेलायत प्रस्थान हुन गयो । भेटिए फेरि पुराना साथीभाइ मुलीवीर राई, ईश्वर चाम्लिङ, विश्वासदीप र सिङ्गो समाज ।

आ-आफ्ना कामकाज र घरपरिवार । व्यक्तिगत सुख-दुःख । अनायासै आइलाग्ने समस्याहरू । काँधमा थपिँदै जाने सामाजिक दायित्वहरू । यसका बाबजुद पनि साहित्यिक मन र चेतनाका कारण बेलायतबासी नेपालीबीच बेलाबेला भइरहने साहित्यिक भेला, गोष्ठी, सङ्गोष्ठी आदिमा भएका अनुभव साटासाट, छलफल, विमर्सको निष्कर्षस्वरूप प्रवासी नेपाली साहित्य समाजलाई विस्तार गरेर प्रतिष्ठान निर्माण गर्ने अवधारणाले मूर्त रूप लियो । र, सन् २००७ मा निर्माण भयो नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत । तथापि, प्रतिष्ठानमा सबै साहित्यिक मनहरू अटाइनु भयो या भएन अथवा सम्पूर्ण सर्जकहरू समेट्न वा समेटिइनु भयो या भएन भन्ने कुरा नेपालीहरूको मनोवैज्ञानिक प्रवृत्तिबारे माथि नै सङ्केत गरिसकेको छु ।

प्रतिष्ठानका संस्थापक अध्यक्ष बन्नुभयो या बनाइनुभयो रक्ष राई । साथमा दयाकृष्ण राई, गणेश राई, मिजास तेम्बे, दीपा लिम्बू राई, निर्मला राई 'परिवेश' नरेश नाति, काङमाङ नरेश, अप्जसे कान्छा, चोक गुरुङ, विजय हितान, जगत नवोदित, विश्वकाजी राई लगायत संस्थापक पदाधिकारीहरूको विवेकशीलता, प्राज्ञिकता, र साङ्गठनिक चिन्तनले नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत एक छुट्टै गरिमाका साथ एकयुग साहित्यिक यात्रामा अघि बढिसकेको छ । जसको साक्षी म प्रवासी नेपाली साहित्य समाज हुँदै प्रतिष्ठानमा आधादशक (२००७-२०१२) सम्म दुवै संस्था गरी झन्डै बाह्र वर्ष सहकार्य गर्ने मौका पाएको छु । मानवीय स्वभाव हो, कार्य सम्पादनका क्रममा कहीँ-कतै मेरा पनि कमीकमजोरी रहे होलान् । भलै हाम्रो समाजमा असल पक्षभन्दा बढी कमजोरीलाई कोट्याउने नेपाली प्रचलन वा प्रवृत्ति पुरानै हो । यही प्रवृत्ति पुनरावृत्ति हुने क्रममा प्रतिष्ठानका तत्कालिन जिम्मेवार एक सदस्यबाट ममाथि पनि यस्ताखाले लाञ्छना लाउने काम नभएका होइनन् । जुन प्रसङ्गका पत्रहरू उप्काउन अहिले उपयुक्त समय होइन । आउने उचित मौकामा ती प्रसङ्गहरू पनि छर्लङ्गै पार्दै जाऊँला नै । यद्यपि, म यस्ता लाञ्छनाहरूबाट हार खाने, डराउने र निरास हुने मान्छे यस कारण होइन कि मबाट हुन गएका वा हुन जाने संस्थागत कमीकमजोरी अन्तरमनले सहजै स्वीकारेको छु र स्वीकार्दै जाने पनि छु । किनकि, मलाई संस्थागत सीमा, मर्यादा र गोपनीयता आदिबारे केही ज्ञान त अवश्य नै छ । अर्कोकुरा मान्छेको निजी मामलाहरूबारे चाहिँ खास चासो राख्नुपर्छ भन्ने पटक्कै लाग्दैन मलाई । अर्कालाई नराम्रो देख्दै वा देखाउँदै गर्दा आफूचाहिँ कति राम्रो हुँ भन्ने कुरा पनि आफूले गरिरहेको व्यवहारले स्पष्ट देखाइरहेको हामी धेरैलाई यादै हुन्न सायद !

नेपाली प्रतिभा प्रतिष्ठान आज एक दशक यात्रामा दौडिरहेको छ । अनन्त सोच र विवेकपूर्ण कार्य सम्पादनका कारण प्रतिष्ठानले आफ्नो निर्माणकालदेखि नै नेपाली साहित्य, सङ्गीत र कलाका क्षेत्रमा लागिपरेका तर लुकेका प्रतिभाहरूको यथोचित खोजी गरी हरेक वर्ष ठूलो धनरासी सहित सम्मान र पुरस्कार समर्पण गर्दै आइरहेको छ । यही सिलसिलामा दसौं संस्करणको *प्रतिभा पुरस्कार* मैले पनि प्राप्त गरिसकेको छु । साथै, प्रतिष्ठानले स्थापना दिवसका अवसरका बेलायतमै रहनु हुने नेपाली प्रतिभाहरूको प्रस्तुति *अभिव्यक्ति शृङ्खला*जस्ता अनुकरणीय कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आशा छ, यसका अलावा ज्ञान-प्रज्ञानको विशिष्ठ यो संस्थाले आउने दिनहरूमा नेपाली साहित्य, संस्कृति, भाषा, कला, सङ्गीत, साजबाज, पहिरन, गरगहना आदिका क्षेत्रमा पनि खोजअनुसन्धानमूलक कार्यका लागि वृत्ति स्थापना गरी यथोचित प्रतिभाहरूलाई काम गर्ने अवसरको निर्माण र विकास गरेर प्रतिष्ठानको वौद्धिक र प्राज्ञिक दायरा अझै फराकिलो बनाउनतिर पनि ध्यान दिँदै जाने छ ।

प्रवासी नेपाली साहित्य समाज हुँदै नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतसम्म आइपुग्दा करिब एक दशक सहकार्यमा बिताएका मेरा ती क्षणहरू, अनुभूत गरेका दुःख, खुसी, असहजता आदि नै फर्किएर हेर्दा लाग्छ आज प्रवास र नेपालका बीच निर्माण भएका व्यक्तिगत चिनजान, साहित्यिक वा संस्थागत माहोललाई जोड्ने एक सानो साँघु हुँ कि म ?

प्रतिष्ठानको सद्भावप्रति

चन्द्र रानाहँछा

सन् २००८ मा स्थापना भएको साहित्यिक संस्था 'नेपाली प्रतिभा प्रतिष्ठा, बेलायत' को मूलभूत उद्देश्यहरू तत्काल के-के थिए होलान् ? र ती उद्देश्यहरूको नजिक पुग्न आज संस्था के-कति सफल भयो ? यसको लेखाजोखा संस्थाले नै गरिरहेको होला । यद्यपि यतिखेर हामी प्रतिष्ठानको प्रारूप, वर्तमान स्वरूप तथा प्रतिष्ठानले गरिआएको, गर्दै गरेको र गर्न चाहिरहेको यावत् कामहरूको सरसर्ती मूल्याङ्कनको आधारमा सगर्व यो दावी गर्न सक्छौ की, बेलायतमा स्थापित नेपाली प्रतिभा प्रतिष्ठान समग्र नेपाली भाषा साहित्य, कला तथा संस्कृतिको सिङ्गो डायस्पोरिक एकेडेमी हो । जो अहोरात्र नेपाली भाषा, साहित्य, कला र संस्कृतिको जगेर्नाथ समर्पित छ ।

कुनै पनि राजनीतिक आग्रह-पूर्वाग्रहभन्दा बाहिर बसेर सुन्दर तथा सृजनात्मक कार्यक्रम गरिरहेको यो संस्था मुलतः बेलायतवासी गम्भीर नेपाली श्रष्टाहरूको प्राज्ञिक संस्था हो । वास्तवमा संस्था स्वयंमा विचारहरूको सामूहिक रूप हो । जुन सामूहिकताभित्र वैचारिक भिन्नताहरू स्वाभाविक रूपमा हुन्छ तथापि ती भिन्न विचारहरूले गर्ने काम र तीनका सार (उद्देश्य) चाहिँ एउटै अर्थात् साझा हुन्छ । यस अर्थमा नेपाली प्रतिभा प्रतिष्ठान बहुबीचको एक विचार अथवा साझा भावाद्देश्य बोकेको सामूहिकता (संस्था) हो । जसले बेलायतमा स्थापना भएर पनि सदैव नेपाली कला, साहित्य, संस्कृति र समाजलाई माथि उठाउनका निम्ति राज्यले समेत गर्न नसकेको प्राज्ञिक काम (योगदान) हरू गरिरहेको छ । हामी देख्छौँ साहित्य र कलाको समृद्धिका खातिर स्थापित प्रायः जसो संस्थाहरूको उद्देश्य एक हातले दिएजस्तो गरेर अर्को हातले लिने प्रकृतिको हुन्छ । जहाँ कला, साहित्यको आवरण भित्र खुलेआम राजनीतिको भद्दा नाटक मञ्चन हुन्छ । जस्का कारण ती संस्थाहरू गन्तव्यमा पुग्नु अगावै दुर्घटित भइरहेको वास्तविकताहरू हाम्रो सामुन्ने छ अर्थात् यसो भनौँ कि कुरूप राजनीतिले त्यहाँभित्रको कला साहित्यलाई खाइदिन्छ । यद्यपी नेपाली प्रतिभा प्रतिष्ठानले त्यस्ता दुःसित कुराहरूको सर्वथा विरोध गर्दै समग्र कला साहित्यको समुन्नतिका खातिर दशकौँअघिदेखि निःस्वार्थ भावले उदाहरणीय कामहरू गर्दै आइरेहेको छ । विशेषतः प्रतिष्ठानले गर्दै आइरहेका कामहरूमा कला साहित्य जगत्मा समर्पित प्रतिभाहरूलाई छनौट गरी क्रियाशीलता र योग्यताको आधारमा प्रत्येक वर्ष एक एक जनालाई पुरस्कार सम्मान प्रदान गर्नु साहित्यका विभिन्न विधागत पुस्तक तथा पत्र पत्रिकाहरूको प्रकाशन गर्नु, डायस्पोरिक तथा युद्ध साहित्यको ऐतिहासिक पुनर्लेखन गर्नुका अलावा दर्शन, चिन्तन तथा अनुसन्धान गर्नु आदि गतिविधिहरू स्मरणीय छन् । प्रतिष्ठानको यस प्रकारका सुन्दर कार्यहरूले नेपाली कला, साहित्य सृजना र

सर्जकहरूको सामाजिक जीवन तथा पारस्पारिकतामा अत्यन्त गहिरो अर्थ राख्छ । यसो हो भने हामीले चैं प्रतिष्ठानलाई के कसरी मूल्याङ्कन गरिरहेका छौं त ? अर्थात् यो पारस्परिकता या प्रतिष्ठानले पस्किरहेको सद्भावप्रति हामी कति हार्दिक छौं ? हामीले आत्मसमीक्षा गर्न जरुरी छ । कि हामी स्वयं कन्जस्ट्रेड त छैनौं ? या पूर्वाग्रही पो भयौं कि हामी ? कतै हामीले खोला तरेर लौरो बिर्सिरहेका त छैनौं ? होइन भने आफूसित प्रत्यक्ष जोडिए बाहेकका प्रतिष्ठानका अन्य क्रियाकलाप बारे किन सरोकार राख्दैनौं हामी ? मानें मैले कि ती क्रियाकलापमा निरन्तर भौतिक उपस्थिति सम्भव रहेन हाम्रो, तर अनुपस्थितिबीच पनि आफ्ना पहुँचका मिडियाहरूमा यसबारे प्रसङ्ग उठाउनु कसैले रोकेको छ र हामीलाई ? यो सामान्य जस्तो लाग्ने गम्भीर कुराको मनोवैज्ञानिक समीक्षा यथासिघ्र गर्नुपर्छ हामीले ।

इमानदारिता ओकल्ने हो भने यो यथार्थसित म आफै पनि विमुख भएको ठहरिन सक्छु किनभने करिब स्थापनाकालबाटै अङ्कुरिएको हाम्रो सम्बन्धको वृक्षलाई प्रतिष्ठानले मेरो कविताकृति 'थिबिया चराको गीत' २०७१ सालमा प्रकाशन गरिदिएर अजङ्गको बनाएको सत्य हो ।

हरेक स्रष्टा सृजना गर्ने क्रममा विशेष गरेर दुई चरण गहिरो तनावबीच गुज्रिन्छ । पहिले उस्ले गरिरहेका सृजनाले पूर्णता नपाउँदासम्मको चरण र दोस्रोचाहिँ गरिसकेको सृजना प्रकाशन नहुँदासम्मको चरण । विगतमा थुप्रैचोटि यी दुवै खाले तनाव बेहोरेको मैले कविता कृति 'थिबिया चरको गीत' सृजना गर्दाको क्रममा भन्ने माथि उल्लिखित दोस्रो चरणको तनाव अर्थात् प्रकाशनको चिन्ता खेप्नुपरेन किनभने मेरा कविताहरूलाई जन्मनसाथ हातमा समातेर डोऱ्याउने अभिभावकको रूपमा उपस्थित भइदियो 'नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत', जसले प्रकाशनको भूमिका निभाइदिएर ममाथि अमूल्य गुण लगाए बापत मैले प्रतिष्ठानलाई मौखिक धन्यवाद दिन सिवाय अन्य सहयोग गर्ने हैसियत राखिनँ । यद्यपि ममाथि आज जो उच्च हौशला र जिम्मेवारी थपिएको छ अब यी कुराहरूलाई शिरोपर गरी आगामी दिनमा अरू सृजनशील बन्दै परिस्थिति अनुकूल यस संस्थालाई रचनात्मक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्त्यमा प्रतिष्ठानको उत्तरोत्तर प्रगतिको कामना ।

मेरी प्यारी आमालाई

चन्द्रकला थेबे लिम्बू

मेरी आमा हजुर
कहाँ कुन सौर्यमण्डल
दुर प्रशान्त क्षितिजपारि
तिमी कहाँ छ्यौ आमा ?

कतै कहीँ आँसुको सागरमा पो छ्यौ कि ?
अनमोल प्रकृतिको सृष्टि तिमी
झरी वर्षात्को घामको शीतल छहारी
पलपल मुटुको धड्कन थियौ ।
जून, तारा, चन्द्रमा हँसिलो
सुखदुःख र मर्ममा मलम भइदिने
मनको मेरो फूलबारीमा
अति सुन्दर रमाइलो घाम जून थियौ ।

अतुलनीय तिम्रो न्यानो काख
तिमी मेरो विशाल मनोहर आकाश धरती
हर कदम पाइलाको मार्गदर्शन
मेरो अविस्मरणीय हर साँझ हर बिहानी हौ ।

थरथर कम्पित पाइला थाम्ने पहाड
भीर, पाखा, पखेरु हरियाली लिम्बुवान थियौ ।
हराभरा गुराँस फुल्ने हिमाली ताप्लेजुङ
स्वच्छ रमणीय मझुवा गाउँ
त्यहीँ पहाडी गुराँसको एक थुँगा गुलाव मलाई फुलायौ ।
डाँडाकाँडा, पाखा, पखेरु चिनाउँदै
झार, जङ्ल, पाखा, पखेरु, खोला तर्न सिकायौ ।
चुला, चौका, अगेना वरिपरि नचाउँदै
अरुण, तमोर, त्रिजुगा नदीका किनाहरू देखायौ ।

बग्दै जाने कागबेनी खोला धेरै पर
भानु बाको अलकापुरी काठमाडौं सहर
झिलिमिली सिंहदरबार राजधानी चिनाउँदै
विश्व भूगोल छर्लङ्ग पढायौ ।

तिम्रै पवित्र मातृत्व निःस्वार्थ मायासँगै
लाखौं पीडा र मर्म सही
आमा स्वर्गतुल्य तिम्रै विशाल गर्भ
धन्य आमा रमणीय पखेरु मलाई जन्म दियौ ।

जीवन सङ्घर्षका धेरै पाइलाहरू टेक्दै
वसन्तको स्वर्ण फूलबारीमा
जीवन रङ श्रुतिहरूमा स्वयम् उकासिएर
आमा हजुर मैले पनि
पहरामुनि सन्तान सजाएकी छु ।

कर्मबद्ध पाइलाहरूमा बेलायतको भूमि टेक्दै
प्रवासको बिरानो सहर स्वीन्डनमै
सानो बस्ती बसाएकी छु ।
जन्म पाएँ जन्म दियौ
मेरी प्यारी आमालाई धन्यवाद ।
मझुवा गाउँ, ताप्लेजुङ
हालः स्वीन्डन, बेलायत

बिगवेन

–देवेन्द्र खेरेस

बिगवेन
भवनको टुप्पामा बसेर
घडीको काटाँहरू घुमाउँछ
र, मानिसहरूको दिमागमा डस्छ
उसको छेउबाट बग्छ
थेम्स नदी
उसैको समय सिरानीलाएर सुत्छ/उठ्छ
वेष्ट मिनिस्टर ।

यो सोर्हटनको तामाको भारी कसले उचाल्यो ?
कहिलै प्रश्न उठ्दैन
यो महलको भित्ता कसले उँठायो ?
कसैले तर्क गर्दैन
यहाँ अफ्रिकाको सुनखानी सम्भेर
भोका नाङ्गाहरूमाथि प्रश्न उठ्छ
अरबको तेलखानी सम्भेर
डाउनिङ स्ट्रिट तिर्खाले छट्पटिन्छ
विश्वका वरिपरी देख्ने आँखाहरू
आफ्नै आगनलाई हेर्न बिर्सन्छन् ।

बिगवेन
तिम्रो टाउकोमा बिहान दश बजे
काठमाडौँको सडकमा अपरान्ह चार वज्दछ
सिकागोमा बिहान बिउँभने वेला
केपटाउनमा साँभ हुनै लाग्छ

एकै यन्त्रमा बनाइएका घडीहरू
एकै सारमा घुम्ने काँटाहरू
किन एकै समय बताउन सकिरहरेको छैन ?
भिन्न ठाउँमा
भिन्न-भिन्न समय
प्रकृतिलाई जित्न सक्यौ त ?

बिगवेन
विश्व समयको साँचो बोकेर
ग्रीनवीच समय भ्रम बाडीरहे'छ
आज मानिसहरू
न दिनमा सुखले बाँच्न सकेका छन्
न रातमा ढुक्कले निदाउँन सकेका छन्
आफ्नो लागि दिन/रात भन्न नपाई
जीवनमा सजाउने सुकोमल सपनाहरू
पुरा हुन्छ/ हुँदैन ?
तर घडीको काँटालाई पछ्याउन छाडेको छैन ।

तीन गजल

अन्जु अञ्जली

एक

किन दुख्छ मन मेरो सोच्छु किन दुख्छ जीवन
थाहा छैन कहाँ गई कुन मोडमा रुक्छ जीवन ।

चर्किएर छातीभित्र पीडाहरू रुमल्लिँदा
आफैसँग हार खाई आफैलाई थुक्छ जीवन ।

किन झर्छ यति धेरै आँसु तिम्रो यादमा
यस्तो लाग्छ रीत्तिएर आँसुसँगै सुक्छ जीवन ।

माया गरेँ विश्वास गरेँ भन के गल्ती गरेँ
तिमीले जित्यौ मैले हारेँ तिम्रो अघि झुक्छ
जीवन ।

मैन जस्तै जलिरहेँ उज्यालो होस् तिमीलाई भनी
निःस्वार्थमा समर्पणमा भन कहाँ चुक्छ जीवन ।

छाडी गयौ फर्की आउँछु भन्ने बाचा दिलाएर
अब त बस् तिमी आउने बाटाहरू ढुक्छ जीवन ।

दुई

हरपल तिम्रै सम्झनामा हुन्छन् यी आँखाहरू
मिलनको मीठो स्वप्न बुन्छन् यी आँखाहरू ।

मलाई छाडी मेरो माया टाढा कतै गइदिँदा
मलाई नै झुक्याएर रुन्छन् यी आँखाहरू ।

आँसुसँगै झरी जान्छौ नयनबाट भन्ने डरले
छल्किएर पोख्न खोज्दा थुन्छन् यी आँखाहरू ।

हिँड्दिनँ म फूलको बाटो जहाँ तिमी हुन्नौ प्रिय
काँडा सही तिम्रो साथ चुन्छन् यी आँखाहरू ।

तीन

छरेर यो मीठो सुवास म फूलजस्तै फुल्न चाहेँ
भरेर यो दिव्य ज्योति म जूनजस्तै खुल्न चाहेँ ।

फिँजाएर चोखो माया लुकाएर प्रिय तिमीलाई
बादलुको घुम्टो ओढी आकाशभरि डुल्न चाहेँ ।

बाँचिरहेँ जिन्दगीमा सधैँ एउटा साधा जीवन
अब भने तिम्रै प्रेमको रङभरि घुल्न चाहेँ ।

तिमी साथ नहुनुको पीडाभित्र जल्दै आज
सम्झिएर तिमीलाई म आफैलाई भुल्न चाहेँ ।
मेडिस्टोन, बेलायत

चन्द्रमा उदाएकी छे
लालसुन्दर राई

कहीँ उदास बादलको महलमाथि
एउटा विशाक्त मुग्लानको परिवेशभित्र
बिमारी सूर्य दुब्लाएर मुस्कान बेचिएको सहरभरि
मेरो फिक्का जीर्ण जीवन निर्जन पखेरुमा
सायद होला निक्कै अस्तिदेखि
अनुपम आँखाको दर्पण
मनोरम मोह प्रणय प्रशान्तभित्र
यहाँ भर्खरै कोही पौडिन थालेकी छे।
मात्र सूक्ष्म कण अल्झिएर नयनहरूमा बिज्दा
सह्य नहुने मेरा यी मुलायम नानीभित्र
अब तातिन सिङ्गो वदन पनि
केवल मलमल स्पर्शमा
मलाई सुमसुम्याउन थालेकी छे।
दुखाउन वा विषाउन त परै जाओस्
बरु स्वच्छ आकाशमुनि
विशाल धर्तीभरि शीतलता सिँचेर
स्वच्छ आकाशमाथि जूनताराहरूको मेलामा
सुखद् साधनको रमाइलो उद्यान भएर
मेरो मन उधुम रमाउने कारण बनेको छ।
पत्झड मन पाउलियो फेरि हृदयपखेरुमा
ढुकढुकीभित्र प्रज्ज्वलित न्यानो किरण
जूनतारा सजाई दिएर
मभित्र मन निकै माथि उमारिएको छ।
दिलभरि रङ्गीन गुलाव, चाँप, चमेली
उजाड हृदयमा चन्द्रमाको मुस्कान फक्राई दिएर
तिनकै हिमचुली पहरा छहरामा रमाउँदै
मीठो स्पर्शमा मलाई सुमसुम्याएकी छे।
सधैँभरि पीडा सजाई खोलो बहाउने
मेरा निराश यी चक्षुहरूमा
मदहोस पावनसरि रङ भरिदिएर
औषधितुल्य ममा उपचार भएको छ।
अंगअंगहरूमा अलौकिक भावना छचल्काउँदै
सुस्तरी दिलको सागरभित्र
निरन्तर कोही यहाँ पौडी आउनेले
सधैँ दुखिरहने उष्ण बिमारी मन
सुटुक्क तिनैले चटक्क निको पारेकी छे।
सायद यसरी नै नैराश्य जीवनका मरूपटमाथि
कैयौँ युग अगावै असहाय पलभित्रै
दुब्लाएका आँखाहरूसँगै मरिसकेको हुन्थेँ होला
सागर वार न त पार दिशाहीन नाउभित्रै
जिन्दगी यस्सै ओसिएर कहीँ अस्ताएको म बन्थेँ होला
तर आज जीवन नदीको छाल मभरि छल्काई
तिनकै मधुमयी गुलावी मुस्कान
जिन्दगीको सुन्दर चन्द्रमा उदाई झुल्किएर
साहसले जिउने रहरभरि
हृदयका अनुपम सवल भावनाहरू
कलेजी मुटुको हरेक टाकुरामाथि
वसन्तको गुलाव अङ्कुराएर
सर्वाङ्ग शिखरभरि चन्द्रमा उदाएकी छे।
सामातुङ, दिक्तेल, खोटाङ
हाल: स्वीन्डन, बेलायत

त्यो प्रेम

नरेश नाति (माङपाहाङ)

बीएनजी ? त्यो गोरी केटी छ नि ? आठ कलासको । नेवार गाँउबाट आउने ग्रुपको क्या ? स्कुलको पढाई सकेर घर फर्कदा सगै पढ्ने साथी बी एनजीलाईहाङले भन्यो ।

कुन हौ ? गोरीहरू त थुप्रै छ त । अनि के ? मन पऱ्यो ?

मन परेर त भनेको नि । अब चिठ्ठी लेख्नु पर्ला । अझ खुलेर हाङ बोल्यो ।

खै कुन केटी हौ ? भोली देखाउँ न ल ? बी एनजीको प्रश्नमा मुन्टो हल्लाउदै हाङ बाटोमा अघिअघि हिड्यो ।

त्यो हाम्रो कलासको सुबिना छ नि ? म चाही त्यसलाई पट्याउनु पर्ला । पछाडिबाट बी एन जी बोल्यो ।

के पो भनियो माइला ? हा हा हा हा आफु पनि लभ परि सकियो की क्या हो ? सुबिना त राम्री नै लाग्छ मलाई पनि । तर त्यसलाई धेरैले मन पराउँछ हौ । हाम्रो कलासको पदमसँग हाँस्दै गफ गर्छ । दश कक्षाको केटाहरू पनि उसको पछि पछि लाग्छ त अनि ? त्यो त जोसँग पनि बोलीराको देख्छु है। बाटो छेउको तितेको पात चुँडाउदै हाङ बोल्यो ।

हैत ! तेसो नभनुङना हौ आफ्नो हुनेवालालाई । मेरो नै हो क्या सुबिना बी एनजीले जिकिर गरेर भन्यो । ा

त्यसको दिदि पनि राम्री छ । तर त्यसको त केटा छ अरे । हाङले भन्यो ।

कसकी छोरी होलीन् ? नाम के होला ? कुन गाँउबाट पढ्न आएकी होलीन ?हाङलाई उसको के पो मन परेन । बोली चाली, जिउडाल, ,हिड्ने चाल, उसले लगाएको कुर्ता सुरुवाल, खैरो कपाल, पुष्ट छाती र डिम्पल परेको गालाको मुस्कान । उसले हिडेको बाटोहरू, बसेको चौतारीहरू, छोएका ढिस्कनाहरू, सबै सबै नै मन पऱ्यो ।ओहो ! कत्ति मनले खाएको त्यो केटी ?

प्रत्येक दिन स्कुल लाग्नु भन्दा अगाडीको राष्टियगान गाँउदा लाइनबाटै आँखाले उसलाई नियाल्दै राष्ट्रिय गीत गाउदा, गीत सकिएको पनि पत्तै हुन छाड्यो । भबिष्यको बाटो कोर्न स्कुल पुगेको हाङ । नौ कक्षा पढ्दा पढ्दै चेत हराम गरी गो । आठ कक्षा पढ्दै गरेकी केटीले मन चोरेर । उधुम गरी गो । मन र मस्तिष्कमा आँधी हुरी ल्याईहाल्यो ।

आधा घण्टा घरबाट हिडेपछि भेटिने कालठुटे पाखा । तिघ्रामा हात राख्दै उक्लिनु पर्नेउकालोबाटो ।पाखा छिचोलेपछि आउने देउराली डाँडा । त्यहाँबाट अझै आधा घण्टा लगातार हिडेपछि पुगिने मा.बि.स्कुल ।

स्कुल सुरु भएपछि चारैतिरबाट आउने बिद्यार्थीहरूको हुल । त्यही हुलमा उसलाई नियाल्थ्यो हाङ । प्रत्येक पलहरूमा हाङका आँखाहरू त्यही बाटोतिर तेर्सिएका हुन्थे । जहाँबाट उनी सधैं स्कल आउने गर्थिन् । आफ्नो कलासका झ्यालबाट देखिने तलतिरको कोठामा । भनौः उ पढ्ने कक्षाकोठाको झ्यालमा । हेरिरहन्थ्यो हाङ । जब स्कुलको टिफिनमा

देख्थ्यो उसलाई । मन उकुसमुकुस भएर आउथ्यो । निधारमा चिटचिट पसिना निस्कन्थ्यो । बैशाखै गुरास, असोज महिनाको सयपत्रीहरू झैँ कोपिला लागेरफक्रदै गरेका फुलहरूको मोहकता र सुवास झैँ प्रेम हाङले त्यो बेला अनुभूत गर्थ्यो ।उसको उपस्थितिमा हाङ आनन्द र खुसीले लठ्ठ पर्थ्यो ।

एक बजेको टिफिन । त्यो मध्यदिनको घाम । कटुस र पँयुका छहारीमा बसेर कलासका साथीहरूसँगै सित्तल तापीहरेका हुन्थे हाङ । उनी पनि त उसैगरी अर्को छहारीमा साथीहरूसँगै हुन्थिन् । देब्रे हातमा बोकेको कलम टोक्दै साथीहरूको भिडबाट हाङलाई चिँयाउथिन् । कताकता दुबैका नजर जुँधे झैँ हुन्थे । हाङ नर्भस हुन्थ्यो । अनुहार रातो भएर आउथ्यो । त्यो हेराईमा उसको मायाका बाणहरूले हाङलाई निशाना बनाउथ्यो क्यारे । हाङ सख्त घाईते हुन्थ्यो । उ भित्रको निश्चल प्रेमका झोक्काले हाङमा न्यानो स्पर्श गरिदिन्थ्यो । त्यसपछि हाङ उसँगै एउटा प्रेमकथाको प्रेमी र उ प्रेमिका भएर रमाएको कल्पना गर्न थाल्थ्यो । प्रेमको दुँनियामा हराउन थाल्थ्यो। कान फुट्ने कर्कश घण्टीले दुईबजेको क्लास सुरु भएको जानकारी दिँदा हाङलाई नमिठो लाग्थ्यो । अनि उसैगरी चारबजेको अन्तिम घण्टीले चरक्क छाति दु:खाउथ्यो । स्कुल बिदापछि भारी मन लिएर हाङ पुर्ब लाग्थे अनि उनी पश्चिम ।

चाँ चाँ चुँ चुँ कराउदै उडिहिड्नेजंगलका चराहरूको हुललाई गुलेलीले हिर्काउदै हिडिरहदा । जगंली च्याँउ (डाङफाङले) बटुल्दा । खोलामा माछा मार्दा । बन तरुल खन्दै गुल्फा र ठेकिफल खोजिखाँदा । प्रत्येक बिहानीको कलिलो प्रहरमा घाँस काट्दा र दाउरा काट्दा उर्लेका मनभित्रका कुराहरू सब प्रेमका थिए । एक अघोषित कल्पनाका थिए । उनै प्रतिबिम्बका थिए । एकभारी दाउरा थाकमा गन्द्रङ्ग बिसाउदैतात्तातो भात खाएर हत्तारमा स्कुल दगुर्थ्यो हाङ ।

निलो आकाशको चम्किलो पिण्ड । एकभारी जीवन फालिरहेको हरियो चेतना । झन् झन् कठोर बन्दै जान्थ्यो । एक घण्टाको निरन्तर हिडाईमा पसिनै पसिना भएर स्कुल पुग्दा हाङका मनहरू पहिले उसैलाई देख्न आतुर हुन्थे । पश्चिमतिरको बाटोको प्रत्येक हुलहरूमा खोज्थ्यो उसलाई । निलो सर्ट र खैरो स्कर्ट लाएकी स्कुले पोशाकमा सबैभन्दा उसैलाई धेरै सुहाएकी देखिन्थ्यो । हातमा एकभारी किताब च्याँपेर आएकी देखेपछि हाङको मन फुरुङ्ग हुन्थ्यो । क्लासको ढोकाबाट भित्रसम्म नियाल्थ्यो उसलाई । त्यसपछि आफु पनि कलासमा प्रवेश गर्थ्यो ।

वास्तवमा हाङले उसलाई धेरै माया गर्न थालिसकेछ । एकतर्फी मायाले छट्पटिन थालेछ । प्रत्येक बिहानी र साँझहरूमा उसकै याद र बिम्बहरूको झोक्काहरूले निमोट्थ्यो । त्यो गालामा परेको डिम्पल र मुँस्कुराई अनि चम्किलो गोलो आँखाहरूले हाङलाई नै खोजि रहे-झै लाग्थ्यो । बोलाईरहे झैँ देखिन्थे ।

राम्रोसँग नपढे फेल हुने सम्भावना पनि छँदै थियो । सरहरूले पढाएको कुराहरू कहाँ जान्थ्यो कुन्नि । बावा आमाले दिएको अर्ति र उपदेशहरू खै कुन मस्तिष्कमा हराउथ्यो । स्कुलमा ध्यान दिएर राम्रोसँग पढ्नुपर्छ भनेर चिन्तै भएन हाङलाई । लक्ष्य प्राप्तिको लागि एउटा बलियो र दृढ संकल्पहरूले अघि बढ्नुपर्छ भन्ने पनि महसुस नै भएन । पढाईका समयहरूमा उसैलाई सम्झिएर बितायो । उ प्रतिको प्रेमको गहिराईमा डुबेर जीन्दगी प्रेमताल बन्दै गयो । कलिलो मष्तिष्कमा प्रेमकै मात्र बियाँले बिजारोपण गरेछ । बार्षिक परिक्षा आएछ । हाङलाई पत्तै भएन ।

प्रकृतिको सुन्दरता अनि प्रकृतिकै सिर्जना चेतनायुक्त प्राणी मान्छेले देख्ने हजारौ प्रिय बस्तुहरूको मालिक आफै नभएसम्म हरेक सपनाहरू देखिरहन्छ । उ तर्कना र कल्पना गर्छ । सोच र खोजहरूमा हराईरहन्छ । हरेक चीजहरूले आकर्षण र बिकर्षण गराईहन्छ । प्राणी जगतमा चेतना, भावना र संम्बेदना प्रकट गर्ने मान्छेले मान्छेलाई नै प्रेम नगरी बस्न कहाँ सक्छ र ? त्यही प्रेमको कारणले बस्तुहरू

सुन्दर देखिन्छन । प्रकृति मनमोहक देखिन्छ । जुन र ताराहरू चम्किला देखिन्छन् । यो बेला हाङ एउटा बास्तबिकपात्र भएर उसको माया खोजिरहेको थियो । उसैलाई पछ्याईरहेको थियो ।

खेताला पर्म तिर्नु छ । बर्खाको निम्ति दाउरा काट्नु छ । घरबाट कहिले काहि स्कुल नजान आग्रह गर्थे बाबाआमाले । हाङ किन मान्थ्यो र ? स्कुलमा पढाई धेरै छुट्ने र पढाई बिग्रने बहाना बनाएर स्कुल आएकै हुन्थ्यो उ । त्यसो त सातआठ कक्षासम्म पढ्दा हाङ स्कुल जान भन्दा पनि घरमै बस्न मन पराउने मान्छे । स्कुल जाँदा पनि बाटैबाट जगंलतिरै घुमि हिड्ने केटो । कैले साथिहरूसगै त कैले एक्लै हिड्ने हाङ चुथ्रो घारी चाहार्दै, खोलातिर पौडि खेल्दै त कैले अर्काको नासपति आरु मेहेल र काफ्ल चोरी खाँदै भुलि हिड्थ्यो । बेलुकी चारबजे भएपछि स्कुल गए जस्तै गरेर घर फर्कन्थ्यो ।

बिमल प्रतिमान मनीकुमार र उमेशहरूसँग भेट हुँदा भने उ घर फर्कन पनि बिर्सन्थ्यो । आज उ निरन्तर स्कुल जाने भै-सकेको थियो । स्कुलमा एकैदिन पनि हाजिर छुट्याएको थिएन । स्कुलका प्रत्येक दिनहरू पढाई भन्दा प्रेमकै लहर र अनुभुतिमा हराएर हाङ कसैलाई बेसरी मन पराउने प्रेमी भई सकेको थियो । एकतर्फी माया गरेर हिड्ने कुनै फिलिमको पात्र नायक नै भै-सकेको थियो ।

यसरी मनको लड्डु खाँदैमात्र कति दिन हिड्ने ? हाङले एउटा प्रेमपत्र लेख्ने बिचार गऱ्यो । बिडम्बनाः उसको नाम समेत थाहा थिएन हाङलाई । नाम मात्र पत्ता लगाउन हाङलाई दुई महिना लाग्यो । पाँच कक्षाको परिक्षामा प्रधानध्यापकलाई लेखेको चिठ्ठी बाहेक उसले कहिल्यै अरू चिठ्ठी कोरेको थिएन । प्रकाश कोबिदको उपन्यासहरू पढ्यो । गरिमा मधुपर्क युबामञ्च र प्रेमको डायरीहरू पढ्यो । तिनैबाट प्रेमपत्रको ब्याहोराहरू हेरेरहु-बहु त्यहीबाट सारेर एउटा पत्र कोऱ्यो । दोहो-याई तेहे-याइ पढेपछि खामभित्र हालेर चिठ्ठी तयार गऱ्यो । जीवनमा पहिलो प्रेमपत्र कोरेर आफै आनन्दित र तरङगीत हुँदै हाङ ओछ्यानमा पल्टियो ।

बर्खामासको समय । बाहिर पानी पर्दै थियो । पहिलो तल्लाको बरण्डामा सुतेको हाङ झ्यालबाट बाहिर हेर्न थाल्यो । निष्पस्ट अध्यारोमा दररर पानीको आवाज मात्र सुनिन्थ्यो । घरीघरी चट्याङ परेर उज्यालो हुँदा भने घुऱ्यानका धानचमर निस्कन लागेका मकैबारी र पारी खान्द्रोङ डाडा प्रष्ट देख्थ्यो । आफ्नो काकाको टिनको घर टलक्क टल्केको देख्थ्यो । आँखै बिगार्ने त्यो बिजुलीको चमकमा एक सेकेण्ड उज्यालो भएर फेरी निष्पट अध्यारो हुन्थ्यो । भोलि स्कुल पुगेर उसलाई पत्र कसरी दिने भन्ने पीरले मन खेलिरहयो । त्यो रात निदाउनै सकेन हाङ ।

बाटोतिर हिड्दै जाँदा कुनै केटीसँग जम्काभेट हुँदा नै पसिना पसिना हुने हाङ । कसरी बोलोस र पत्र देओस । न उसँग कैले बोलेको होस् ।न हाङले प्रेम गरेको नै उसलाई थाहा होस् । उ स्कुल पुगिसकेको थियो । हाङ अनेक कुराहरू मनमा खेलाउदै हिजो रात लेखेको पत्र उसलाई दिने दाँउहरू हेर्दै बस्यो ।हाङले पत्र दिनै सकेन । त्यतिकै गयो त्यो दिन । हाङ घर फर्कियो । यो क्रम धेरैपल्ट दोहोरियो । तर पत्र दिनै सकेन हाङले । बोक्दा बोक्दा अन्ततः पत्र नै च्याँतिसकेछ । पुनः पत्र खोलेर अर्को खाममा लाएर तयार गऱ्यो । फेरी पनि पत्र दिनै सकेन । कक्षा दशको सेन्टअप परिक्षा सुरु भयो । परिक्षा सकेपछि तस्कुल जानै पाएनहाङ । उ घरमा धेरै छट्पटियो ।

परिक्षाको पहिलो दिन । हाङ धेरै खुशि थियो । मनभरिको रहर र माया बोकेर एस.एल.सी.को फाईनल परिक्षा दिन पुन स्कुल पुगेको थियो उ । उसले कोरेको प्रेमपत्र पनि उसैगरी किताबमा च्याँपिएको थियो । गीता पढिरहेकी थिईन् । परिक्षा भईन्जेल बोकेको पत्र उसलाई हात लाईदिने प्रयास गऱ्यो । क्रम पहिले जसरी नै दोहोरियो । एस.एल.सी. परिक्षा सकियो । हाङले पत्र दिनै सकेन ।हाङको स्कुले जीवन सकियो । गीता पनि टाढा भईन् ।

टाढाबाट हेर्दा जून सुन्दर देखिन्छ। हिमाल चम्किलो देखिन्छ। बनपाखाहरू हरियाली देखिन्छ। सागर निलो देखिन्छ। मस्तिस्कभरी प्रेमको लहर र उमंगले भरिएपछि मान्छे प्रेममा सास फेर्दोरहेछ। प्रेममै जीवनको अर्थ भेट्दोरहेछ। बिनाप्रेमका सब चिजहरू अर्थहिन हुँदा हुँदारहेछन्।

एकदिन फिलिम हलमा टाईटानिक फिल्म हेरिरहेको थियो हाङ। फिल्मको नायिका केट लाई गीता देखिन्। केट भन्दा गीता धेरै राम्री थिईन्। समयले निक्कै कोल्टो फेरिसकेको थियो। हाङले गीता भन्दा राम्री केटी देख्दै देखेन।

छोरा वा छोरी

निर्मला परिवेश राई
बेलायत

छोरा वा छोरी सन्तान असल जन्मिएको राम्रो
छोरा वा छोरी असल सन्तान जन्माउने चाह आमाको राम्रो
असल सन्तान एक पनि लाख हुन्छ, चुम्ने सबै शिखर चुमेर छोड्छ
घुम्ने सबै सन्तान घुमेर छोड्छ, ऊ मान्छे हो मानवताको अर्थ छोडेर मर्छ।

बाह्र छोरा तेह्र नाति बूढाबूढीको शिरानीमा सधैँ आँसु साथी
कमसल सन्तानको सधैँ पिर, चिन्ता
सन्तान भए पनि मनमा हीनता
सुख सन्तुष्टि सन्तानबाट प्राप्त हुन्छ
उज्यालो अँध्यारो भविष्यको सन्तानमै निर्भर गर्छ।

छोरा वा छोरी सन्तान असल जन्मिएको राम्रो
छोरा वा छोरी असल सन्तान जन्माउने चाह आमाको राम्रो
सुसन्तान जन्मिएमा आमासहित माटो
देशमा रोशनी फैलाउँछ
ढकमम्कै फुल्दै फल्दै फेद जरा सम्भन्छ।

गरेर खान

गरेर खान मलाई लाज लाग्दैन
काम गरेँ, नङ्ग्रा खियाएँ भन्न मलाई कुनै डर लाग्दैन
नेपाल आमाकी छोरी म त पौरखी छु भन्न गौरव लाग्छ
गरेर खान मलाई कुनै लाज लाग्दैन।

ढाँटेर, चोरेर खान लाउन नपरोस्
मुखले ठिक्क व्यबहारले दिक्क कसैलाई गर्न नपरोस्
एकबारको यो जुनीमा अरूलाई लुटेर मारेर बाँच्नु नपरोस्
गुणीहरूको घात कहिल्यै गर्न नपरोस्
गरेर खान मलाई लाज लाग्दैन।

काम गरेँ, नङ्ग्रा खियाएँ भन्न मलाई कुनै डर लाग्दैन
नेपाल आमाकी छोरी म त पौरखी छु भन्न गौरव लाग्छ
गरेर खान मलाई कुनै लाज लाग्दैन।

मिहिनेत गरे कहिल्यै दुःख हुँदैन

सीप कला सिकिराखे अरूको आश गर्नुपर्दैन
गरेर हुन्छ सिकेर जानेर कोही जन्मेको हुँदैन
जन्मँदै कोही धनी गरिब हुँदैन ।
कोही सानो ठूलो हुँदैन, सबै आफ्नो कामले हुन्छ,
गरेर खान मलाई लाज लाग्दैन ।
काम गरेँ दुःख गरेँ भन्न मलाई कुनै डर लाग्दैन ।
नेपाल आमाकी छोरी म त पौरखी छु भन्न गौरव
लाग्छ
गरेर खान मलाई कुनै लाज लाग्दैन ॥

म्याडम टुसाडका पुत्लाहरू

–डा. रूपक श्रेष्ठ

रिजेन्ट पार्क र बेकर स्ट्रिटलाई
तपसिलका साक्षी राखेर
अनबरत उभिरहेछ लण्डनको मुटुमा
ब्रिटिश एम्पायारका
खुंखार पुत्लाहरू सँगालेर
युनियन ज्याककी एउटी धरोहर
म्याडम टुसाड ।

म्याडम
सबको पुऱ्याउँछिन रहर
भाउदर तोकेर
बन्दोबस्त प्राइभेट समयमा
रानी र राजकुमारीहरूसँग
राजा र राजकुमारहरूसँग
शक्ति र सम्पतिका टाईकुनहरूसँग
सुन्दर र सुन्दरीहरूसँग
धित मरून्जेल
अँगालो हाल्न
चुम्बन गर्न
टाँसिएर तस्बिर लिन
र, फेसबुकका भित्ताहरूमा सजाएर
आफ्नो कद बढाउन
आ-आफ्ना मनगढण्ते आदर्शका पुत्लाहरूसँग ।

हामीजस्तै लाग्ने केही थान पुत्लाहरू
फरक लाग्छन अरू पुत्लाहरूबाट
अस्वाभाविक लाग्छन ती पुत्लाहरू
अचम्म लाग्छ

ति पुत्लाहरू
अपत्यारिलो गरि
हिड्छन
खान्छन
बोल्छन
अनि
बाली
सुग्रीब
र, हनुमानहरू मात्र हैन
लंगुर
बगाले
एक्ले
वा
चैतेहरू देख्नासाथ
स्वस्ति गर्छन
प्रशस्ति गर्छन
फोटो खिच्छन
र, भित्तामा प्रदर्शन गरेर
आफ्नो कद बढाउँछन ।

सायद पत्याउनुभएन होला
नपत्याए
आफ्नो फेसबुक खोल्नुस
र, हेर्नुस्
कति पुत्लाहरूले

रारात आफ्ना कद बढाईसके होलान
या पग्लिएर पोखिए होलान
दूर्योधनको लाहागृहझै
किनकी
मैनको आफ्नो आकार हुदैन
लाहाको आफ्नो कुनै आदर्श हुदैन ।

|||

गीत

शशी थापा सुब्बा

पानी जस्तै भन्यौ, म तरल भै दिएँ
पवन जस्तै भन्यौ, म सरल भै दिएँ ।
अब आगो नभन, म जल्न सक्दिनँ
तिम्रो इशारामा अब म चल्न सक्दिनँ ।

कहिले छोयौ हात मेरो, कहिले माग्यौ साथ मेरो
दिनहरू बन्धकी भो, उधारो छ रात मेरो
कति छल्नु आफ्नै छायाँ छल्न सक्दिनँ
तिम्रो इशारामा अब म चल्न सक्दिनँ ।

गुराँस थिए टाकुराको, गुलाफ जस्तै फुल्न भन्यौ
भुई कुहिरो म गैरीटारको, बादल सँगै डुल्न भन्यौ
भयो अब अरू आकार बदल्न सक्दिनँ
तिम्रो इशारामा अब, म चल्न सक्दिनँ ।

ooo

कविताहरू राख्ने
उपेन्द्र
मोमिला
बूँद राना
दिक्पाल
श्रवण

नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतका प्रकाशनहरू

कविताः

अनुहारमा लुकाइएका चोटहरू	- काङमाङ नरेश राई
सालिक उभिएर गोर्खाली	- रक्ष राई
....	- नरेश राई, मिजास तेम्बे र अप्जसे कान्छा
अर्थ अवतरण	- मिजास तेम्बे
काँचो मुद्दा	- जगत नवोदित
बिछोड अघिको रात	- विजय हितान
लुङ्मारी मिथक	- मनु लोहोरूङ
अनुभूतिका रङहरू	- मुकेश राई
युद्ध, सहअस्तित्व र सृजना	- दीपा लिम्बु राई
सङ्गिनको मूर्च्छना	- टंक वनेम
थिबिया चराको गीत	- चन्द्र रानाहँछा
ग्रीनविचका प्रतिध्वनिहरू	- सम्पादकः काङमाङ
युद्धमा हराएको प्रेम (नेपाली युद्धकविता)	- सम्पादक : काङमाङ नरेश राई र अप्जसे कान्छा
Reflections Beyond Border	- सम्पादक : काङमाङ नरेश राई र मिजास तेम्बे

गीतः

बाटो खोज्दाखोज्दै	- नरेश नाति
अन्तरमनका तरङ्ग	- निलम आङ्बुहाङ राई
उजागर	- विश्वकाजी राई

मुक्तक :

सोच बेइमानी	- नरेश नाति

कथा :

उन्मुक्त यात्रा	- भावना सुनुवार 'परिष्कृत'
गन्तव्यहीन यात्रीको सपना	- दयाकृष्ण राई

उपन्यासः

युद्ध एम्बुसमा राईफलको सङ्गीत	- गणेश राई
राईफलको मूर्च्छना	- गणेश राई
युद्ध बोकेर सिताङ	- काङमाङ नरेश राई

संस्मरणः

सम्झनाको आलिङ्गनमा बाँधिएर	- दयाकृष्ण राई
पागल दार्शनिकका अभिव्यक्तिहरू	- दयाकृष्ण राई

लोक-संस्कृतिः

खोक्चिलिप्पा (किरात उत्पत्ति कथाहरू) - निराजन बतास

गीति सङ्ग्रहः

रङ्ग जिन्दगीको - मुकेश राई

गीतिएल्बमः

प्रकट - चोक गुरुङ

विचार ⁄ दर्शनः

नवचेतनाग्रह - रक्ष राई र मिजास तेम्बे